# बोध कथा र बौद्ध चरित्र



गौतम बुद्ध बोध कथाको शिक्षा दिनु हुँदै ।

लेखक :

**भिक्षु अश्वघोष**

ध्यानकुटी विहार, बनेपा

Downloaded from http://dhamma.digital

# धर्मकीर्ति प्रकाशन

(नेपाली भाषा)

१. बौद्ध दर्शन
२. पञ्चशील
३. शान्ति
४. नारी हृदय
५. पटाचार स्थविर चरित्र
६. बुद्ध शासनको इतिहास (भाग-१)
७. नेपाली ज्ञानमाला
८. बुद्ध र वहाँको विचार
९. बौद्ध ध्यान
१०. लक्ष्मी (प्र.सं.)
११. उखानको कथा ंग्रह
१२. बौद्ध जगतमा स्वास्थ्य सेवा
१३. वेस्सन्तर जातक
१४. सतिपट्ठान भावना
१५. बौद्ध विश्वास (भाग-१)
१६. बौद्ध विश्वास (भाग-२)
१७. बौद्ध दर्पण
१८. महासतिपट्ठान विपस्सना अन्तर्मुखी ध्यान
१९. सप्त रत्न धन
२०. सफलताको रहस्य
२१. धर्म : एक चिन्तन
२२. मानव महामानव
२३. निरोगी
२४. जातक कथा
२५. प्रज्ञा चक्षु
२६. तथागत हृदय
२७. सतिपट्ठान विपस्सना
२८. बौद्ध प्रश्नोत्तर
२९. परित्राण (प्र.सं.)
३०. बुद्ध पुजा विधि र कक्षा संग्रह (प्र.सं.)
३१. मैले बुझेको बुद्ध धर्म
३२. बुद्धको जीवनी र दर्शन
३३. आमा बाबु र छोराछोरी
३४. स्नेही छोरी
३५. परित्तसुत्त (पाली भाषा)
३६. मति राम्रो भए गति राम्रो हुनेछ
३७. बुद्ध र बुद्ध पछि
३८. "बुद्ध र बुद्ध धर्मको संक्षिप्त परिचय" र बुद्धको जन्मभूमि नेपालमा बुद्ध प्रति असहिष्णुता
३९. अ. धम्मवती
४०. बौद्ध ज्ञान
४१. संक्षिप्त बुद्ध जीवनी
४२. मिलिन्द प्रश्न (भाग-१)
४३. मिलिन्द प्रश्न (भाग-२)
४४. श्रमण नारद
४५. मानव स्वभाव
४६. बुद्ध पूजा विधि र कथा संग्रह (द्वि.सं.)
४७. बौद्ध विश्वास (भाग-३)
४८. बुद्धको अन्तिम यात्रा (प्रथम भाग)
४९. लक्ष्मी (द्वि.सं.)
५०. सम्यक शिक्षा
५१. परित्राण (द्वि.सं.)
५२. धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको २५ वर्ष
५३. बुद्ध पुजा विधि कथा संग्रह र परित्राण
५४. बुद्ध पुजा विधि र परित्राण
५५. बुद्ध पुजा विधि
५६. लक्ष्मी (तृ.सं.)
५७. बुद्धको शिक्षात्मक उपदेश
५८. शान्ति मार्ग
५९. पहिलो गुरु को हुन् ?
६०. क्षान्ति र मैत्री (प्र.सं.)
६१. दान पारमिता
६२. बुद्धको संस्कृति र महत्त्व
६३. बोध कथा र बौद्ध चरित्र

## Dharmakirti Publication
(English)

1. Buddhist Economic and the Modern World
2. Dharmakirti Vihar Today
3. Dharmakirti Vihar
4. "Dharmakirti in Nut Shell"

Downloaded from http://dhamma.digital

# बोध कथा र बौद्ध चरित्र

*लेखक :*
***भिक्षु अश्वघोष***
ध्यानकुटी विहार
बनेपा

*प्रकाशक :*
***धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी***
धर्मकीर्ति विहार
श्रीघः नघः टोल
काठमाडौं, नेपाल ।

Dhamma.Digital
Downloaded from http://dhamma.digital

**प्रकाशकः**

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

धर्मकीर्ति विहार

श्रीघः नघः टोल

काठमाडौं, नेपाल ।

*प्रति : १५००*

*बुद्धसम्वत् २५४५*
*नेपालसम्वत् ११२१*
*इस्वीसम्वत् २००१*
*बिक्रमसम्वत् २०५८*

*टाइप सेटिङ :*
*गोबिन्द च्यूमत, रामकृष्ण मामिछाबे, सुरेन्द्रकुमार राजथला*

*मुद्रक :*
**न्यू नेपाल प्रेस**

*प्रधान कार्यालय :*
नक्साल, नागपोखरी, काठमाडौं
फोन : ४३४८५०, ४३४७५३
फ्याक्स : (९७७-१) ४३३९२९

*शाखा कार्यालय :*
शुक्रपथ, न्यूरोड, काठमाडौं
फोन : २५९०३२, २५९४५०
फ्याक्स : (९७७-१) २५८६७८

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# मेरो आफ्नै भनाई

हालै मात्र मेरो एउटा आँखा अपरेशन भएको थियो । डाक्टरको सल्लाहअनुसार दुइ तीन हप्तासम्म पढ्नु र लेख्नु नहुने रहेछ । तर पढ्नु र लेख्नुविना मलाई दिन बिताउनु त साह्रै गाह्रो काम भयो । अनि मैले एउटा उपाय सोचें- समयको पनि सदुपयोग होस् र पुस्तक पनि तयार होस् भनेर । मैले क्यासेट अगाडि राखिकन प्रवचन शुरु गरें र टेप पनि गर्दै गरें । त्यही टेप मेरै चेला भिक्षु विशुद्धानन्दलाई दिएर सार्न लगाएँ । तीन चार दिनमा नै पाँच छ टेप चक्का सारेर ल्याइ दियो । मलाई खूब आनन्दको अनुभव भयो । हृदयदेखि धन्यवाद दिएँ उसलाई ।

मैले पुस्तकको नाम बोध कथा र बौद्ध चरित्र भनी राखें । हुन त बौद्ध चरित्र भन्दा बुद्ध मार्गीहरूको चरित्र राख्नु राम्रो लाग्छ । यस्मा बुद्धको उपदेश सुनेर बोध भएर हृदय परिवर्तन भएका घटनाहरूको संकलनको रुपमा प्रस्तुत छ । मलाई मनपर्ने कथा र घटनाहरू चुनेर संग्रह गरें ।

बुद्धको मनसाय थियो मानव समाज समतामूलक र शान्तिमय हुन सकोस् । अर्को भाषामा भनुं भने मानिस शुद्ध मानिस बनोस् । तर मानिसहरूको विचार धारा, आकांक्षा थरि थरिका छन् । धेरैजना अज्ञानिहरू छन् । कसैलाई दु:ख मन पर्दैन । तर दु:खको कारण कुन हो थाहा छैन । बुद्धको इच्छा र चाहना थियो फुलवारीमा रातो, पहेंलो, सेतो, हरियो र नीलो आदि रंगीचंगी फूल फुलेका छन् बगैंचाको शोभा बढेको छ ।



Downloaded from http://dhamma.digital

रंगी चंगी फूल फुलेको बगैंचा जसरी रमणीय र शोभायमान छ त्यसरी नै नाना थरिका मानिसहरुको समाज पनि फुलवारी जस्तै शोभायमान र रमणीय होस्। तर अपशोच रमणीय फूलवारीलाई तुफान र हुरी बतास आएर रमाइलो बगैंचालाई हास नाश पारे झैं मानिसको समाजलाई पनि महत्वाकांक्षी र स्वार्थीपूर्ण नराम्रा विचारका मानिसरूपी हुरी आएर मानव समाजरूपी बगैंचालाई छिया छिया पारिदिने गर्छ।

गौतम बुद्धले भन्नु भएको - **पञ्ञावन्तस्सायं धम्मो-** अर्थात प्रज्ञा र विवेकबुद्धि नै (मेरो) धर्म हो। किन यसरी गौतम बुद्धले भन्नुभएको ? शाक्यकुलका देवदत्त नामक युवक भिक्षु बन्न आए। उ शुरुमा राम्रो चरित्र भएको व्यक्ति रहेछ। तर बुद्धि र ज्ञान परिपक्व नभएको कारण उसमा अभिमान र महत्वाकांक्षा बढ्न थाल्यो। त्यसले गर्दा भिक्षु संघमा फूट ल्याईदियो। शान्तिमय भिक्षु संघमा खलबल मच्चिन थाल्यो।

बुद्धले भन्नु भयो- तुफान आएर राम्रो फुलवारीलाई हासनास गरे झैं देवदत्तले भिक्षु भए पनि पदलोलुप र महत्वाकांक्षी भइ तुफान भएर भिक्षु संघमा अशान्त वातावरण ल्याइ दियो। बोध हुने शक्ति लोप भयो। अत: यस पुस्तकमा बोध भएर आफ्नो गल्ति महसूस गरी हृदय परिवर्तन भई शान्ति स्थापना भएको बुद्धकालीन घटनात्मक कथा संग्रह गरेर प्रस्तुत गरें। धेरै कथाहरू आफ्नै मातृ भाषा नेवार भाषाको पुस्तकहरूमा उल्लेख भए पनि प्रसंगवश मैले यस्मा पनि समावेश गरें।

मैले प्रवचन दिने जस्तै गरी टेप गरिएको टेपबाट भिक्षु विशुद्धानन्द (प्राणपुत्र) ले सारिदिएको हुँदा पुस्तक पढ्दा



Downloaded from http://dhamma.digital

खेरी कहीं कहीं भातमा बालुवा आए झैं भाषा अड्किएको महसूस हुन सक्छ । एउटै कुरा दोहरिएको पनि छ यसको लागि क्षमा प्रार्थी छु । दिवंगत बाबुरत्न मानन्धर र हेरादेवी मानन्धरको पुण्य स्मृतिमा उहाँका छोरा छोरीहरूले यस पुस्तक प्रकाशनार्थ आवश्यक आर्थिक सहयोग प्रदान गर्नुभएको छ । पुस्तक प्रकाशन गर्नको लागि दाता बन्नु भएका सपरिवारलाई साधुवाद दिंदै उहाँहरूको स्वास्थ्य लाभको कामना पनि गर्दैछु ।

न्यू नेपाल प्रेसलाई पनि धन्यवाद छ जसले राम्रोसंग समयमै पुस्तक छापिदिनु भएको छ ।

ध्यानकुटी विहार, बनेपा
२० असार २०५८

**भिक्षु अश्वघोष**


Downloaded from http://dhamma.digital

# प्रकाशकीय

पूज्य भिक्षु अश्वघोष महास्थविरद्वारा लिखित यस **"बोध कथा र बौद्ध चरित्र"** पुस्तकमा बुद्ध शिक्षा अध्ययन गरे अनुसार यस शिक्षालाई आ-आफ्नो आचरणमा प्रयोग गरी खराब बानीहरू हटाई बोध हुन सक्षम भएका शिक्षित व्यक्तिहरूको सफल जीवन बारे उल्लेख गरिएको छ। तर आजभोली धेरै जसो मानिसहरूले शिक्षालाई अध्ययन गर्ने विषय मात्र ठानेका देखिन्छन्। यसलाई आफ्नो जीवनमा प्रयोग गर्न सकिराखेको छैन। त्यसैले होला आजभोली धेरैजसो व्यक्तिहरूले आ-आफ्नो दोष महसुस गर्न नसकी बोध हुन सकिराखेको देखिँदैन। फलस्वरूप अर्काको मात्र दोष खोजी एक आपसमा झैझगडा गरी अशान्ति मच्चाइरहने गर्छन्। तर जबसम्म आफ्नो दोष महसुस गरी चरित्र सुधार गर्न सकिंदैन, तबसम्म कोही पनि व्यक्ति शिक्षित र बोध हुन सक्दैन। हाम्रो लक्ष त पहिला आफू बोध भई पछि अरूलाई बोध गर्नु हो। त्यसकारण यस पुस्तक आजभोलीको वातावरणको लागि सान्दर्भिक देखिन्छ।

त्यसैले बढि भन्दा बढि पाठकवर्गहरूले यस पुस्तकमा उल्लेखित आदर्शमय ज्ञानहरूलाई मनन गरी आ-आफ्ना जीवन सफल पार्न सकुन् भनी शुभकामना व्यक्त गर्न चाहन्छु।

स्व. बाबुरत्न मानन्धर र स्व. हेरादेवी मानन्धरको पुण्य स्मृतिमा यस पुस्तक प्रकाशनार्थ उहाँका छोरा छोरीहरूले आवश्यक आर्थिक सहयोग प्रदान गर्नु भएको छ। बुद्धको



Downloaded from http://dhamma.digital

शिक्षामा आधारित यस प्रकारका थुप्रै पुस्तकहरू धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले प्रकाशन गर्न सक्नुको मुख्य कारण नै धर्मकीर्ति विहारका उपासक उपासिकाहरूको तर्फबाट श्रद्धापूर्वक आर्थिक सहयोग प्राप्त भइरहन सकेकोले हो । प्रस्तुत पुस्तक प्रकाशनको लागि श्रद्धापूर्वक आर्थिक सहयोग प्रदान गर्नु भएकोमा दाताहरू सपरिवारको सुस्वास्थ्य कामना पनि गर्दछु ।

***धम्मवती***

*अध्यक्ष*

२० असार २०५८ धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी



Downloaded from http://dhamma.digital

# धर्मदान

पूज्य भिक्षु अश्वघोष महास्थविरद्वारा लिखित **"बोध कथा र बौद्ध चरित्र"** पुस्तक स्वर्गीय हुनु भएका हाम्रा बुबा बाबु रत्न मानन्धर र आमा हेरादेवी मानन्धरको पूण्य स्मृतिमा पाठकवर्गहरूलाई धर्मदान गर्दैछौं ।

धेरैजसो मानिसहरूको प्रमुख कमजोरी आ-आफ्नो दोष (खराब, बानीहरू) लाई महशूस गर्न नसक्नु हो । आजभोली त यो एक सरुवा रोग जस्तै भइसक्यो । सकेसम्म अरूको गुण होइन सानो नै किन नहोस् दोष नै खोतल्न पाए रमाइलो मान्ने वानीले गर्दा परिवार, समाज, देश र संसारमानै एक आपसमा कलह, झैझगडा र अप्रिय घटनाहरू घटिरहेका देखिन्छन् । यसले गर्दा मानसिक सुख गुमाएर धेरैजसो मानिसहरू नर्कतुल्य जीवन विताउन वाध्य भइरहेका छन् । त्यसकारण आजभोली अरूलाई चिन्ने भन्दा पनि आफूले आफैलाई चिन्न सिकाउने विवेक बुद्धि र नैतिक शिक्षाले भरिएको बुद्ध शिक्षाको खाँचो महशूस गरिएको छ ।

त्यसैले बुद्धकालिन समयका बुद्धिमान व्यक्तिहरूले बुद्ध शिक्षा पालन गरी आफूमा रहेका खराब वानीहरूलाई आफैले महशूस गरी कसरी आफुलाई शिक्षित पार्न सफल भए भन्ने घटनाले भरिएको यस ज्ञानवर्द्धक पुस्तक अध्ययन गरी वढि भन्दा वढि पाठक वर्गले आ-आफ्नो जीवन सुखमय बनाउन सफल होस् भन्ने कामना गर्दै यस पुस्तक धर्मदान गर्न पाउँदा हामीलाई खुशी लागेको छ ।

***छोराहरू :***
ज्ञानरत्न मानन्धर
धर्मरत्न मानन्धर
प्रेम रत्न मानन्धर
चैत्य रत्न मानन्धर
राजु मानन्धर

***छोरीहरू :***
विमला मानन्धर
सुमीत्रा मानन्धर
रमीता मानन्धर

Downloaded from http://dhamma.digital



# स्व. बाबु रत्न मानन्धर

*जन्म मिति :*

**वि.सं. १९८८ कार्तिक अष्टमी**

*दिवंगत मिति :*

**वि.सं. २०५१ ज्येष्ठ १६ षष्टि**

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital



# स्व. हेरादेवी मानन्धर

*जन्म मिति :*

**वि.सं. १९८८ असार**

*दिवंगत मिति :*

**२०५७ श्रावण ३० गते ।**

Downloaded from http://dhamma.digital

# विषय-सूचि


| क्र.सं. | विषय | पृष्ठ संख्या |
|---|---|---|
| १. | भिक्षु आनन्दको बौद्ध चरित्र | १ |
| २. | राहुल कुमारको बौद्ध चरित्र | ८ |
| ३. | मार्ग प्रदर्शक बुद्ध | १५ |
| ४. | अनाथपिण्डकको बौद्ध चरित्र र पूर्णिका दासीको बोध कथा | २१ |
| ५. | अज्ञानी भिक्षुहरूको बोध कथा | २९ |
| ६. | राजा अशोकको बोध कथा | ३४ |
| ७. | बुद्ध मार्गी महिलाको चरित्र | ३७ |
| ८. | जीवक वैद्यको बौद्ध चरित्र | ५० |
| ९. | बुद्धकालीन उपासकको बौद्ध चरित्र | ५५ |
| १०. | अबौद्ध चरित्र भएको भिक्षु | ६२ |
| ११. | सारिपुत्र भिक्षुको बौद्ध चरित्र | ६६ |
| १२. | पहिले अज्ञानी पछि ज्ञानी भएका भिक्षुहरू | ७१ |


Downloaded from http://dhamma.digital

# भिक्षु आनन्दको बौद्ध चरित्र

अब म यहाँ देवदत्तको अबौद्ध चरित्र र आनन्दको बौद्ध चरित्र बारे केही भन्न तयार भएको छुं। देवदत्त झिंगा जस्तो छ। झिंगाको काम फोहरमा मात्र बसेर त्यहांबाट विष ल्याएर खानेकुरामा सारिदिएर अहित गर्छ। रोग फैलाउँछ। आनन्द चाहिं मौरीजस्तो छ। फूलको बगैंचामा गएर रस बटुलेर, मह बनाउने कोशिस मौरीले गर्छ।

यी दुईजनाको चरित्र झिंगा र मौरीजस्तो छ। त्यो देवदत्त पदलोलुप-भगवान बुद्धको उत्तराधिकारी बन्न खोज्यो। सुरुसुरुमा उ श्रद्धालु थियो, ज्ञानी थियो। भगवान बुद्धकहाँ आएर भिक्षु बन्यो। विस्तारै उनमा लोभ लालच बढ्न थाल्यो। ईर्ष्या हुन थाल्यो। 'सबैले भगवान बुद्ध र सारिपुत्र मौद्गल्यायनहरूलाई मात्र दान दिन्छन्, सम्मान गर्छन्। मलाई कसैले वास्ता नै गर्दैन।' उसलाई थाहा छैन किन भगवान बुद्धलाई मानिसहरूले मान्ने गर्छन् भनेर।

सारिपुत्र मौद्गल्यायन महास्थविरहरूलाई किन मान्छन्, किन सम्मान गर्छन्? मलाई किन सम्मान नगरेको? उसले आफू अयोग्य व्यक्ति हो भनेर महसूस गरेन। आफू कस्तो व्यक्ति हो, आफू कुन अवस्थामा पुग्यो भनेर चिन्नै सकेन।

उता आनन्द एकदम शान्तपूर्वक बस्ने व्यक्ति हुनुहुन्छ। साह्रै अनुशासित, साह्रै विद्वान अभिमान भनेको पटक्कै नभएको। जब भगवान बुद्ध ५५ वर्ष पुग्नुभयो तव उहाँलाई कमजोरी महसूस भयो। किन ५५ वर्षमै कमजोरी महसूस भएको भगवान बुद्धलाई? सिद्धार्थ कुमारको युवावस्थामा जति शरीर रक्षार्थ खानुपर्ने थियो, त्यति नखाइकन, थोरै खाइकन तपश्या गर्नुभएको थियो। त्यसै कारणले ५५ वर्षको उमेरमा भगवान बुद्धलाई कमजोरी महसूस भयो।

एकदिन भगवान बुद्धले भिक्षुसंघलाई भेला गराउनुभएर



Downloaded from http://dhamma.digital

भन्नुभयो– 'म अब बूढो हुन लागें। मलाई थकाई लाग्छ। संधै मसंग बसेर सेवा गर्ने स्थायी सेवक चाहियो। कसले गर्ने भन्दाखेरि सारिपुत्र महास्थविरले उठेर 'भो भगवान ! धन्दा मान्नुपर्दैन म सेवा गर्छु।' भगवान बुद्धले स्वीकार गर्नुभएन। 'म नभएको, नगएको ठाउँमा सारिपुत्र गएमा म गएझैं हुन्छ। तिमीलाई धेरै काम छ, तिमीले यो काम गर्न सक्दैनौ' भन्दै अस्वीकार गर्नुभयो। मौद्गल्यायन महास्थविरले पनि 'म सेवा गर्छु' भनेर अघि सर्नुभयो। उहाँको अनुरोध पनि भगवान बुद्धले स्वीकार गर्नुभएन। यसै गरी असीति महास्थविर महाश्रावकहरूले अनुरोध गर्नुभयो। तर कसैको पनि अनुरोधलाई भगवान बुद्धले स्वीकार गर्नुभएन।

आनन्द एकजना भने चुपचाप बसिरहनुभएको थियो। अनि भिक्षुसंघले आनन्दलाई - 'ए आनन्द तिमी बहिरा हो कि ? यहाँ के कुरा चलिरहेको छ, के कुरा भइरहेको छ सुनेको छैन ? आँखा पनि अन्धा छ कि ? किन तथागत सम्यक सम्बुद्धको सेवा गर्न चाहदैनौं ?' 'चाहन्छु नि, सेवा गर्न तयार छुँ नि म त। भगवान बुद्धले देख्नुभएमा, उहाँले मलाई योग्य ठान्नुहुन्छ भने स्वयं भन्नुहुनेछ। भगवान बुद्धको सेवक पदवी मागेर लिने पदवी होइन। म माग्न तयार छुइन।' पछि भगवान बुद्धले भन्नुभयो -'हुन्छ आनन्द। तिमीले सेवा गर।' तिमी योग्य छौ, तिमी सेवा गर्न लायक छौ, तिमीमा कर्तव्यपरायणता छ, अनुशासन छ, महान विद्वता छ, स्मरणशक्ति छ, अल्छी छैन, उत्साहित छौ, अप्रमादी छौ।'

गजबको कुरा। अन्य महान अरहन्तहरूले सेवा गर्ने इच्छा प्रकट गर्नुभयो तर भगवान बुद्धले स्वीकार गर्नुभएन। आनन्दलाई स्वयं भन्नुभयो - तिमी योग्य व्यक्ति हौ। तिमीमा मेरो सेवा गर्दा चाहिने सबै गुणहरू छन्।'



Downloaded from http://dhamma.digital

आनन्दले शर्त राख्नुभयो । 'भो भगवान ! म सेवा गर्न तयार छुं। तर मेरा केही शर्तहरू छन्। 'के शर्त छन् ? सेवा गर्न किन शर्त चाहियो ?' 'होइन ! त्यो अत्यावश्क कुरा हो।' 'त्यसो भए भन त।'

'तपाईको सेवक बनिसकेपछि (१) तपाईलाई प्राप्त हुने राम्रा राम्रा चीवर वस्त्रहरू मलाई, दिन पाउनुहुन्न । (२) तपाई जहां निमन्त्रणा जानुहुन्छ त्यहां मलाई लान पाउनुहुन्न । (३) तपाईलाई प्राप्त भएको भोजन आहार खाद्यवस्तु मलाई दिन पाउनुहुन्न । (४) तपाई जहाँ जानुभए पनि, मेरो अनुपस्थित भएको ठाउँमा, तपाईले जे उपदेश दिनुभए पनि त्यो मलाई फेरि दोहराएर भन्नुपर्छ। (५) म तपाईको कोठामा सुत्दिन । सुत भनेर भन्न पाउनुहुन्न । (६) मैले स्वीकार गरेको निमन्त्रणामा तपाई जानुपर्छ । (७) मकहाँ जुनसुकै बेलामा पनि भगवान बुद्धको दर्शनार्थ कोही आएमा म त्यस व्यक्तिलाई तपाईकहाँ ल्याउन पाउनुपर्छ । स्वतन्त्रता हुनुपर्छ, त्यो अधिकार मलाई हुनुपर्छ । (८) मलाई धर्मको कुरामा शंका लागेको खण्डमा जुनसुकै बेलामा पनि तपाईकहां आएर प्रश्न सोध्न सक्ने अधिकार चाहिन्छ। यी आठ शर्तहरू स्वीकार गर्नुहुन्छ भने म सेवक बन्न तयार छुं।'

भगवान बुद्धले फेरि सोध्नुभयो - 'किन आनन्द, यी शर्तहरू राखेको ? "भो भगवान ! तपाईको सेवा गर्दा, तपाइको राम्रो राम्रो चीवर वस्त्र मलाई दिनुभएको खण्डमा मलाई आरोप लगाउँछन् - राम्रा राम्रा लुगा लगाउन पाइन्छ भने कसले सेवा गर्दैन र ? मीठा मीठा खाना खान पाइन्छ भने कसले भगवान बुद्धको सेवा गर्दैन ? भगवान बुद्धको गन्धकुटी (बुद्धको निजी कोठालाई गन्धकुटी भनिन्छ) मा सुत्न पाइन्छ भने किन सेवा नगर्ने ? भगवान बुद्ध जहां गए पनि उहाँसंगै जान पाइन्छ भने कसले सेवा गर्दैन र ?"



Downloaded from http://dhamma.digital

"त्यसैगरी तपाई मेरो अनुपस्थित ठाऊँहरूमा जहाँ जानुभए पनि दिनुभएको उपदेश पछि मलाई सुनाउनुपर्छ किनकि - पछि मलाई सोध्नेछन् फलाना ठाउँमा भगवान बुद्धले के उपदेश दिनुभएको थियो ? त्यसरी सोध्दा म लाटो हुन नपरोस्। त्यसरी प्रश्न गर्दा मैले जवाफ दिन सक्नुपर्छ - फलाना ठाउँमा भगवान बुद्धले यस्तो उपदेश दिनुभएको थियो भनेर। मेरो निमन्त्रणामा भगवान बुद्ध आउनुभएन भने अरुले भन्ने छ - 'भगवान बुद्धको निजी सेवक भएर के फाईदा ? हामीले निमन्त्रणा गर्ने ठाउंमा भगवान बुद्धलाई ल्याउन सक्दैन।' अर्को कुरा, जब शंका लाग्छ तब भगवान बुद्धकहां आएर प्रश्न गर्नु पाउनुको कारण त्यसरी नसोधेमा शंका रहिरहन्छ। त्यसैले अनर्थ हुन्छ। कसैले प्रश्न गर्दाखेरि उत्तर दिन सकेन भने त्यो पनि ठीक हुदैन। कोही आउँछ भगवान बुद्धको दर्शन गर्न पाउँ भनेर। अनि मैले भगवान बुद्धकहां लैजान सकिन भने 'के काम छ त्यसको ? भगवान बुद्धको सेवक भएर भगवान बुद्धकहां लैजान नसक्ने। कति टाढा टाढाबाट आएको भगवान बुद्धको उपदेश सुन्नको लागि। खै ! आनन्दले भगवान बुद्धसम्म लैजान सकेको ?' यसरी नै अपवादबाट बच्नको लागि मैले शर्त राखेको भगवान।"

भगवान बुद्धले भन्नुभयो - 'राम्रो, धेरै राम्रो। धेरै दुरदर्शी ज्ञान भएको व्यक्ति हौ आनन्द। तिमी योग्य छौ। तिम्रो शर्तहरू म स्वीकार गर्छु। ठीक छ। अबदेखि तिमीले मेरो सन्तोषपूर्वक सेवा गर।

त्यस दिनदेखि आनन्दले 'मैले भगवान बुद्धको सेवा गर्ने पदवी पाएँ। त्यसैले अरु केही पनि गर्ने इच्छा छैन। म आफ्नो कर्तब्य पालन गर्छु, चौबीसै घण्टा भगवानको सेवा गर्छु, उहाँलाई कुनै पनि कष्ट नहोस्' भनेर त्यस दिनदेखि ठूलो लट्ठी लिएर रातभरी जेतवन विहार घुम्दै हिंड्नुभयो। कुनै शत्रु आएर भगवानलाई आक्रमण नगरोस्



Downloaded from http://dhamma.digital

भनेर रक्षा गर्न थाल्नुभयो आनन्दले । भगवान बुद्धको सेवा गर्नु नै ठूलो खुशिको कुरा हो भनेर अरहन्त पदवी पनि आशा नगरेर निरन्तर सेवा मात्र गरिरहनुभयो ।

भगवान बुद्धको परिनिर्वाण भयो । तब उहाँलाई केही अपशोच भयो । 'उहाँ भएसम्म मैले अरहन्त पदको लागि कुनै पनि प्रयत्न गरिन । अब प्रयत्न गर्नुपर्‍यो । भिक्षुहरूको समागम हुन्छ । त्यहां सबै अरहन्तहरूले भाग लिन्छन् । मबिना त्यस संगायनको काम नै नहुने रहेछ । मैले जसरी भए पनि अरहन्त अवस्थामा पुग्ने प्रयत्न गर्नुपर्छ' भनेर रातभर नसुतिकन आनापान भावना स्मृति, सचेत जानकारी हुने गरी स्मृति र होशपूर्वक ती दुईटा राखेर खुब प्रयत्न गर्नुभयो । अलिकता थकाई लागेको महसूस भयो । 'अलिक आराम लिउँ' भनेर खाटमा पल्टिदा, टाउको पनि शिरानीमा छुएको थिएन, खुट्टाले पनि खाट छुएको थिएन, त्यस अवस्थामा आनन्द अरहन्त हुनुभयो ।

यो उहाँको बौद्ध चरित्र हो । बुद्धको सेवा म गर्छु भनेर भन्नुभएन । सेवा गरभन्दा शर्त राख्नुभयो । दुरदर्शीता ज्ञानले भविष्यको कुरा सबै थाहा छ उहाँलाई के हुन्छ भनेर । अपवादबाट मुक्त हुनुपर्छ भनेर शर्त राख्नुभयो बुद्ध समक्ष । अर्को बौद्ध चरित्र हो जुन दिनदेखि सेवा गर्छु भनेर अधिष्ठान गर्नुभयो त्यस दिनदेखि राम्ररी सुत्नुभएन । 'भगवान बुद्धलाई कुनै वस्तुको तकलिफ नहोस् । उहाँले बोलाउने बेलामा म उपस्थिति हुन सकोस्' भनेर । यो सेवा भाव हो, शुद्ध सेवाभाव आनन्दको । यही शुद्ध बौद्ध चरित्र हो ।

हामीमा पनि त्यस्तै सेवाभाव हुनुपर्‍यो । कर्तव्य परायण हुनुपर्‍यो । कर्तव्य परायण भएर सेवा गर्न सके गरेको काम, सेवाको फल पाउँछ । सेवा गरेर मेवा पनि पाउँछ । मेवा पाउनको लागि सेवा गर्ने होइन । सेवा गरी सकेपछि मेवा पाए पनि कुनै आपत्ति छैन ।



Downloaded from http://dhamma.digital

आनन्दले सेवा गरेर मेवा खान पाइन्छ भनेर आशा गर्नुभएन। यही हो उहाँमा भएको ठूलो बौद्ध चरित्र। आदर्श लिन लायक छ। सराहनीय छ। अनुकरणीय छ। साह्रै नै सान्दर्भिक छ।

आजकाल पदलोलुप महत्वाकांक्षी भएर पहिले नै अधिकार माग्ने चलन छ। पदवीको लागि लड्ने गर्छ, सेवा गर्नको लागि होइन। सेवा गर्न अग्रसर भएकाहरू पनि पदवी नपाउनासाथ झगडा गर्न सुरु गर्छ। सेवा गर्ने कुरै छैन। धेरै टाढा हुँदै जान्छ। आजकाल पदवीको लागि नै सेवा गर्नेहरू धेरै हुन्छन्।

त्यसैले यो राम्रो चरित्र होइन। बौद्ध चरित्र होइन। आनन्दले जुन किसिमले बुद्धको सेवा गर्नु अठोट गर्नुभयो त्यो शुद्ध बौद्ध चरित्र हो। शुद्ध बौद्ध चरित्र नभएकोले नै आजकाल सबै ठाउँमा कलह झैझगडा बढिरहेको छ भ्रष्टाचार बढिरहेको छ। धेरै अपवाद सुन्नुपर्ने काम गर्छन्। पदवीको लागि नै जीवन अर्पण गरेको हुन्छ। देश सेवाको लागि होइन। आजकालका सांसद मन्त्रीहरू पदवीको लागि, पद पाउनको लागि संघर्ष गर्छन्। देशको सेवा, जनताको सेवाको लागि होइन, आफ्नै सेवाको लागि। जनमुखी होइन आफ्नै परिवारमुखी बन्छन्। त्यसैले शान्ति भइरहेको छैन, अशान्ति भइरहेको छ। यस्तो अराजकताको सन्दर्भमा इमान्दार राष्ट्र सेवकको लागि आनन्दको बौद्ध चरित्र सबैलाई उपयोगी छ, करणीय छ, प्रेरणादायक छ, सराहनीय छ।

## आनन्द र महिला

अर्को आनन्दको आदर्श - बुद्धकालीनमा पनि महिलाहरूलाई पुरुषसरह समान अधिकार पाएको/दिएको थिएन। त्यसैले सिद्धार्थकुमारकी कान्छी आमा प्रजापति गौतमी भिक्षुणी बन्नको लागि भगवान बुद्धकहां जानुभएकी थियो। भगवान बुद्धले- 'गौतमी! हतार नगर हतार नगर भिक्षुणी बन्नको लागि। यो सजिलो काम होइन।' भनेर भगवान बुद्धले अस्वीकार गर्नुभयो।



Downloaded from http://dhamma.digital

तर आनन्द प्रजापति गौतमी रोइरहेकी अवस्थामा पुग्नुभएर 'किन रोइ रहनुभएको ? भनी सोध्नुभयो । 'भिक्षुणी बन्नको लागि आएकी, भगवान बुद्धले आज्ञा दिनुभएन, स्वीकार गर्नु भएन । म साह्रै दु:खीत छु ।' भनेर प्रजापती गौतमीले भनिन् । 'त्यसोभए नरुनोस्, धैर्य गर्नोस् । म भगवान बुद्धकहाँ जान्छु र उहाँलाई सम्झाइदिन्छु ।' भनेर भगवान बुद्धकहाँ जानुभयो । 'भो भगवान । प्रजापती गौतमी, जसले तपाईलाई दूध खुवाएर हुर्काउनुभएकी अहिले यहाँ आउनुभएको छ रोइरहनुभएको छ । भिक्षुणी बन्न चाहन्छिन् रे । भो भगवान ! के आइमाईहरूले मुक्ति पाउन सक्दैनन् ? दु:खबाट मुक्त हुन सक्दैन निर्वाण पाउन सक्दैन्' भनी सोध्नुभयो ।

'सक्छ नी, किन सक्दैन ?' त्यो त सवै गुण छन्, नपाउने त कुरै छैन ।' 'भो शास्ता ! प्रजापती गौतमीलाई किन भिक्षुणी नबनाउनुभएको ?' यस्ता धेरै प्रश्नहरू गर्नुभएर 'भिक्षुणी बन्ने अनुमति दिनुहोस् । भिक्षुणीसंघ स्थापना गर्नुहोस् । आइमाईहरूलाई ठूलो भरोसा हुन्छ । म प्रार्थना गर्छु भो भगवान अरू कुरा नसोच्नुहोस् । आइमाईहरूमा पनि, भिक्षुहरूमा जुन शक्ति छ, दु:खबाट मुक्त हुने निर्वाण पद पाउने, अरहन्त पद पाउने शक्ति, अधिकार छ भने भिक्षुणी किन नबनाउने ? बनाउनुपर्छ ।' भनी कर गरिसकेपछि उहाँले प्रजापती गौतमीलाई भिक्षुणी बनाउनुभयो । त्यसपछि अरु अरुहरू पनि अनाथ अबला महिलाहरू प्रजापती गौतमीको पछि लाग्न सुरु गरे । भिक्षुणीसंघको स्थापना भयो । महिलाहरूलाई समान अधिकार पाउनको लागि आनन्दको प्रयत्न यो सानो कुरा होइन । ठूलो कुरा हो । कहिले पनि बिर्सन नहुने आनन्दको प्रयास । महिलाहरूलाई पनि भिक्षुणी संघमा भित्र्याउने यो साह्रै नै उदार हृदय हो । संकुचित विचार छैन आनन्दमा । एकदम फूका हृदय भएको, समान अधिकारको भावना भएको र त्यसको संघर्षमा सफल हुनुभएको हुनुहुन्छ आनन्द भिक्षु । यो आनन्दको बौद्ध चरित्र बिर्सनु हुँदैन । सँधै स्मरणीय उहाँको बौद्ध चरित्र हो । ●



Downloaded from http://dhamma.digital

# राहुल कुमारको बौद्ध चरित्र

अब म सिद्धार्थ कुमारको छोरा राहुल कुमार अज्ञानी भएको घटना सुनाउँछु। बुद्धको गृहस्थीको छोरा राहुल कुमार। भगवान बुद्ध कपिलवस्तुमा जानुभएको थियो। त्यसबखतमा राहुल कुमार सात वर्षको थियो।

भगवान बुद्ध भिक्षाटनको लागि कपिलवस्तु प्रवेश गर्नुहुँदा यशोधरा देवीले झ्यालबाट हेरिरहनुभएको थियो। त्यसबखत राहुल कुमार पनि सँगै थियो। यशोधरा देवीले राहुल कुमारलाई भन्नुभयो– 'उ त्यो आइरहनुभएको छ नि पहेंलो वस्त्र लगाइरहनु भएको, एकदम राम्रो अनुहारको, शान्त मुनि तिम्रो बुवा हुनुहुन्छ उहाँ। तिम्रो बुबाको थुप्रै सम्पत्ति छ। तिमी गएर अंश लिएर आऊ।'

'ए मेरो बुबा हुनुहुन्छ ? त्यसो भए म जान्छु है आमा।' भनेर राहुल गयो। गएर भगवान बुद्धको औंला समातेर भन्यो– 'तपाईको छायाँ धेरै शितल रहेछ।' भगवान बुद्धले सोध्नुभयो 'तिमी किन आएको ?' 'मेरी आमाले पठाउनुभएको ?' 'किन ?' 'अंश लिएर आऊ भनेर। धेरै सम्पत्ति छ रे।' 'ए अंश लिनको लागि तिम्री आमाले तिमीलाई पठाएकी!' 'हो, बुबा! मलाई अंश दिनुहोस्।' 'हुन्छ, म अंश दिन्छु, जाउँ' भनेर विहारमा उसलाई भन्नुभयो– 'तिमी अंश लिन आएको होइन ?' 'हो बुबा।' अरू त केही पनि छैन। 'यही पहेंलो लुगा मात्र छ। तिमीलाई पनि पहेंलो लुगा लगाइदिन्छु म' भन्नुभएर राहुललाई पनि पहेंलो लुगा लगाइदिनु भएर प्रव्रजित गराउनुभयो।

श्रामणेर भएर बस्दा बस्दै, सात आठ वर्षको राहुललाई पनि अहंकार चढ्यो – 'मेरो बुबालाई भगवान बुद्ध भनेर खुब सम्मान गर्छन्। मेरो बुबा त एकदम ठूलो महापुरुष बन्नुभएको रहेछ। बा



Downloaded from http://dhamma.digital

बुद्ध, म बुद्धको छोरा हुँ' । खुब चञ्चल अवस्था थियो । कुरा गर्दाखेरि ख्याल नै रहेन उसलाई, कस्तो बेला के कुरा गर्नुपर्छ भनेर । अलिअलि नमिलेको कुरा पनि गर्न थाल्यो । सारिपुत्र महास्थविरलाई राहुललाई तालीम गर्ने जिम्मा दिनुभएको थियो । तर आफ्नो गुरुलाई जति सम्मान गर्नुपर्ने त्यति सम्मान गरेन । अनि भगवान बुद्धकहाँ उसको व्यवहार बारे कुरा पुग्यो ।

भिक्षुहरूले भने– "भगवान शास्ता ! राहुल कुमार तपाईको छोरा । तर अभिमान चढ्यो उसमा । कसैको पनि कुरा मान्दैन उ । केही भने कि- 'म को हुँ तिमीहरूलाई थाहा छ ? म भगवान बुद्धको छोरा हुँ' भनेर जवाफ दिन्छ । अरू हामीले केही पनि भन्नु नै हुँदैन । भो भगवान उसलाई सम्झाई दिनुपर्‍यो । नत्र त पछि उसलाई नियन्त्रण गर्नु नै गाह्रो होला । धेरै चञ्चल भएको छ ।'

एकदिन भगवान बुद्धले श्रामणेर राहुललाई बोलाउनुभयो– 'ए राहुल, हिड् डुल्न जाऔं जंगलमा ।' राहुल कुमारलाई हात समातेर जंगलमा लानुभयो । साथमा एउटा पानी भरिएको लोटा पनि लानुभएको थियो । जंगलमा पुग्दा भगवान बुद्धले देखाउनुभयो– 'ए राहुल कुमार यो के हो ?' 'त्यो लोटा हो ।' 'यसमा के छ ?' 'पानीले भरिएको छ ।'

भगवान बुद्धले आधा पानी फालीदिनुभयो । लोटालाई चलाउनुभयो र सोध्नुभयो– 'अहिले के हो ?' 'अहिले पनि लोटा नै हो ।' 'पहिले पानीले भरिएको थियो अहिले आधा पानी छ । तपाईले चलाउनु हुँदाखेरि छप्लाङ्ग छप्लाङ्ग आवाज आउँछ । चञ्चल छ ।' 'ए ! त्यसो हो, तिमीलाई थाहा छ ? ' 'मलाई थाहा छ । उहाँले लोटाको सारा पानी पोखाई दिनुभयो । फेरि राहुल कुमारलाई सोध्नुभयो– 'ए राहुल ! अहिले के छ ?' 'अहिले पनि लोटा नै छ ।'



Downloaded from http://dhamma.digital

'के फरक छ त ?' अघि पानी आधा थियो । अहिले पानी छैन, लोटा खाली छ ।'

'राहुल । पानीले लोटा भरिंदाखेरि लोटा गम्भीर छ । चलाउँदा त्यति आवाज आउँदैन । पानी चल्दैन । अनि आधा पानी फालेर आधा लोटा पानी हुँदा हल्लाउँदाखेरि खुब पानी चल्छ, चञ्चल छ । जम्मै पानी फालीसकेपछि खाली भयो होइन ?'

'त्यसरी नै राहुल झूठा कुरा गर्नु हुँदैन । अभिमान चढ्नु हुँदैन । खाली, खोक्रो हुन्छ । अरूले सम्मान गर्दैन । अरूले पत्याउँदैन । तिमी विश्वासपात्र बन्न सक्दैनौ । अरूले वास्ता गर्दैन । अरूलाई मनपर्दैन ।' भनेर राहुललाई भगवान बुद्धले राहुलोवाद सूत्र उपदेश दिनुभयो ।

उसले महसूस गऱ्यो– 'मलाई जंगलसम्म ल्याउनुभएर सम्झाउनुभएको अवश्य पनि कारण, रहश्य हुनुपर्छ । म चञ्चल थिएँ । म कुरा गर्दा अलिक ताल नमिलेको, बेढंगको कुरा गर्थ्रे । म अभिमानी भएँ । म अटेरी बनें । अरू भिक्षुहरूको, मेरो गुरु सारिपुत्र महास्थविरको कुरा पनि मान्न तयार भईन । भगवान बुद्धले थाहा पाउनुभयो होला मेरो व्यवहार बारेमा । त्यसैले मलाई सम्झाउनु भयो । फेरि अरूको अगाडि पनि सम्झाउनुभएन । एक्लै ल्याएर सम्झाउनुभयो ।

सात, आठ वर्षको भए तापनि गल्ती महसूस गरेर उसले भगवान बुद्धलाई भन्यो– 'भो शास्ता, बुबा, म अज्ञानी भएँ । मैले बुझें । तपाईले यहाँ जंगलमा ल्याउनुभएर यो कुरा किन भन्नुभयो भनेर । किन तपाईले मलाई शिक्षा दिनुभएको भन्ने मैले महसूस गरें । आइन्दा म ज्ञानी हुन्छु । अज्ञानतालाई त्याग्दै जान्छु,



Downloaded from http://dhamma.digital

भोलिदेखि । अब तपाई नै भन्नुहोस्, विहारमा बस्दा विहानदेखि बेलुकीसम्म के गर्नुपर्छ ?'

भगवान बुद्धले भन्नुभयो– 'अरू त धेरै कुरा छैन । तिमी विहानै उठ्नुपर्छ । विहानै उठेर विहार सफासुग्घर गर्नुपर्छ । कूचो लगाउनुपर्छ । पानी पनि ल्याएर राख्नुपर्छ । चर्पी पनि सफासुग्घर गर्नुपर्छ । गुरुहरूको पनि सम्मान गर्नुपर्छ । आफूभन्दा जेठा भिक्षुहरूको आज्ञा मान्नुपर्छ । मान सम्मान गर्नुपर्छ । घमण्डी हुनु हुन्दैन । म भगवान बुद्धको छोरा हुँ भनेर तिमीमा घमण्ड चढेको छ । त्यस्तो गर्नु हुँदैन ।'

'भो भगवान ! तपाईको आज्ञा म शिरोपर गर्छु । भोलिदेखि म ज्ञानी हुन्छ' भनेर भोलिपल्टदेखि नै विहानै उठेर कूचो लगाउने, पानी भरेर राख्ने, गुरुहरूको सम्मान सेवा गर्ने, कर्तब्य पुरा गर्न थाल्यो । खुब ज्ञानी भयो ।

अरू त्यस्तै स-साना श्रामणेरहरू पनि छन् । भिक्षुत्व प्राप्तिको लागि तयार भएका श्रामणेरहरू हुन्छन् । बीस वर्ष नपुगेसम्म श्रामणेर बन्नुपर्छ । भिक्षुत्व प्राप्त गर्न सक्दैन । राहुल कुमारले बिहानै उठेर बढारकुँढार आदि गरेको कारणले गर्दा अन्य श्रामणेहरूले काम गर्न छाडे । 'छ नि त्यो राहुल कुमार' भनेर मस्तसंग अबेरसम्म सुत्ने गर्न थाले ।

यो खबर पनि भगवान बुद्धकहाँ पुग्यो । भगवान बुद्धले सबै श्रामणेरहरू बोलाएर भन्नुभयो– 'ए, तिमीहरू कसरी अल्छी बनेका हौं ? हेर त राहुल कुमार ! बिहानै उठेर कूचो लगाउने, पानी ल्याउने, सफा सुग्घर गर्ने । अरू गुरुहरूमा, आफूभन्दा जेठाहरूमा आदर-सम्मान गर्ने काम सबै गर्छ । किन अबेरसम्म सुतिरहने । त्यो बानी ठीक छैन । उ राहुल कुमार कती ज्ञानी छ । विहानै उठेर गर्नुपर्ने जम्मै



Downloaded from http://dhamma.digital

काम गर्छ । तिमीहरू कसरी बिग्रेको' भन्दाखेरि ती स-साना श्रामणेर हरूले– 'भगवान बुद्ध पनि पक्षपाती रहेछ । आफ्नो छोराको मात्र प्रशंसा गर्नुहुन्छ । त्यो राहुल कुमारले गर्दा भगवान बुद्धले हामीलाई गाली गर्नुहुन्छ ।'

अन्य श्रामणेरहरूले राहुलको आदर्श सिक्नुभन्दा झन ईर्श्या डाहा मात्र गरे । भगवान बुद्धले भन्नुभएको ठीक हो भनेर स्वीकार नगरी 'पखलास, खुट्टा पक्रेर पछार्छु' भनेझैं गल्ती मात्र खोज्नेतिर लागे । तर कुनै पनि गल्ती खोज्न सकेनन् । उनीहरू आफै हैरान हुनुपऱ्यो । त्यसपछि षड्यन्त्र बनायो ।

एकदिन राहुल कुमार बिहानै उठेर जम्मै काम सिध्याएर फेरि सुत्न गएछ, थकाई लागेछ क्यार । अन्य श्रामणेरहरू उठेर आउँदाखेरी राहुल कुमार देखेनन् । बिस्तारै गएर राहुल कुमारको कोठामा गएर हेर्न जाँदा उ सुतिरहेको देखे । 'हो बल्ल ठीक भयो । आज बाहिरको पनि धूलोहरू ल्याएर छरिदिने । अहिलेसम्म सुतिरहेको छ । कूचो-सूचो लाएको छैन भनेर भगवान बुद्धकहाँ गएर भन्ने भनी योजना बनायो ।

ती दुष्मती, अशिष्ट श्रामणेरहरू पछि भगवान बुद्धकहाँ गएर भन्न लागे– 'तपाई जहिले पनि आफ्नो छोरा राहुल कुमारको खुब गुनगान गर्नुहुन्छ । बिहानै उठ्छ, सबै काम गर्छ, कस्तो ज्ञानी छ । उसबाट प्रेरणा लिनुपर्छ । खै आज अहिलेसम्म उठेर आएकै छैन । सुतिरहेको छ । बढारेको पनि छैन उसले ।'

भगवान बुद्धलाई थाहा छ थिनीहरू ईर्श्यालु भएर कुनियतले यहाँ आएको भन्नको लागि भनेर । थाहा हुँदाहुँदै पनि थाहा नपाएझैं गरी प्रश्न सोधेर समस्या समाधान गर्ने बानी रहेछ भगवान बुद्धको ।



Downloaded from http://dhamma.digital

त्यसैले यस घटनामा पनि राहुल कुमारलाई बोलाएर सोध्ने विचार गर्नुभई राहुल कुमारलाई बोलाउन पठाउनुभयो ।

ती श्रामणेरहरू मक्ख भो 'अब बल्ल भगवान बुद्धले राहुल कुमारलाई गाली दिनुहुन्छ भनेर । त्यहाँ पुगेर 'हे राहुल कुमार ! तिमीलाई बोलाएको छ भगवान बुद्धले । उठ ।' भन्न पुगे । उठेर भगवान बुद्धकहाँ पुग्दा राहुललाई भगवान बुद्धले सोध्नुभयो– 'हे राहुल ! आज तिमीलाई के भयो ? कपाल दुख्यो कि ? सञ्चो छैन कि ? किन अहिलेसम्म नउठेको ?' 'किन, भगवान ?' 'त्यहाँ कूचो लगाएको छैन रे । त्यहाँ कोठामा, आँगनमा चारैतिर धूलैधूलो छ रे । फोहर छ रे ।'

राहुल कुमार हेर्न गयो । नभन्दै चारैतिर जहींतहीं धूलैधूलो छ । उसले थाहा पाइहाल्यो– यो सारा काम साथीहरूको हो । कुनियतले उनीहरूले गरेको हो ।' 'भैगो' भन्दै कूचो लिएर जम्मै सफा गरेर आफ्नो कोठामा गयो । केही पनि बोलेन, चुपचाप रह्यो । 'मैले विहानै उठेर बढारिसकें' भनेर केही पनि गुनासो गरेन झगडा गरेन । त्यहाँ झगडा गर्ने कारण छ । 'मैले अघि नै सफा गरिसकें, पानी पनि राखिसकें । तिमीहरूले नै धूलो थुपारेका हौ' भन्न सक्थ्यो ।

तर मूर्खहरूसित के कुरा गर्ने भनेर केही पनि नभनेर काम सकेर चुपचाप कोठामा गई बस्यो । त्यो घटना देखेर ती श्रामणेरहरूले विचार गरे– 'यो राहुल कुमार बिचित्रको रहेछ । हामीसित झगडा गर्न आएन नि । जम्मै सफा गरेर खुरूक्क कोठामा गएर बस्यो । भएन, अब किन ईर्ष्या गरेर उसित निहु खोज्ने । अब हामी पनि ज्ञानी हुने । भोलिदेखि विहानै उठेर हामी पनि कूचो लगाउने, सफासुग्घर गर्ने, पानी ल्याउने जम्मै काम गर्ने' भनेर हृदय बदलियो । मन बदलियो । अज्ञानीहरू एकदमै ज्ञानी भए ।



Downloaded from http://dhamma.digital

राहुल कुमार पनि पहिले अज्ञानी थियो । पछि भगवान बुद्धको उपदेश सुनेर गल्ती महसूस गरी ज्ञानी भएको हो । जुन सानो वा साधारण कुरा होइन ।

राहुल कुमार अज्ञानीबाट ज्ञानी भएर नै उसको आदर्शले गर्दा अन्य श्रामणेरहरू पनि ज्ञानी भए । यही नै हो शिक्षा दिनु भनेको जुन साह्रै महत्वपूर्ण छ ।

त्यसैले यस्ता बोध भएका कथाहरू मात्र भएको संकलन गरेर यो किताब लेखें । यो काम लाग्ने कुरा हो । बोध भएको शिक्षाबाट बोध हुनुपर्छ । खाली कथा पढ्ने तर शिक्षा लिने काम भने टाढै कै कुरा भएको छ आजकाल । खुब पढ्छन्, खुब सुन्छन् तर शिक्षा लिन हिचकिचाउँछन्, कता हो कता । यो कस्तो वातावरण आएको ? कस्तो जमाना आएको ? यो धेरै अध्ययन गर्न लायकको छ । ●



Downloaded from http://dhamma.digital

# मार्ग प्रदर्शक बुद्ध

भगवान बुद्ध मार्गदर्शक मात्र हुनुहुन्छ । एकदिन भगवान बुद्धकहाँ ठूला विद्वानहरू आएका थिए । उनीहरूले भगवान बुद्धसंग प्रश्न गरेका थिए– 'तपाईको धेरै शिष्य भिक्षुहरू छन् । शिष्यहरूमा, भिक्षुहरूमा धेरैजसो अनुशासित, आचरण राम्रो भएका पनि छन् । कुनै कुनै भिक्षुहरू अनुशासनहीन, आचारणहीन, बेढंग आचरणका पनि छन् । किन यस्तो भएको हो ? सबैलाई किन तपाईले तालीम दिनुभएन ? अनुशासित बनाउनु भएन किन ?'

भगवान बुद्धले भन्नुभयो– 'मेरो काम बाटो देखाउनु मात्र हो, राम्रो शिक्षा दिने मात्र हो । उनीहरूले राम्रोसंग, ध्यान दिएर, शिक्षा हासिल गरेर, आचरण गर्नु नगर्नु उनीहरूकै हातमा छ । शुद्ध हुनु र अशुद्ध हुनु आफ्नै हातमा छ । कसैले कसैलाई शुद्ध गर्न जिम्मा लिन सक्दैन ।' भगवान बुद्धले सोध्नुभयो उनीहरूसित 'तपाईहरू कहाँबाट आउनुभएको ?'

'राजगृहबाट हामीहरू आएका हौं । 'तपाईसित कसैकसैले राजगृह जाने बाटो सोधेका छन् ?' 'छ, थुप्रै मानिसहरूले राजगृह जाने बाटो सोधेका छन् ।' के त ती सोध्नेहरू सबै राजगृहमा पुग्छन् त ?' 'त्यो त हामीहरूले देखाएको बाटोअनुसार गएमा पुग्छ । हामीले देखाएको बाटोअनुसार गएन भने पुग्दैन । अन्तै पुग्छ ।'

'त्यस्तै महानुभावहरू ! मैले पनि निर्वाण जाने, दुःखबाट मुक्त हुने बाटो देखाइदिएको छुँ । मैले देखाएको बाटोमा हिंडेको खण्डमा उनीहरू दुःखबाट मुक्त हुन्छन्, निर्वाण पथमा पुग्दछन् । जसजसले मैले देखाएको बाटोअनुसार, मैले दिएको उपदेशअनुसार आचरण गरेन भने उनीहरू त्यहाँ पुग्दैनन् । अनुशासित हुँदैनन्, रहन-सहन



Downloaded from http://dhamma.digital

आचरण राम्रो हुँदैन भने यसमा मेरो दोष छैन। उनीहरूकै दोष हो।

शुद्ध हुने र अशुद्ध हुने आफ्नै मनको कुरा हो। आफ्नै हातको खेल हो। मन, दिलैदेखि आफैले नै महशुस गरेर शिक्षा हासिल गरेको खण्डमा, शिक्षा हासिल गरेअनुसार आचरण गरेको खण्डमा उनीहरू शिक्षित हुन्छन्। अनुशासित हुन सक्छन्। अन्यथा हुन सक्दैन।

यस कुराले के थाहा हुन्छ भने भगवान बुद्ध मार्गप्रदर्शक मात्र हुनुहुन्छ। उहाँले बाटो देखाउनुहुन्छ। त्यो बाटोमा जानु नजानु उनीहरूको खुशी हो। यो साह्रै राम्रो कुरा हो। भगवान बुद्धको शिक्षा राम्ररी ध्यान दिएर अध्ययन गरेको खण्डमा हामीलाई ज्ञानलाभ हुन्छ। अन्यथा ज्ञानलाभ हुँदैन।

यसै प्रसंगमा म अर्को कथा भन्न चाहन्छु। महाकाश्यप महास्थविरको दुईजना नवयुवक शिष्य भिक्षुहरू छन्। उनीहरू बाल्यकालदेखि नै अति नै मिलेको, मिलनसार, नङ्ग र मासुजस्तै घनिष्ट सम्बन्ध भएको साथहिरू थिए। दुबैले समय समयमा भगवान बुद्धले कथा भन्नुभएको ठाउँमा जाने गर्दथे। दुबै जनाले कुरा गरे– 'हामी पनि भिक्षु बन्न जाऔं। अनी राम्रोसंग धर्माचरण गर्न सकिन्छ। हामी गृहस्थाश्रममा बसेर भगवान बुद्धको धर्म आचरण गर्नु सजिलो छैन। जाउँ हामी दुबै भिक्षु बन्न।'

भिक्षु बन्न जाँदा भगवान बुद्धले महाकाश्यप महास्थविरलाई जिम्मा दिनुभयो, उहाँले जिम्मा लिनुभएर प्रव्रजित गर्नुभयो। उहाँका चेलाहरू बने। उनीहरू पहिला अति नै मिल्ने साथीहरू प्रव्रजित भएर चीवर धारण गरेपछि विचारमा भेद आउन थाल्यो, स्वभाव पनि फरक हुन थाल्यो। एकजना खुब अल्छी बन्न पुग्यो भने अर्को अप्रमादी (होशियार) भएर खुब सजग, सतर्क भएर आफूले गर्नुपर्ने काम समय मै गरिहाल्ने बानी बसाल्यो।



Downloaded from http://dhamma.digital

महाकाश्यप महास्थविरलाई विहान नुहाउनको लागि पानी तताएर दिनुपर्दोरहेछ । एकजनाले पानी तताएर दिने गर्छ । रातदिन उसले आफूले गर्ने काम समय मै गर्न थाल्यो । अर्को चाहिं मेरो साथीले गरिहाल्छ मैले किन गर्ने भनेर अल्छी भएर चुपचाप बस्न थाल्यो । फेरि आफूले काम नगरिकन नै जश पाउने इच्छा गर्दथ्यो । पहिलो शिष्यले विहान उठेर पानी तताईसकेपछि दोश्रो शिष्य महाकाश्यपकहाँ गएर 'भन्ते, पानी ताती सक्यो नुहाउन आउनोस्' भनेर भन्थ्यो ।

'यसरी आफूले काम नगरे तापनि आफूले नै गरेझैं गरी जश पाउने कोशिस गर्ने बानी कसरी बिग्रियो ? हुन त मैले गरे पनि उसले गर्‍यो भनेर भन्दा खास केही फरक त पर्दैन । तर उसको बानी भने दिनका दिन बिग्रदै गइरहेछ । यो राम्रो शील आचरण होइन । यसले उसको चित्त झन झन अशुद्ध हुँदै जान्छ । दुःखमुक्त हुन सक्दैन । त्यसैले उसलाई सुधार्नुपर्छ' भनेर पहिलो शिष्यले आफ्नो अल्छी साथीलाई 'साथी हामी दुईजना बाल्यकालदेखि मिलेको, एउटै विचारधाराका थियौं । अहिले भिक्षु बनेपछि, विचार-धारा फरक भयो नि ! तिमीले आफूले काम नगरिकन आफैले गरेझैं गरी जश लिन खोज्छौ । यो त धर्माचरण भएन । धर्मानुकूल भएन । यो राम्रो काम होइन । यसले चित्त शुद्ध हुँदैन । त्यसैले आचरण राम्रो हुनुपर्‍यो । आफूले पनि गर्नुपर्ने कर्तव्य पालन गर्नुपर्‍यो । अनि मात्र आध्यात्मिक उन्नति हुन सक्छ । नत्र त हुँदैन । यस्तो ठग्ने काम गर्नु भएन । मिल्दैन यो पहेंलो वस्त्रमा' भनेर सम्झाउन थाल्यो ।

तर उसले साथीको कुरा सुनेर शिक्षा लिएन । उ अटेरी नै बन्यो । संधै आफ्नो साथीले गरेको कामलाई आफैंले गरेझैं भन्ने बानी छुटाएन । जश लिने इच्छा छुटाएन ।



Downloaded from http://dhamma.digital

अर्को साथीको भने अल्छी साथीलाई जसरी भए पनि सुधार्नुपर्‍यो भन्ने विचारले एकदिन पानी तताउँदा कम पानी राखेर पानी ततायो । पानी छिट्टै तात्न थाल्यो । दोश्रोले हेरिरहृयो– 'अब पानी तातियो, म गुरुकहाँ गएर भनिदिन्छु' भनेर भन्न गयो । 'भो गुरु ! पानी ताती सक्यो, नुहाउन आउनोस् ।'

महाकाश्यप भन्ते नुहाउनु तयार हुनुभएर जानुहुँदाखेरि पानी अलिकता मात्रै देख्नुभयो । महाकाश्यपले दोश्रो शिष्यलाई बोलाएर 'तिमीले पानी ताती सक्यो भनेको होइन' भनी सोध्नुभयो । शिष्य आएर हेर्दछ त पानी अलिकता मात्र छ । 'त्यसले मलाई ठगेछ, अलिकता मात्र पानी तताएछ' भनी भन्दा महाकाश्यप भन्तेले सोध्नुभयो– 'के तिमीले पानी तताएको होइनौ नी त ?' 'होइन उसले तताएको ।' 'त्यसोभए आफैले पानी नतताइकन, नजानिकन, मकहाँ आएर किन भन्न आएको ?' अर्को शिष्यलाई पनि बोलाउनुभएर सोध्नुभयो– 'यो के भएको ?'

'हो, भन्ते ! पहिला हामी दुईजना खुब मिलेको साथी, विचारधारा मिलेको । तर प्रव्रजित भएर पहेंलो लुगा लाएपछि उसको विचारधारा फरक भयो । आचरण फरक भयो । आफूले काम नगरिकन, जश पाउने मात्र काम गर्छ । काम केही पनि गर्दैन अल्छी बनेर बस्छ । मैले धेरैपल्ट सम्झाउने कोशिस गरें । तर उ अटेरी भएर बस्यो । मेरो साथीको व्यवहार, स्वभाव सुधार्नुपर्‍यो भनेर मैले उसलाई शिक्षा दिनको लागि यस्तो काम गरेको हुँ' भनेर भन्यो ।

अनि महाकाश्यप महास्थविरले त्यो अल्छि भिक्षुलाई भन्नुभयो– 'यो त धेरै नराम्रो कुरा सुन्नुपर्‍यो नि । पहेंलो लुगा लगाएर यस्तो नभएको, नमिलेको काम गर्नु भएन । यो शोभा दिंदैन । अरूले गरेको काम आफूले गरेको झैं गर्ने । काम नगरिकन जश पाउने इच्छा गर्ने । यो ठीक काम होइन, राम्रो स्वभाव होइन । यसलाई सुधार्नुपर्छ ।'



Downloaded from http://dhamma.digital

त्यो भिक्षु यति सुनेर सार्है रिशायो। 'उसको कारणले मलाई गाली दिनुभयो' भनी विचार गर्‍यो। शिक्षा लिएन। मेरो आचारण नराम्रो भएकोले मलाई गुरुजीले अर्ति दिनुभएको, गाली गर्नुभएको भनेर विचार गरेन, महसूस गरेन। रिशाएर भोलिपल्ट भिक्षाटनमा जानुपर्नेमा उ भिक्षाटनमा गएन।

उ एक्लै महाकाश्यप भन्तेको दाताको घरमा गएर झूठो कुरा बोल्यो– 'मेरो गुरुजी अलिक सञ्चो हुनुहुन्न। अलिक पच्न सक्ने मीठो, नरम खाना लिन पठाउनुभएको, त्यसैले उहाँको लागि खाना दिनोस्' भनेर मागेर पछि आफैले नै खायो। भोलिपल्ट महाकाश्यप भन्ते दाताको घरमा जानुभयो। दाताहरू, उपासक उपासिकाहरूले सोधे– 'तपाई सञ्चो छैन भनेको अहिले ठीक हुनुभयो ? 'किन ? के भएको छ र मलाई' भनी सोध्नुभयो। 'हिजो तपाईको शिष्य आएर तपाई सञ्चो हुनुहुन्न, अलिक नरम, मीठो खाना मगाउनुभएको छ भनेर भन्दा हामीले मीठो-मीठो खाना पचाउन सकिने खाना तयार गरी पठाइदिएका थियौं।'

यति सुन्नुभएर महाकाश्यप भन्ते चुप लाग्नुभयो। 'यो मेरो चेलाले नराम्रो काम गर्‍यो भनी त्यस भिक्षुलाई बोलाउनुभएर भन्नुभयो– 'हे, तिमीले यो के गरेको ? धेरै नै नसुहाउने काम गर्‍यौं नि। म सञ्चै थिएँ। सञ्चो छैन भनेर मेरो दाताकहाँ गएर भन्यौं। खाना पनि मीठो-मीठो, नरम खालको, खाना ल्याएर आफैले खायौ। यो त धेरै नराम्रो काम भयो नि। जानाजान झूठो कुरा बोल्यौ।

यति सुनेर उ झन रिशायो। भोलिपल्ट महाकाश्यप भन्ते र साथी भिक्षु भिक्षाटनको लागि जानुभयो। उसलाई भन्दा 'म भिक्षाटनको लागि नजाने' भनेर चुपचाप बस्यो।

महाकाश्यप भन्ते र पहिलो शिष्य भिक्षु भिक्षाटन जान



Downloaded from http://dhamma.digital

लाग्नुभयो । महाकाश्यप भन्तेले अल्छी भिक्षुलाई पनि भिक्षाटन जानको लागि भन्नुभयो तर उ मानेन । उहाँहरू जानुभएपछि त्यस अल्छी भिक्षुले बदला लिन कुटीमा आगो लगाएर भाग्यो । महाकाश्यप भन्तेहरू भिक्षाटनबाट फर्केर आउँदा कुटीहरू सबै खरानी भइसकेको थियो । उहाँलाई संवेग उत्पन्न भयो । यो खवर भगवान बुद्धकहाँ पुऱ्याउनुभयो । तब भगवान बुद्धले भन्नुभयो– 'आफूभन्दा ज्ञानी, गुणी साथी छ भने संगै बस्नु ठीक छ । आफूसमान पाएसम्म पनि बस्न ठीक छ । तर आफूभन्दा हीन, अज्ञानी साथी पाएमा बस्न ठीक छैन, मूर्खहरूसंग बस्नुभन्दा एक्लै बस्नु ठीक छ ।' संसारको स्वाभाव बिचित्रको छ । मूर्खलाई सम्झाउन गाऱ्हो हुन्छ ।

भगवान बुद्धले धम्मपदमा पनि भन्नुभएको छ– **न परेसं विलोमानी न परेसं कताकतं, अत्तनोव अवेक्खेय्य कतानी अकतानी च ।** अर्थात् अर्काको दोष, त्रुटीहरू खोजिहिंड्नुभन्दा आफूले के गरेको छ के गरेको छैन भनी जान्नु वेश हुन्छ ।

यस उपदेश र घटनाक्रमले के शिक्षा दिन्छ भने मानिस हेरी परिस्थिति हेरी व्यवहार गर्नसक्नुपर्छ । किनकि अन्यत्र स्थानमा र घटनामा आफूसंग बस्नेहरूसंग मैत्रीभावले बस्नुपर्छ भन्नुभएको छ भने यहाँ मूर्खसंगत गर्नुभन्दा एक्लै बस्नु बेश भन्नुभयो । किनकि मूर्खलाई सम्झाउनु बुझाउनु गाऱ्हो हुन्छ र उसंग मैत्रीभाव गरेर बस्न पनि सकिंदैन । त्यसैले हामीले बुझ्नुपर्छ कि सम्झिनेलाई सम्झाउनुपर्छ, दण्डदिनुपर्नेलाई दण्ड दिनुपर्छ । अर्थात् मानिसको व्यवहार अनुसार व्यवहार गर्न पनि जान्नुपर्छ ।

सब्ब भवतु मंगलं ॥



Downloaded from http://dhamma.digital

# अनाथपिण्डकको बौद्ध चरित्र र पूर्णिकादासीको बोधकथा

बौद्ध साहित्यमा अनाथपिण्डिकको स्थान उच्च छ । किनकि बुद्धप्रमुख भिक्षुसंघको बसोबासको लागि ५४ करोड खर्च गरेर जेतवन विहार बनाउनुभएको थियो । अनाथपिण्डिकको पहिले आमाबाबुले राखेको नाम सुदत्त हो । पछि उहाँले अनाथ गरीबहरूको लागि पिण्ड (भोजन) दान दिनुभएको कारणले उहाँको अनाथपिण्डिक नाम रहनगएको हो ।

भगवान बुद्धलाई विहार बनाएर दान दिने उहाँको इच्छा भयो । आफूसँग धेरै जग्गा भए तापनि विहार बनाउनको लागि अनुकूल जग्गा थिएन । विहार बनाउने भनेको शहर नजिक पनि हुँदैन, धेरै टाढा पनि हुँदैन । अनकूल स्थानमा विहार बनाउने भन्ने उहाँको इच्छा थियो ।

विहार बनाउनको लागि जेत राजकुमारको बगैंचा किन्नुभयो । किनेर त्यहीं विहार बनाई दिनुभयो । विहार बनाई सकेपछि जेतवन विहार भनेर नै नाम राख्नुभयो । जग्गा मालिकको नाममा नै नाम राख्नुभयो । यहाँदेखि नै उहाँको बौद्ध चरित्र शुरू हुन्छ । अरू अरूले जग्गा किनेर विहार बनाउँदा खेरि आफ्नो नाउँ राख्ने गर्दछन् । अनाथपिण्डिक महाजनले त्यसो नगरी जेत कुमारको नाउँमा नै विहारको नाम राख्नुभयो जेतवन भनेर ।

हुन त पालि साहित्यमा– **एवं मे सुतं, एकं समयं भगवा सावत्थियं विहरति जेतवने अनाथपिण्डिकस्स आरामे** - उल्लेख गरिएको छ । संगायना गर्दा आनन्द भन्तेसंग भगवान बुद्धले



Downloaded from http://dhamma.digital

दिनुभएको उपदेश बारे सोद्धा उहाँले– यस्तो मैले सुने एक समय भगवान श्रावस्थीमा बस्नु हुँदा अनाथपिण्डिकको आराम (आश्रम) जेतवनमा– भनी भन्नुभए अनुसार पालि साहित्यमा उल्लेख गरिएको हो । अनाथपिण्डिकको आराम भनेर अनाथपिण्डिकले राख्नुभएको नाम होइन । संगायना गर्दाखेरि भिक्षुहरूले नै राख्नुभएको नाउँ हो ।

उहाँले विहार बनाउनुभएर भगवान बुद्धप्रमुख भिक्षुसंघलाई दान दिनुभयो । अनी भगवान बुद्ध त्यहाँ बस्न थाल्नुभयो । भगवान बुद्ध संधै त्यहाँ बस्नुभएन । उहाँ वर्षको तीन महिना वर्षावास अवधीमा मात्र बस्नुहुन्थ्यो । मतलव आषाढ पूर्णिमादेखि असोज पूर्णिमासम्म तीन महिनामात्र बस्नुहुन्थ्यो । अन्य समयमा धर्मप्रचार गर्नुहुन्थ्यो । गाउँ-गाउँमा, बस्ती-बस्तिमा, शहर-शहरमा जिल्ला जिल्लामा उहाँ जानुहुन्थ्यो ।

वर्षावास तीन महिना सिद्धिसकेपछि भगवान बुद्धले भन्नुभयो– 'अब म धर्मप्रचारार्थ जाँदैछु ।' अनाथपिण्डिक महाजनले प्रार्थना गर्नुभयो– 'भो भगवान ! तपाई विहारमा नबसिकन बाहिर जानुहुन्छ भने मैले बनाएको जेतवन विहारको के शोभा भयो र ? यो त पंक्षी नभएको पिंजराजस्तै भयो नि, भगवान । तपाई नजानोस् यहीं बस्नोस् । मैले सबै आवश्यक पदार्थहरू, चतुप्रत्यय (आहार, लुगा, वासस्थान र औषधि) प्रबन्ध गरिदिन्छु । भो, भगवान मेरो विनम्र प्रार्थना छ बस्नुहोस् ।'

भगवान बुद्धले भन्नुभयो– 'महाजन, त्यस्तो नभन्नुहोस् । एउटै ठाउँमा बस्न मिल्दैन । अन्त पनि जानुपर्छ । नियम त्यस्तै छ । अन्त पनि धर्मप्रचार गर्नुपर्छ । दुःख नमान्नोस् म त बस्न सक्दिन ।' कोशल महाराजले पनि प्रार्थना गर्नुभयो, विशाखा उपासिकाले पनि प्रार्थना गर्नुभयो, तर उहाँले सुन्नुभएन ।



Downloaded from http://dhamma.digital

धर्मप्रचारार्थ भगवान बुद्ध जानुभयो । अनाथपिण्डिकलाई साह्रै दु:ख लाग्यो । उहाँ कोठामा झुकेर, निधारमा हात राख्नुभएर अपशोच मानी बसिरहनुभएको थियो । त्यस समयमा अनाथपिण्डिकको घरमा धेरै दासदासीहरू थिए । त्यसमध्ये पूर्णिका नामकी पनि एउटी दासी थिईन् । निक्कै चलाख । त्यस दासीले अनाथपिण्डिक महाजनलाई अफशोच गरि बसेको देखेर सोधिन्– 'साहुजी के भयो, सन्चो छैन कि ? टाउको दु:खेको छ कि ?'

अनाथपिण्डिक महाजनले भन्नुभयो– 'मलाई केही पनि भएको छैन । जाउ तिमीलाई कुनै मतलब छैन ।' 'होइन साहुजी भन्नुहोस् । यदि मैले गरेर केही हुन्छ भने भन्नोस् म गरिदिन्छु । मैले सक्ने काम हो भने म गरिदिन्छु ।' भनी भन्दाखेरी 'भगवान बुद्ध विहारमा नबसिकन अन्तै जानुभयो । मलाई साह्रै दु:ख लाग्यो । त्यतिका पैसा खर्च गरेर भव्य विहार बनाएर मैले दान दिएँ तर उहाँ बस्नुभएन ।' भनी अनाथपिण्डिकले जवाफ दिनुभयो ।

'ए त्यति कारणले हो ? त्यसो भए म भगवान बुद्धलाई बोलाएर ल्याउँछु । बोलाएर ल्याएँ भने साहुजीले मलाई के दिनुहुन्छ ?' 'मेरो कुरा त मान्नुहुन्न भगवानले, तिम्रो कुरा मान्छ ?' 'म गएर प्रार्थना गर्छु । मात्र तपाईले मलाई के दिनुहुन्छ भन्नुहोस् त ।' 'तिमीले भनेर भगवान बुद्ध फर्कनुहुन्छ भने तिमीलाई दासत्वबाट मुक्त गराइदिन्छु । म तिमीलाई मेरी छोरीको स्थानमा राख्छु ।' साहुजी साँच्चै हो ?' 'साँच्चै हो, तिमीलाई दासत्वबाट मुक्त गराइदिन्छु ।' 'त्यसो भए म गएँ ।'

उनी दौडेर गइन् । बाटोमा मानिसहरूसँग सोधिन्– 'भगवान बुद्ध कुन बाटोबाट जानुभएको ?' भनेर । 'उ त्यो बाटो' भनेर जवाफ सुनेर त्यसै बाटोबाट दौडिदै गएर भगवान बुद्धलाई फेला पारिन् ।



Downloaded from http://dhamma.digital

भगवान बुद्धको अगाडि बसेर हात जोडेर प्रार्थना गरिन्– 'भो भगवान ! जेतवन विहारमा पाल्नुहोस् । फर्केर जानुहोस् ।' भनेर प्रार्थना गरिन् ।

भगवान बुद्धले सोध्नुभयो– 'म गएको खण्डमा तिमीलाई के फाईदा हुन्छ ?' तब पूर्णिका दासीले– 'भो भगवान ! तपाई जेतवन विहारमा फर्केर जानुभयो भने मेरो पूनर्जन्म हुन्छ । मेरो प्रतिष्ठा बढ्छ । मेरो दर्जा बढ्छ । म दासत्वबाट मुक्त हुन्छु ।' 'साँच्चै हो, दासत्वबाट मुक्त हुने ?' 'हो साँच्चै हो भगवान । अनाथपिण्डिक महाजनले भन्नुभएको ।' 'त्यसो भए जाउँ, म आउदैछ भनेर भन्नु ।' अन्तमा भगवान फर्कनुभयो ।

उता पूर्णिका दासी अनाथपिण्डिकको घरमा पुगेर 'साहुजी भगवान बुद्ध फर्कनुभएर जेतवन विहारमा बसिरहनुभएको छ ।' भन्दा अनाथपिण्डिक महाजनलाई आश्चर्य लाग्यो । पहिले त पत्याउँदै पत्याएन । 'त्यसै ख्यालठट्टा गरेको हो कि क्या हो ?' 'होइन महाजन, साँच्चै हो । भगवान बुद्ध जेतवन विहारमा फर्की सक्नुभएको छ ।'

अनाथपिण्डिक महाजनको आँखाबाट आँशु निस्क्यो । खुब खुशी भयो । खुशी भएर जेतवन विहारमा जानुभएर हेर्नुभयो । साँच्चै भगवान बुद्ध बसिरहनुभएको छ । अनि त्यहीं पूर्णिका दासीलाई बोलाएर 'हेर तिमीले भगवान बुद्धलाई बोलाएर फर्काएर ल्यायौ । मैले वचन दिएअनुसार तिमी आजदेखि दासत्वबाट मुक्त भयौ । मेरी छोरीजस्तै भयौ । तिमीले आजदेखि मीठो-मीठो खाना पाउने छौ । लुगा पनि राम्रो लगाउन पाउने छौ । धेरै काम गर्नुपर्दैन । तिम्रो पूनर्जन्म भयो ।'

'भो भगवान यिनले मेरो इच्छा पूरा गरिदिइन् । मैले धेरै प्रार्थना गर्दा पनि तपाईले सुन्नुभएन । मलाई साह्रै दु:ख लागेको



Downloaded from http://dhamma.digital

थियो । मेरो विहार पंक्षी नभएको पिंजरा भएको थियो । तर तपाईले यो पूर्णिका दासीको कुरा सुन्नुभएर फर्केर आउनुभयो । म साह्रै खुशी छु ।' पूर्णिका दासी पनि त्यस दिनदेखि दासत्वबाट मुक्त भइन् ।

यहाँ उल्लेखनीय कुरा के छ भने अनाथपिण्डिक महाजनले बारम्बार अनुरोध गरे तापनि भगवान बुद्धले अनाथपिण्डिकको कुरा सुन्नुभएको थिएन । यदि हामी जस्ता साधारण भिक्षुहरू भएको भए– यतिका धन खर्च गरेर बनाएको विहारमा त्यसरी दाताले अनुरोध गरेको भए छाडेर जाने थिएनौं । त्यहीं बस्थ्यौं ।

भगवान बुद्धले अनाथपिण्डिक महाजन, कोशल महाराज, विशाखा उपासिका आदिको अनुरोध स्वीकार नगर्नुभई पूर्णिका दासीको अनुरोध स्वीकार गर्नुभयो । त्यसरी स्वीकार गर्नु उहाँको करूणा हो । उहाँको दया हो । भगवान बुद्ध करूणामूर्ति हुनुहुन्छ । पूर्णिका दासीको– 'यदि भगवान बुद्ध फर्कनुभएमा उनी दासत्वबाट मुक्त हुन्छिन' भन्ने कुरा सुन्नुभएर नै उहाँ फर्किनुभएको हो ।

अनाथपिण्डिक महाजन साह्रै खुशी हुनुभयो । यदि हामी भएको भए– दासीको कुरा सुन्नुहुने - हाम्रो कुरा सुन्नु नहुने भनेर रिसाउँथ्यौं होला । आजकाल ठूलाठूला दाताहरू त्यसरी कुरा सुनिदिएन भने– मेरो कुरा सुनीदिनुभएन भनेर अप्रसन्न हुन्छन् । अनाथपिण्डिक महाजनमा त्यस्तो कुनै विचार उत्पन्न भएन । मेरो कुरा नसुन्ने तर दासीको मात्र कुरा सुन्ने भनी अप्रसन्न हुनुको सट्टा बुद्धलाई फर्काउन सक्ने भनी दासीलाई दासत्वबाट मुक्त गराईदिनुभयो ।

यही नै यहाँ उल्लेखनीय कुरा हो । यही नै बौद्ध चरित्र हो । साधारण अन्य दाताहरूमा त्यस्तो चरित्र देखिदैन । दाताको कुरा सुन्नु नै पर्छ । दाताको अधिनमा बस्नुपर्छ, आजकाल भिक्षुहरू । दाताको कुरा सुनेन भने अप्ठ्यारोपर्छ । त्यहाँ बस्न नै गाह्रो हुन्छ ।



Downloaded from http://dhamma.digital

अर्को कुरा उल्लेखनीय के छ भने– पूर्णिका दासी निक्कै ज्ञानी रहिछिन् । भगवान् बुद्ध समय-समयमा अनाथपिण्डिक महाजनको घरमा जानुभएर धर्म उपदेश दिनुहुन्थ्यो । ती दासीले लुकीलुकी भगवान बुद्धको उपदेश सुनिरहन्थिन् । त्यसैले अरू दासीहरूभन्दा पूर्णिका दासी अरू उठ्नेभन्दा पहिले नै उठेर काम गर्थिन् ।

किनकि उनीले सुनेकी थिइन् । राम्रोसंग काम गरेको खण्डमा विश्वास पात्र हुन्छ, कर्तव्यपरायण हुन्छ । अनि जीवनको भविष्य उज्वल हुन्छ भनेर । विश्वासपात्र बन्नको लागि समयमै राम्रोसंग काम गर्न सिक्नुपर्छ ।

## ब्राह्मणको बोध

एकदिन उ बिहानै उठेर पानी लिन खोलामा गईन् । त्यहाँ एकजना ब्राह्मण बाजे जाडो महिनामा थरथर काँप्दै, स्यू स्यू कराउँदै पानीमा डुबुल्की लगाउँदै नुहाउँदै थियो । पूर्णिका दासीले त्यस ब्राह्मणसंग सोधिन्– 'ब्राह्मण ! म त दासी हुँ, अनाथपिण्डिकको महाजनको । महाजनले गाली गर्ला भनेर विहानै उठेर जाडो नभनिकन पानी लिन आउँछु । तपाई कस्को डरले यस्तो जाडोमा नुहाइरहनुभएको ?' ब्राह्मणले भन्यो– 'कसैको डरले पनि होइन । कोसंग डराउनु छ र ? पापबाट मुक्त हुन पो नुहाउन आएको हुँ । नुहाउँदा पाप पखालेर जान्छ ।'

त्यो कुरा सुनेर पूर्णिका दासीले भनिन्– 'ब्राह्मण ! नुहाएर पाप पखालेर जाने हो भने पानीले पुण्य पनि पखालेर लैजान्छ नि । पानीमा नुहाएर पाप कट्ने हो भने यो नदीमा संधै बाँचिरहने, बस्ने माछा, साँप , भ्यागुता, गोही आदि जलचरहरू धेरै पवित्र हुनुपर्छ । तपाईभन्दा धेरै धर्मात्मा हुनुपर्छ । ब्राह्मण नुहाएर पाप कट्दैन । चित्त शुद्ध हुनुपर्छ । अरूलाई दु:ख दिने काम गर्नु भएन । चित्त शुद्ध गर्न



Downloaded from http://dhamma.digital

सकिएमा मात्र पाप लाग्दैन । चित्त शुद्ध भएको व्यक्तिले अरूलाई अप्ठ्यारो हुने काम गर्दैन । उसलाई धर्म लाग्छ । चित्त शुद्ध नभएको व्यक्ति नुहाउँदैमा पाप काट्दैन ।'

पूर्णिका दासीको कुरा सुनेर ब्राह्मणलाई अचम्म लाग्यो । 'यो अशिक्षित दासीले कस्तो नौलो कुरा सुनाईन् । चित्त शुद्ध हुनुपर्छ रे । चित्त शुद्ध भएमा पुण्य लाग्छ रे । पाप कटेर जान्छ रे । आज नौलो कुरा सुनाइन् ।' भनी बिचार गरेर ब्राह्मणले सोधे दासीसँग– 'ए केटी तिमीले यस्तो कुरा कहाँबाट जानेको ?' उनिले भनिन्– 'हाम्रो साहुजी अनाथपिण्डकको घरमा समय-समयमा भगवान बुद्ध आउनुहुन्छ । आएर उपदेश दिनुहुन्छ । उपदेश दिनुहुँदा उहाँले धेरैजसो भन्नुहुन्छ– चित्त शुद्ध हुनुपर्छ । अनि मात्र धर्म लाग्छ । खुब मेहनत गरेर कमाउनुपर्छ । काखीमुनिबाट पसिना बग्ने गरी मेहनत गर्नुपर्छ । आफ्नो मेहनतको फल ठूलो हुन्छ ।

"ए भगवान बुद्धबाट सिकेको शिक्षा हो यो ? यो त राम्रो कुरा हो । 'हाम्रा गुरुहरूले, अन्य ब्राह्मणहरूले– भगवान बुद्धकहाँ जानु हुँदैन, भगवान बुद्धको कुरा सुन्नु हुँदैन । सुनेमा मायाजालमा फसाइदिन्छ । दान दिनुपर्छ भनेर दाने दिने कुरा मात्र गर्नुहुन्छ' भनेको होइन रहेछ । चित्त शुद्ध हुनुपर्छ भनेको त ठूलो कुरा हो । ममा त्यस्तो ज्ञान रहेन रहेछ । म पनि जान चाहन्छु । तिमीले मलाई भगवान बुद्धकहाँ लैजान सक्छौ ?"

'लैजान सक्छु । आउनोस्' भनेर पूर्णिकाले ब्राह्मणलाई भगवान बुद्धकहाँ पुऱ्याइदिइन् । ब्राह्मणले दासीको कुरा सबै सुनाए भगवान् बुद्धलाई । 'म अति प्रसन्न भएर यहाँ आएको हुँ । पापबाट मुक्त हुनको लागि चित्त शुद्ध हुनुपर्छ रे, हो भगवान ?' भनी प्रश्न गरे । 'हो, चित्त शुद्ध हुनुपर्छ । कुरा गर्दा झूठो बोल्नु हुँदैन । चुक्ली



Downloaded from http://dhamma.digital

बोल्नु हुँदैन । चक्कुले काट्नेझैं कडा वचन बोल्नु हुँदैन । कसैलाई काम नलाग्ने अनर्थक, हीत नहुने कुरा गर्नु हुँदैन । शरीरले पनि अरूलाई अहीत हुने काम गर्नु हुँदैन । अरूले नदिएसम्म कुनै बस्तु लिनु पनि हुँदैन । बलात्कार आदि काम पनि गर्नु हुँदैन । पुण्य कर्म गर्दा त्यसको ठूलो फल पाइन्छ भनेर आशा पनि गर्नु हुँदैन । पुण्यकर्म गर्दा, दान दिंदाखेरी अरूलाई उपकार होस् भनेर दान दिनुपर्छ । दान दिंदाखेरी लोभ लालच हराएर जान्छ । दान दिएर स्वर्ग प्राप्ति हुन्छ भनेर आशा गर्नु हुँदैन । दान दिनु भनेको त्याग चेतनाको कुरा हो । दान दिएर अरू पाउने आशा गर्नु त सापटी दिएर ब्याज पाउनेझैं हो । त्यसैले चित्त शुद्ध हुनुपर्छ । चित्त शुद्ध गरी गरिएको कर्मको फल ठूलो हुन्छ । आनन्द पाउँछ । धेरै नै निष्कलंकको शान्तिको अनुभव हुन्छ ।'

भगवान बुद्धको उपदेश सुनेर ब्राह्मण झन प्रशन्न भयो । 'साँच्चै नै रहेछ यो पूर्णिका दासीले भनेको कुरा । अहिलेसम्म यस्तो कुरा कसैले पनि भनेको छैन, सुनेको पनि छैन । म परम्परावादी बनें । म मिथ्यादृष्टिक बनें । मेरो धारणा ठीक रहनेछ । यो पूर्णिका दासीको संगतमा परेर भगवान बुद्धलाई भेट्न पाएँ ।' ●



Downloaded from http://dhamma.digital

# अज्ञानी भिक्षुहरूको बोध कथा

म बुद्धकालीन अज्ञानीहरू बोध भएको कुरा सुनाउन चाहन्छु। बोध हुने कुरा धेरै व्यक्तिहरूमा पाइदैन। धेरैजसो मानिसहरू हाहामा लागेर, यथार्थ कुरा नबुझी धर्ममा लागेको देखिन्छ।

भगवान बुद्धको पालामा एकजना भिक्षु थियो यशोज भन्ने। उहाँले भगवान बुद्धसमक्ष शिक्षा लिनुभयो भिक्षु बनेर। तालीम लिनुभयो धर्मप्रचारको लागि के-के गर्नुपर्छ भनेर। भगवान बुद्धले भन्नुभयो 'आफ्नो आचरण राम्रो हुनुपर्छ। संयमित जीवन हुनुपर्छ। अलिक बोध हुने खालको सरल धर्मकथा सुनाउनुपर्छ। धेरै मानिसहरू सफासुग्घर गरेर बस्न जाँन्दैनन्। राम्रोसंग कुरा गर्न जान्दैनन्। राम्रोसंग कर्तब्यपरायण भई काम गर्न जादैनन्। यस्ता यस्ता कुराहरू सुनाउनुपर्छ। काम राम्रो भएको खण्डमा सबैले विश्वास गर्छन्।

यस्ता कुराहरू सिकेर, शिक्षा तालीम लिएर टाढासम्म धर्मप्रचारार्थ जानुभयो यशोज भिक्षु। उहाँले भगवान बुद्धले भन्नुभएअनुसार एकदम शान्त जीवन बिताउनुभयो। अनुशासित भइकन धर्म उपदेश गर्न थाल्नुभयो। उहाँको राम्रो ब्यवहार देखेर, राम्रो कथा सुनेर धेरै युवावर्गहरू प्रभावित भएर भिक्षु बन्न आए। यशोज भिक्षुले समय समयमा भगवान बुद्धको वर्णन गर्नुहुन्थ्यो। भगवान बुद्धको प्रशंसा सुनेर ती युवक भिक्षुहरू भगवान बुद्धको दर्शन गर्न लालायित भए। समय-समयमा आफ्ना गुरु भिक्षु यशोजकहाँ गएर प्रार्थना गर्दथे– 'भगवान बुद्धको दर्शन गर्न पाए राम्रो हुन्थ्यो कि ? तपाईको कुरा सुनेर मात्र नै हामी यतिका प्रभावित भयौं। भगवान बुद्धकै श्रीमुखबाट उपदेश सुन्न पाए, उहाँको दर्शन गर्न पाए पापबाट मुक्त हुन्छ कि ?'



Downloaded from http://dhamma.digital

यशोज भिक्षुले भन्नुभयो– 'तिमीहरू भिक्षु बनेको धेरै दिन भएको छैन । धेरै सिक्नुपर्छ, धेरै पढ्नुपर्छ, धेरै तालीम हुनुपर्छ । तिमीहरूको जीवन धेरै संयमित हुनुपर्छ । भगवान बुद्धकहाँ गएर त्यहाँ जथाभावी कुरा गर्नु हुँदैन । ठूल्ठूला स्वरले बोल्नु हुँदैन, राम्रोसंग बस्नु सक्नुपर्दछ, अनुशासित ढंगले बस्न सक्नुपर्छ । त्यसै जानु हुँदैन । भगवान बुद्धको दर्शनार्थ जान हतार गर्नु हुँदैन । तिमीहरू तालीम भएका छैनन् । तिमीहरूको रहन-सहन, हिडाई-डुलाई, बोलिवचन त्यति राम्रो भएको छैन । भगवान बुद्धकहाँ जान तिमीहरू लायक भएका छैनौ । अरू पनि तालीम लिनुपर्छ । अरू पनि धेरै कुराहरू सिक्नुपर्छ । अलिकपछि मात्र भगवान बुद्धको दर्शनार्थ जानु ठीक छ । अहिले नहतारिनु । अहिले त्यहाँ जाने इच्छा नगर ।' भनेर बारम्बार भने तापनि शिष्य भिक्षुहरू भने बारम्बार प्रार्थना गर्न आउँथे– 'हामीलाई भगवान बुद्धकहाँ लैजानोस् । भगवान बुद्ध ठूलो महापुरुष हुनुहुन्छ । उहाँको दर्शन गर्न साह्रै इच्छा लागिरहेछ । लैजानोस्, भो गुरु ।'

यशोज भिक्षुले भन्नुभयो– 'तिमीहरू मैले भनेको कुरा मान्दैनौ, साह्रै दिक्क लागिसक्यो । म तिमीहरूलाई लैजान्छु । अब जे हुन्छ हेरुँला ।' यशोज भिक्षुले आफ्ना सयौं भिक्षुहरूलाई भगवान बुद्धकहाँ लानुभयो ।

विहारमा पुगेर आवासिय भिक्षुहरूसंग सुख, दुःखको कुरा गर्न थाले । आफू-आफू बस्ने ठाउँ खोज्न थाले । ती धेरै संख्यामा आएका भिक्षुहरू ठाउँ खोज्दा र आपसमा कुराकानी गर्दा विहारमा ठूलो होहल्ला भयो । भगवान बुद्धलाई बाधा भयो । भगवान बुद्ध ध्यानमा बस्नुभएको थियो । सयकडौं भिक्षुहरू गाउँले तरिकाले होहल्ला गरिरहेका सुन्नुभएर भन्नुभयो– 'ए आनन्द, को हुन् ती भिक्षुहरू ? माछामार्ने पोडेहरूजस्तै कराइ रहने ?'



Downloaded from http://dhamma.digital

'उनीहरू पोडेहरू होइनन् भन्ते । उनीहरू भिक्षु यशोजका नयाँ शिष्यहरू हुन् ।' 'ए भिक्षुहरू । कस्तो शोभित नभएका ? कस्तो हल्ला गरेको ? भिक्षु यशोजलाई बोलाएर ल्याउ ।'

यशोज आउनुभएपछि भगवान बुद्धले भन्नुभयो– 'ए यशोज, कस्ता भिक्षुहरू बोलाएर ल्याएको ? कस्तो अशिक्षित ? कस्तो हल्ला गर्नेहरू ? तिमीहरूले ल्याएका भिक्षुहरूसहित तिमी यहाँ बस्न पाउदैनौ । बाहिर जाउ । यहाँ नबस ।' भगवान बुद्धले द्वेष चित्तले यसरी भन्नुभएको होइन कि नयाँ भिक्षुहरूलाई शिक्षा दिनको लागि भन्नुभएको थियो । किनकि पछि बोध हुन्छ भनेर ।

भिक्षु यशोजले उनीहरूलाई बोलाएर भन्नुभयो– 'यहाँ नबस रे । यहाँ छाडेर बाहिर बस भन्नुभयो भगवान बुद्धले । मैले तिमीहरूलाई पहिले नै भनेको थिएँ– 'भगवान बुद्धलाई भेट्न लायक भएका छैनौ, तालीम भएका छैनौ । शिक्षित भएका छैनौ । राम्रोसंग कुरा गर्न आएन तिमीहरूलाई । हल्ला मात्र गऱ्यौ । भगवान बुद्धलाई बाधा भयो । मैले भनेको कुरा मानेनौं । अब जाऔं बाहिर बस्न । चित्त दु:खाउनपर्दैन । तिमीहरू तालीम नभएकोले भगवान बुद्धले यसरी भन्नुभयो । हामीहरूको रहन-सहन नराम्रो भएकोले, अशिक्षित भएकोले नै धपाइनुपरेको हो । आफ्नो-आफ्नो गल्ती महसूस गर । अब हामी नजिकैको वग्गुमुदा नदी किनारको जंगलमा जाऔं । त्यहीं तिमीहरूले तालीम लिनुपर्छ । तिमीहरू शिक्षित भएमा, तालीम भएमा भगवान बुद्धले स्वयं बोलाउनुहुन्छ । उहाँले करूणा मैत्री चित्तले नै हामीलाई विहारबाट धपाइदिनुभएको हो ।'

'हामीहरूले अब राम्ररी तालीम लिनुपऱ्यो । म तिमीहरूलाई शिक्षा दिन्छु । राम्ररी संयमित भई बस । प्रत्येक दिन विहान उठेर-भगवान बुद्धले हामीलाई धपाउनुभएको अनर्थको लागि होइन,

हामीहरू कै लागि तालीम दिनकै लागि मैत्री करूणाले धपाउनुभएको हो भनी सम्झिनुपऱ्यो । उहाँप्रति कुनै प्रकारको पनि द्वेषभाव नराख्ने । 'भगवान बुद्ध महान हुनुहुन्छ त्यसैले उहाँलाई देख्नासाथ दु:खबाट मुक्त हुन्छ, पापबाट मुक्त हुन्छ' भन्ने ठानेर आयौ । दु:खबाट मुक्त भयौ ? पापबाट मुक्त भयौ ? विहारबाट मात्र धपाइनुपऱ्यो । यो हाम्रो गल्ती हो । तिमीहरू असंमयी भएर होहल्ला गऱ्यौ । धेरै शान्त हुनुपर्ने थियो । यो भिक्षु जीवनको ठूलो विशेषता हो । हिंड्दा पनि शान्त हुनुपर्ने, खाँदा पनि शान्त हुनुपर्ने, बस्दा पनि शान्त हुनुपर्ने ।'

यसरी यशोज भिक्षुले आफ्ना युवक शिष्यहरूलाई सम्झाउँदै तालीम गर्न थाल्नुभयो । अरू-अरू भएको भए 'भगवान बुद्धकहाँ टाढा-टाढाबाट भेटाउन ल्याउँदा बस्ने मौका दिनुपर्ने, झन विहारबाट असन्तोष भएर धपाइदिनुभयो' भनेर त्यही कल्पना गर्दै, त्यही सोच्दै असन्तोष हुने थिए होला ।

तर यशोज भिक्षुमा त्यस्तो विचार आएन । बरू युवक भिक्षुहरूलाई नै सम्झाउन थाल्नुभयो । उता ती तालीम प्राप्त नभएका युवक भिक्षुहरूले पनि आफ्नो कमजोरी महसूस गरे– 'हामी नै दोषी हौं । हामी त्यहाँ गएर होहल्ला गऱ्यौं । आफ्नो आसन, सुत्ने व्यवस्थातिर लाग्यौं । यो शिक्षित भाव नभएर अशिक्षित भावले व्यवहार गर्दा भगवान बुद्धले हामीलाई विहारबाट धपाइदिनुभएको हो ।' फलस्वरूप बोध हुँदै गए ।

पछि भगवान बुद्धले आनन्दसंग सोध्नुभयो– 'ए आनन्द ! यशोज भिक्षुसंग आएका ती गाउँले वग्गुमुदा भिक्षुहरू कहाँ गए ?' 'उनीहरू त्यही नजिक नै छन् । आमुन्दा नदीको किनारको जंगलमा बसेर ध्यान भावना गर्दैछन् ।' 'कस्ता छन् त तिनीहरू ?'



Downloaded from http://dhamma.digital

'पहिले जस्ता होइनन्, अहिले खुब तालीम भएका छन् । खुब शान्त स्वभावका भएका छन् ।' उनीहरूलाई गौतम बुद्धले बोलाउनुभयो ।

यहाँ कुरा के छ भने भगवान बुद्धले निकालिदिनुभयो भनेर दुःखी मन नगरी बोध भए । यो बौद्ध चरित्र हो । यस्तै चरित्रको लागि भगवान बुद्धले उपदेश दिनुभएको हो । सबैजनामा बोध हुने लक्षण देखिदैन । बोध नभएको खण्डमा राम्रो नतिजा फल पाइदैन । यशोज भिक्षुको युवक भिक्षुहरूको बोधकथा वास्तवमा मननीय र अनुकरनीय छ ।

॥ भवतु सब्ब मंगलं ॥



Downloaded from http://dhamma.digital

# राजा अशोकको बोध कथा

सबैले सुनिराखेको होला अशोक महाराजाको नाम । उ सान्है नै चण्डाल थियो । उसको चण्ड स्वभाव भएकोले उसको नाम चण्ड अशोक नाम रहन गयो । गद्दीमा बसिसकेपछि महत्वाकांक्षी भयो । आफूले पाएको राज्यमा मात्र सन्तोष भएन । कलिंग राज्यमा आक्रमण गरे । सयकडौं हजारौं मानिसको हत्या गरियो कलिंग राज्य जित्नको लागि । लडाइको खबर सुनेर हेर्न जाँदा युद्ध मैदानमा कसैको हात छैन, कसैको खुट्टा छैन, कसैको टाउको छैन । चारैतिर रगतको खोला बगिरहेको छ । धेरै नै दु:खीत अवस्था देखेर अशोकको मन दिक्क भयो । 'मैले धेरै पाप गरेछु' भनेर दरबारमा आएर दु:खीत भएर सोच्दै झ्यालबाट हेरिरहेको थियो ।

त्यही समयमा बाटोमा निग्रोध नामको नवयुवक भिक्षु शान्तपूर्वक दरबारको अगाडि आइरहनुभएको थियो । उसलाई देख्नासाथ अशोकको मनमा शितल अनुभव भयो । 'को हुँ ? कस्तो शान्त स्वभाव । मेरो अशान्त मनलाई शान्त पारिदिनुभयो ।'

एकजना मन्त्रीलाई बोलाउन पठायो त्यस भिक्षुलाई । दरबारमा पुग्नुहुँदा राजाले सोध्यो 'तपाई को हुँ ?' 'म भगवान बुद्धको अनुयायी । धर्मप्रचारार्थ भिक्षु बनेको हुँ ।' 'ए भगवान बुद्धको अनुयायी, धर्मप्रचारक भिक्षु ! भगवान बुद्धको शिक्षा के रहेछ ? छोटकरीमा भनिदिनोस् न ।'

भिक्षुले भन्नुभयो– **'अप्पमत्ता न मीयन्ती ये पमत्ता यथा मता** – अर्थात् अप्रमादी कहिले पनि मर्दैन, प्रमादी बाँचिरहे पनि मरेझैं हुन्छ ।' अरू-अरू मानिसहरूलाई मार्नुभन्दा आफ्नो मनलाई जित्नु, नियन्त्रण गर्नु, वशमा राख्नु ठूलो जित हो ।' यो उपदेश राजाको मनभित्रसम्म गड्यो ।



Downloaded from http://dhamma.digital

'अरे बुद्ध वचन, धेरै सत्य रहेछ । म कस्तो असन्तोषी ? कति महत्वाकांक्षी, आफूले पाएको राज्यमा सन्तुष्ट नभई अर्काको देशमा हमला गरेर, हजारौं मानिसहरूलाई मारिदिएँ । यो पनि तरिका हो ?' भनेर राजाको मन परिवर्तन भयो । 'अबदेखि म अर्काको राज्यमा आँखा लाउँदिन । आफूमा जति छ त्यतिमा सन्तुष्ट हुन्छु' भनेर हिंसा गर्ने काम छाडिदियो ।

पछि मौग्गलिपुत्ततिस्स भिक्षुको संगत गरेर अरू धेरै शिक्षा लियो । राजाको कर्तव्य के रहेछ ? भन्दाखेरि त्यस भिक्षुले भन्नुभयो– 'राजा भनेको प्रजाको संरक्षक हो । पिता हो । राज्य संचालन गर्दाखेरि जनमुखी हुनुपर्छ । मानिसहरूलाई उपकार हुने काम गर्नुपर्छ । **बहुजन हिताय बहुजन सुखाय** काम गर्नुपर्छ । आफ्नो मन पनि नियन्त्रणमा राखेर धेरै मानिसलाई हित हुने काम गर्नुपर्छ ।

'भगवान बुद्धले भन्नुभएको थियो रातोदिन पुण्यगर्ने काम वृक्षारोपण गर्नु, फूलबारी बनाउनु, खोला तर्न पुल बनाइदिनु, बाटोमा पाटी-पौवा बनाउनु, पानी पिउनको लागि कुवा आदि खनिदिनु, स्वास्थ्य सेवाको काम गर्नुपर्छ । औषधोपचार सेवा पुऱ्याउनु पर्छ ।

यी कुराहरू मौग्गलिपुत्ततिस्स भिक्षुबाट सुनेपछि अशोकले 'म साँच्चै कै प्रजाको संरक्षक बन्न चाहन्छु' भनेर बाटोको दुबैतिर वृक्षारोपण गराइदियो । वृक्षारोपणको कारणले बाटोमा हिंड्ने पथिकहरूलाई रूखको छाँया हुन गयो । धेरै शितल अनुभव भयो । पानी पिउन ठाउँ ठाउँमा कुवा खनाइदियो । आराम लिनको लागि पाटी-पौवा बनायो । अस्पताल बनायो । इतिहासमा पहिलोपल्ट पशुहरूको लागि पनि अस्पताल बनायो । आइमाइहरूलाई पनि विशेष सुविधा हुनेगरी अस्पताल बनायो ।



Downloaded from http://dhamma.digital

त्यतिमात्र होइन ढोका पालेलाई भनिराखिएको थियो– 'यदि जनतालाई कुनै दुःख, पीडा, आपत परेर दरबारमा आएमा के आपत परेको छ त्यसको खबर मकहाँ पठाइदिने, चाहे खाएको समयमा होस् वा आरामको समयमा, जुनसुकै बेलामा पनि यदि जनता दुःख पोख्न आएमा मकहाँ ल्याइदिने । दरबारभित्र ल्याउने । ढोका बन्द नगर्ने ।'

यसरी राजा अशोक साँच्चैकै जनताको संरक्षक बन्न पुग्यो । यो कसरी भयो भन्दाखेरि निग्रोध नामक नवयुवक भिक्षुको शान्त स्वभाव देखेर, उहाँबाट बुद्ध वचन सुनेर फेरि उहाँको गुरु मौग्गलिपुत्ततिस्स भिक्षुको सम्पर्कमा गएर राजाको कर्तव्य कस्तो हुनुपर्छ भनी सोद्धाखेरी त्यस मौग्गलिपुत्ततिस्स महास्थविरले 'राजाको काम जनमुखी, प्रजामुखी हुनुपर्छ । जनताको संरक्षक हुनुपर्छ आदि भन्नुभएको कारणले हो ।

यहाँ कुरा के छ भने बोध हुने कुरा हो यो । अशोक महाराज बोध हुनु भएको कथा हो ।

समाप्त



Downloaded from http://dhamma.digital

# बुद्धमार्गी महिलाको चरित्र

भगवान बुद्धले धर्मप्रचार गर्नु भएको मूल लक्ष्य समाजमा शान्ति स्थापना गर्नको लागि हो। उहाँले धर्मप्रचारको लागि पहिले आफू योग्य व्यक्ति बन्नुभयो, बोध हुनुभयो, आचारण शुद्ध पार्नुभयो। आफूलाई शान्तपूर्वक रहने ब्यक्ति बनाउनुभयो। अनि पछि मात्र अरूलाई धर्म उपदेश गर्नुभएको थियो। उहाँको विचारअनुसार साधारणतया धर्मप्रचार गर्ने तरिका धार्मिक आचरण पूजापाठ गर्नु भए। तापनि त्यो प्रधान होइन। प्रधान धर्मप्रचारको माध्यम के रहेछ भने आचारण राम्रो हुनुपर्छ। आचरण राम्रो भएको खण्डमा धर्मप्रचार गर्न सजिलो हुन्छ। धर्मप्रचारकको आचरण राम्रो हुनुपर्छ।

आजभोलि मात्र होइन भगवान बुद्धको पालादेखि नै आचरण राम्रो पार्नेतिर उस्तो ध्यान जान्दैन। एकचोटी भगवान बुद्ध धर्मप्रचारार्थ गाउँतिर जानुभएको थियो। त्यहाँ एकजना ब्राह्मणले सोध्नुभयो- 'तपाईको जात के हो ?' अनि भगवान बुद्धले भन्नुभयो 'जात नसोध काम सोध' भनि भगवान बुद्धले भन्नुभयो। 'जातले के फाइदा हुन्छ जातसित के मतलव छ ? आचरण सोध न' आचरण ?' त्यसैले आचरण भनेको के हो ? बौद्ध र अबौद्धमा फरक के छ नी बुझ्नको लागि बुद्धकालीन घटना एउटा प्रस्तुत गर्न चाहन्छु।

अनाथपिण्डिक महाजनको तीन जना छोरीहरू थिए। तीमध्ये एकजना चूलसुभद्रा थिइन्। साह्रै आचरण सम्पन्न, राम्रो व्यवहार भएकी, तालिम भएकी, हृदयदेखि विचार गरेर काम गर्थिन।

अनाथपिण्डिक महाजन विद्यार्थी हुँदाखेरिको एकजना साथि थियो। ख्यालख्यालमा भनुँ वा साँच्चै भनुँ दुईजनाको बीच कुराकानी भयो हामीहरू पढिसकेपछि आ-आफ्नो घरमा फर्केर जानेछौं। विवाह



Downloaded from http://dhamma.digital

गरिसकेपछि यदि मेरी श्रीमतीले पुत्र जन्माइन् भने र तपाईकी श्रीमतीले पुत्री जन्माइन् भने तपाइकी छोरी मेरो छोरालाई दिनुपर्छ । अथवा तपाईको छोरा जन्म्यो र मेरी छोरी जन्मिन् भने मेरी छोरी तपाइको छोरालाई दिनेछु ।' यसरी प्रतिज्ञा गरेको रहेछ ।

अध्ययन समाप्त गरी घरमा गएको धेरै वर्षपछि साँच्चै नै अनाथपिण्डिकको साथिको छोरा भयो भने अनाथपिण्डिकको तीनवटी छोरी भए । उसको साथिले अनाथपिण्डिक महाजनकाहां आएर पहिले कबुल गरेको कुरा चलाए । 'मेरो छोरा पनि जवान अवस्थामा पुगेको छ । तपाईकी छोरी पनि युवती भइसकिन् । अव मेरो छोरालाई तपाईकी छोरी दिनुपर्‍यो । बोलीमा फरक हुनुहुदैन ।'

अनाथपिण्डिक महाजनलाई अप्ठयारो पर्‍यो । 'कबुल गरेको थियो । नदिउँ भने पनि नहुने, दिउँ भने पनि मेरो साथिको परिवार सवै अबौद्ध हुन् । मेरी छोरी दिनकादिन बुद्धप्रमुख भिक्षुहरूको सेवा टहल गर्ने, भोजन गराउने आदि सारा कार्य गर्नुपर्ने । कथा पनि सुन्नुपर्ने, दान पनि दिने इच्छा भएकी । अनि विवाह गरेमा मेरी छोरीलाई अप्ठयारो पर्ला । धर्म कथा सुन्न पाउंदिनन् । किनकि उनिहरू अबौद्ध हुन् । मेरी छोरीलाई अशान्ति हुनेछ' भनी यसप्रकार खुव चिन्तन गरिरह्‍यो । 'के गर्नु ?' भन्दै दोमनमा पर्‍यो । 'दिउँ भने अबौद्ध, नदिउँ भने आफूले कबुल गरेको वाचा चाहिं टुट्ने भयो । यो इमान्दारी भएन । के गरुँ के गरुँ भयो । अनाथपिण्डिक महाजनले सोच्न थाल्यो । 'जे भए पनि म भगवान बुद्धकहाँ जान्छु । भगवान बुद्धसित सुखदुःखको कुरा गर्छु । उहाँले असत्य कुरा भन्नुहुन्न । मेरो मनको कुरा अप्ठायारो कुरा भन्न जान्छु ।' फेरि अनाथपिण्डिक महाजनले विचार गर्‍यो गृहस्थीको कुरा, विवाहको कुरा कसरी भगवान बुद्धलाई भन्न जाने ?' 'तै पनि जान्छु' भनेर भगवान बुद्धकहाँ गएर आफ्नो मनको कुरा पोख्न थाल्यो ।



Downloaded from http://dhamma.digital

'भो भगवान ! साह्रै अप्ठ्यारो एउटा घटना घटन लागेको छ, त्यो भन्नको लागि आएको छुँ । हाम्रो गृहस्थी जीवनको कुरा हो, भन्न हुन्छ कि हुँदैन ?' 'हुन्छ, 'हुन्छ । धन्दा मान्नुपर्दैन, भन ।' 'मेरी छोरीलाई माग्न आयो । उ मेरो साथि विद्यार्थि जीवनदेखिको । हामीले कबुल गरेका थियौं मेरी छोरी उसको छोरालाई दिने भनेर । तर उनिहरू अबौद्ध तपाईलाई राम्ररी थाहा छ , मेरी छोरी चूलसुभद्रा, उ श्रद्धावती, कथा सुन्नुपर्ने, दान दिनुपर्ने तपाई प्रमुख भिक्षुसंको सेवा गर्छिन् । त्यस घरमा विवाह गरी पठाउंदा उनिलाई अप्ठयारो पर्न सक्छ । दिउँ कि नदिउँ ?' भन्दाखेरि भगवान बुद्धले भन्नुभयो - महाजन, धन्दा मान्नुपर्दैन । चूलसुभद्रालाई दिएर पठाउ । त्यो चूलसुभद्राको चरित्र एकदम राम्रो छ । उनको व्यवहार आचरणमा कुनै दाग छैन । साह्रै राम्री स्वभावकी आचरण भएकी तिम्रो छोरी । उ दिलैदेखि काम गर्छिन् । उनको व्यवहार राम्रो भएकोले उता दिई सकेपछि उताको परिवारको हृदय परिवर्तन हुन्छ । हृदय परिवर्तन हुँदा खेरि उनिहरूले पनि बुद्धप्रमुख भिक्षुसंघलाई निमन्त्रणा गरेर दान दिनेछ । धर्मकथा सुन्नेछ । अनि तपाईकी छोरीलाई केही पनि दुःख हुँदैन । परिवारिक जीवन सफल हुन्छ । शान्त वातावरण हुन्छ । त्यहाँको अशान्त वातावरणलाई तपाईकी छोरीले आफ्नो राम्रो चरित्रले, धर्माचरणले उनिहरूको हृदय परिवर्तन हुन्छ । दिएर पठाइदेउ ।'

अनाथपिण्डिकले भगवान बुद्धको कुरा सुनीसकेपछि भगवान बुद्धले अन्यथा भन्नुहुन्न । साँच्चै नै अब दिएर पठाइदिन्छु । मेरी छोरीलाई केही पनि दुःख कष्ट हुने छैन । चूलसुभद्रालाई दिएर पठाइदियो । पठाउँदाखेरि आफ्नी छोरीलाई केही अर्ति उपदेश दियो- 'हेर छोरी ! तिमी यहाँ घरमा बस्दाखेरि छोरी अब उता गइसकेपछि बुहारी बन्छौ । आफ्नो घरमा स्वतन्त्ररूपमा, जुन बेला खान चाहन्छौ



Downloaded from http://dhamma.digital

खान्छौ । जुन बेलामा सुत्न मन लाग्छ सुत्दछौ । त्यहाँ गइसकेपछि त्यस्तो गर्न पाइदैन । भित्रको कुरा बाहिर ल्याउन हुँदैन । बाहिरको कुरा भित्र लैजाउनु हुँदैन । राम्रो संग बस्न सक्नुपर्छ । तिम्रो सासु ससुराको नराम्रो कुरा छ, बानी छ भने बाहिर आएर, माइतीमा आएर नभन । यहाँ बाहिरको पनि, तिमीले पानी लिनजांदा, त्यहाँ अनेक आइमाइहरूका वीचमा कुरा चल्छ - 'तिम्रो लोग्ने, तिम्रा सासु, ससुराहरू यस्ता छन्' भनेर अनेक चर्चा गर्छन् आइमाइहरूले त्यस्ता ठाउँमा । त्यस्तो कुराहरू केही पनि नभन्नु भित्र लगेर । राम्रोसंग बस्नुपर्छ भनेको खुव मजासंग बस्ने होइन । तिम्रो सासु ससुराहरू बस्ने ठाउँमा नबस्ने । राम्रोसंग सुत्नुपर्छ भनेको सुत्ने बेलामा झ्याल बन्द गरेर चुकुल राखेर सबै सुतिसकेपछि मात्र तिमी सुत्नुपर्छ । राम्रोसंग खानुपर्छ भनेको मीठो मीठो खाने, सासु-ससुराभन्दा अघि नै खाने होइन । सबैलाई खुवाई सकेपछि मात्र तिमीले खाने गर्नुपर्छ । अनि अपवादबाट बचिन्छ । देवताजस्तै तिम्रो सासु-ससुरालाई लोग्नेलाई मान्नुपर्छ । फेरि कसैलाई केही दिंदाखेरि फिर्ता दिने हो कि होइन भनी बुझेर मात्र अरुलाई केही चीज उधारो दिनुपर्छ । कोही कोही त्यस्ता पनि छन् उधारो दिंदा, आफ्ना नाताकुटुम्बहरू, गविबहरूलाई दिनुपरेमा दिने ।'

यस्ता कुराहरू सिकाएर अनाथपिण्डिक महाजनले आफ्नो साथीको छोरालाई दियो । चूलसुभद्रा गइसकेपछि त्यस दिनदेखि दिलैदेखि सम्झेर श्रद्धापूर्वक बढार्नुपर्ने काम, पानी लिनुपर्ने काम, काहाँ राख्ने, काहाँ कसरी भात पकाउने सारा काम सुचारुरूपले गर्न थालिन् । फेरि लोग्ने कस्तो खालको सासु ससुराहरूको विचारधारा कस्तो छ, जम्मै अध्ययन गरी सकेपछि आफ्नो राम्रो व्यवहार देखाएर काम गर्न थालिन् । सबै खुशि भए । 'आहा ! हाम्रो घरमा लक्ष्मी नै आईन् ।



Downloaded from http://dhamma.digital

कस्तो मजासंग काम गर्छिन् । अल्छि भनेको पटक्कै छैन । दिलैदेखि कर्तव्यपरायण भई काम गर्छिन् ।'

सासुले एकदिन सोधिन्- 'होइन बुहारी ! काहाँबाट सिकेको नि यस्तो आचरण, राम्रोसंग काम गर्ने ?'

'हाम्रो घरमा दिनहुँजस्तै नै बुद्धप्रमुख भिक्षुहरू आउने गर्नुहुन्छ, उपदेश दिनुहुन्छ । उपदेश दिनुहुंदा खेरि यसरी नै आचरण राम्रो हुनुपर्छ । दिलैदेखि हृदयैदेखि काम गर्नुपर्छ । अनि मात्र सुख पाउंछ । सुखपूर्वक बस्न सकिन्छ । यस्ता उपदेशहरू सुन्ने गर्छौं हामी । त्यहीअनुरुप आचरण पनि गर्ने गर्छौं हामी । धर्माचरणमा लाग्छौं । मेरो बुबाले पनि यहाँ दिएर पठाउनुअघि यस्ता अर्ति दिएर पठाउनुभयो । त्यो संधै सम्झना गर्छु । विहान उठ्दाखेरि नै मेरो बुबाले दिनुभएको, बुद्धले दिनुभएको उपदेश सम्झना गर्छु । त्यहीअनुरुप यहाँ आचरणमा परिवर्तन गर्ने कोशिस गर्छु । त्यसैअनुरुप आचरण गर्ने प्रयास गर्दैछुं ।' चूलसुभद्राले भनिन् ।

यो कुरा सुनेर 'अहो ! भगवान बुद्धले पनि यस्ता उपदेश दिनुहुन्छ ? भिक्षुहरूले पनि उपदेश दिने गर्नुहुन्छ । धेरै राम्रो कुरा हो । यो त हामीलाई पनि काम लाग्ने । कस्तो हेर न ! हाम्रो घरको सारा वातावरण नै बदलियो । अहिले झैझगडा भनेको सारा हराएर गयो । एकदम शान्त वातावरण छ । हामी पनि बुद्ध धर्म संघको शरणमा पर्छौं जान्छौं । हामीहरूको आचरण पनि राम्रो पार्नेछौं' भनी पछि उनिहरू सबै भगवान बुद्धको शरणमा गए, आचरण राम्रो पार्ने कोशिस गरे ।

अर्को एउटा घटना सुनाउन गइरहेको छुं । धर्माचरण, आचरण राम्रो पार्नु नै बुद्धको शिक्षाको मूल ध्येय हो । मूल लक्ष्य त्यही हो आचरण राम्रो हुनुपर्छ । आचरण राम्रो हुन सके धर्मप्रचार हुन्छ ।



Downloaded from http://dhamma.digital

मैले यो कथा बुझाउनका लागि धम्मवती गुरुमाले लक्ष्मी नामक पुस्तकमा लेखेको कथाको केही अंश लिदैछुं।

कुनै समयमा एक टोलमा एक परिवार बस्दथ्यो । त्यस परिवारका मालिक साहु साहुनी भनाउंदाहरूका सुरुसुरुमा धर्ममा श्रद्धा आस्था थिएन । त्यो टोलमा समय समयमा धर्म प्रवचनको कार्यक्रम हुन्थ्यो । साहुनी त्यहां गएर धर्म देशना सुन्न थालिन् । विहारमा गएर पनि सुन्न थालिन् । कथा सुनिसकेपछि घरमा आएर आफ्ना छोराछोरी जहानलाई पनि सुनाउने गर्थिन् । 'धर्मकथा भनेको सुनिराख्नुपर्छ । शान्ति मिल्छ विहारमा जाँदाखेरि आनन्दको अनुभव हुन्छ । के कति घर बनाउने ? घर बनाउंदा बनाउदै पीर । सिमेन्ट पाएको छैन, ज्यामी आएको छैन । डकर्मी आएको छैन भनेर रातदिन पीरपर्छ । किन यतिका घर बनाउने ? धर्म कथा पनि सुन्नुपर्छ । दानप्रदान पनि गर्न सक्नुपर्छ । अरुलाई उपकारार्थ दान दिनुपर्छ' भनेर भन्दाखेरि त्यो साहुले 'विहारमा गएर कथा सुन्न गईन् । पहिला कञ्जुस, खुब राम्रा राम्रा साडीहरू लगाउने । अहिले विहारमा गएर भिक्षु भिक्षुणीहरूको कथा सुनिसकेपछि पैसा खर्च गर्ने कुरा गर्छ । थाहा छ ? दुई तीनजना छोराहरू छन् । उनीहरू सबैलाई प्रबन्ध मिलाउनुपर्छ । नत्र त पछि घोराघोर झगडा गर्छन् । त्यसैले पछि झगडा नहोस्, झगडा गर्नु नै नपरोस् भनेर अहिले नै सबै व्यवस्था मिलाएर जानुपर्छ । त्यसैले तीनवटा घर बनाउदैछु ।' भनी स्पष्टिकरण दियो । तै पनि उसको स्वास्नीले भनिन्- 'धेरै पीर लिनु हुँदैन । पीर भएको खण्डमा छिटो बूढो हुन्छ । आयु घट्छ । अलिक पाँच/छ दिन बढी आनन्दपूर्वक बस्नु सिक्नुपर्छ ।' यो सुनेर त्यस साहुको मनमा श्रद्धा पनि जाग्यो, दिक्क पनि लाग्यो । 'जाऊँ हेरुँ ! म पनि गएर धर्मकथा सुन्छु । विहारमा गएर कथा सुन्न थाल्यो । उसको



Downloaded from http://dhamma.digital

हृदयमा श्रद्धा उत्पन्न भयो । मन आनन्द महसूस भयो । उनीहरूकी एकजना छोरी थिइन् । छोरी तरुणी भइसकिन् । अरुले विवाहको लागि माग्न आए । अनि दिने जम्मै प्रबन्ध मिलाइदियो । दिनुभन्दा अगाडि छोरीलाई उनीहरूले भने- 'छोरी तिमी यहाँ बस्दाखेरि छोरी उता गइसकेपछि बुहारी विहारमा गएर धर्मकथा सुन्ने गर्छौं । हाम्रो आचरण र अरुको आचरणमा फरक छ । हामी कथा सुन्छौ, दान दिन्छौं । सवैलाई थाहा छ हामी विहारमा जान्छौं भनेर । त्यसैले छोरी, तिमीलाई हामी केही कुरा भन्न, शिक्षा दिन चाहन्छौं । उता गईसकेपछि आफ्नो लोग्ने सासु-ससुराहरू छन् । त्यहाँ चार जना भाईहरू छन् । झगडा हुन सक्छ । त्यसैले पहिले उनीहरूको चरित्र अध्ययन गर । झगडा हुंदाखेरि किन झगडा भएको भनी कारण पत्ता लगाऊ । बुहारीहरूका बीचमा पनि झगडा हुन्छ । सासु र बुहारीको बींचमा झगडा हुन सक्छ । त्यसको कारण पत्ता लगाउने कोशिस गर ।' छोरीले पनि विवाह पछि त्यसैगरी व्यवहार आचरण गरिन् । कलहको कारणको खोजी गरिन् र समाधान गरी झगडा मेटियो ।

सासुले भात पकाउँदाखेरि त्यस कान्छी बुहारीलाई भनिन्– 'हे कान्छी । तिमीले किन जान्ने भएर अरुको पालोमा भात पकाउने ? जान्ने भएर काम गर्ने ? तिमी चूप लागेर बस न । उनीहरू अल्छी बन्छन् ।' उनीले भनीन् - म पहिले आउँदाखेरि यहाँ धेरै झगडा हुन्थ्यो । सँधै झगडा गरी बस्ने कि झगडा नगरी शान्त भएर बस्ने ? अहिले शान्त वातावरण भएको राम्रो छ कि छैन ? म जान्ने भएर काम गरेकी होइन । यहाँको झैझगडा भएको देखर मैले यो काम गर्न सिकेकी हुँ । शान्त वातावरण राम्रो हुन्छ कि झैझगडा गरेर बस्नु राम्रो हुन्छ ?' भन्दाखेरि उसकी सासुले 'कहाँ सिकेकी, कसले सिकाएको' भनी सोधिन् ।



Downloaded from http://dhamma.digital

'हामी बुद्ध विहारमा जान्छौं । भिक्षु भिक्षुणीहरूकहाँ जान्छौं । त्यहाँ उपदेश सुन्छौं । उपदेशमा यस्तो कुराहरू आउछन् । आचरण राम्रो हुनुपर्छ । सबैले आफैले आफ्नोतर्फबाट गर्नुपर्ने काम गरिहाल्नुपर्छ । अल्छी हुनु हुदैन । लापरवाही हुनु हुदैन । आचरण राम्रो भएको खण्डमा, श्रद्धापूर्वक काम गर्न सके शान्त वातावरण हुन्छ । निद्रा लाग्छ, पीर हराउँछ आदि यस्ताप्रकारका उपदेशहरू हाम्रा भिक्षुहरूले, भिक्षुणीहरूले दिनुहुन्छ । त्यसअनुसार म यहाँ आएर काम गर्दैछु' भन्दाखेरि उनीहरूले- 'वाफ रे ! भिक्षुहरूले यस्ता उपदेश दिन्छन् । भगवान बुद्धले पनि यस्ता उपदेश दिनुहुन्छ । राम्रो कुरा हो नि । मलाई थाहा नै छैन । म आफ्नी छोरीको पक्षमा कुरा गर्छु, झगडा गर्छु । आजदेखि मेरी छोरीलाई पनि काम सिकाउंछु । नत्र त उ पनि बिवाह भइसकेपछि अल्छी भइबस्यो भने उसको जीवनमा राम्रो हुने छैन । सुखपूर्वक बस्न सक्ने छैन ।

त्यस दिनदेखि सासुले छोरीलाई 'हेर छोरी ! अहिले नयाँ आएकी तिम्री कान्छी भाउजू कस्ती राम्री छिन् । राम्रोसंग काम गर्छिन् । उनको आचरण कस्तो राम्रो छ । बोली कस्तो छ । हाम्रो घरको सबै झैझगडा खतम पारिदिइन् । अहिले कस्तो शान्त वातावरण छ । त्यसैले तिमीलाई पनि अर्ति दिन्छु । तिमी सधैं माइतिमा बस्ने होइन । तिमी उता गइसकेपछि, विवाह गरेपछि, तिम्री कान्छी भाउजूले जस्तै व्यवहार सिकेर उता पनि काम गर्न सिक्नुपर्छ । अनि जीवनमा सुख पाइन्छ । राम्रोसंग जीवन बिताउन सकिन्छ । यही नै धर्म हो । झगडा पनि गर्छौं धर्म पनि गर्छौं यो त मिल्दैन । तिम्री कान्छी भाउजूले यहाँ एकदम शान्त वातावरण ल्याइदिइन् । उ लक्ष्मी पो रहेछिन् । उ आएदेखि नै घरमा शान्त वातावरण छ । सबैलाई शिक्षा दिइन्– अल्छी बन्नु हुँदैन । आफूले गर्नुपर्ने काम चाहिं तुरुन्त



Downloaded from http://dhamma.digital

गरिहाल्नुपर्छ । आफुले गर्नुपर्ने काम मात्र होइन त्यो कान्छी बुहारीले अर्काको पालोमा भात पकाउने काम गरेर, लुगा धुने काम गरेर सफा गर्ने काम गरिदिइन् । उ देखी अरु बुहारीहरू पनि हृदय परिवर्तन भए । अल्छी भनेको पटक्कै छैन, लापरवाही भनेको पटक्कै छैन । सवैले आ-आफ्नो कर्तव्य पालन गर्नु सुरु गरेर अहिले एकदम शान्त छ ।'

त्यसैले आचरण राम्रो पार्न सके, धर्मप्रचार गर्न सजिलो हुन्छ । सबैले सिक्नुपर्ने यतातिर ध्यान नदिएर खाली पूजाआजामा मात्र ध्यान दिएर देखावटीमा मात्र लागेर धर्म प्रचार हुन सक्दैन । आचरण राम्रो हुनुपर्छ । चरित्र राम्रो हुनुपर्छ । यहाँ दुइटा घटना मैले प्रस्तुत गरें । यी बौद्ध चरित्र हुन् । यसले बौद्ध चरित्र बन्छ । असल चरित्र नभइकन बुद्ध धर्म प्रचार गर्न सकिदैन ।

## वर्तमान जीवन सुधार्नु नै बौद्ध चरित्र हो

भगवान बुद्धको शिक्षाअनुसार यो वर्तमान जीवन एकदम तालिम हुनुपर्छ । वर्तमान जीवन निष्कलंक हुनुपर्छ । वर्तमान जीवन सुखमय हुनुपर्छ । वर्तमान जीवन सुखमय नभएसम्म परलोक जीवन सुखमय बिताउन सक्दैन । यो वर्तमान जीवन को आचरण राम्रो भएको खण्डमा त्यसको फल पनि राम्रै हुन्छ । आफूले वाचुञ्जेलसम्म गर्नुपर्ने कर्तव्य परायण भई आचरण गर्न सके त्यो पछि पछिसम्म आएर हामीलाई सहयोग दिने गर्छ । मरिसकेपछि अरुले धर्म गरेर श्राद्ध गरेर छाडिदिएको, पुण्यानुमोदन गरिदिएको परलोकमा पाइनेछ भनी आशा गर्नु मिल्दैन । भगवान बुद्धको विचारअनुसार यही जीवनमा आचरण राम्रो हुन सके, राम्रो काम गर्न सके पछिको जीवन पनि राम्रो हुन्छ । धेरैजना अधर्मकर्म गर्छन् वाचुञ्जेल दिक्क हुन्छन् । मरिसकेपछी बत्ती बालेर श्राद्ध गरेर उसलाई सुगति पठाउन धर्म कर्म



Downloaded from http://dhamma.digital

गर्छन् । बुद्धधर्मअनुसार यस्तो गतिविधि कृया राम्रो हुदैन, मिल्दैन । यसको उदाहरणार्थ श्रीलंकाकी एउटी बौद्ध चरित्र भएकी एकजना महिलाको घटना प्रस्तुत गर्न चाहन्छु ।

म श्रीलंकामा हुदांखेरि त्यहां ९० वर्षकी आइमाइले हामी ९/१० जनालाई निमन्त्रणा गरिन् । भोजन गराइन् । भोजन गराइसकेपछि त्यस आइमाइले अनुरोध गरिन् - अहिले नै मृत्युपछि गर्नुपर्ने काजक्रिया गर्न चाहन्छु।' उनीले कपडा दान दिइन्। पुण्यानुमोदन पनि गरिन् । साधारणतया मरिसकेपछि गरिने क्रिया गर्ने वखतमा भिक्षुहरूले पढ्ने सूत्र छ -

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो ।**
**उपज्जित्वा निरुज्झन्ति तेसं वूपसमो सुखो ॥**

यसको मतलव छ अनिच्चावत संखारा - जेजति संसारमा उत्पति भएका वस्तुहरू छन्, ती सवै विनाशशील छन् । **उप्पज्झित्वा निरुज्झन्ति तेसं वुपसमो सुखो** - उत्पन्न भएर सवै निरोध हुने गर्छन् । त्यस्तो खालको उत्पन्न नै नहुने गरी पुण्य कर्म गर्न सके शान्ति मिल्छ भन्ने यसको भावार्थ हो । त्यस श्रीलंकाकी ९० वर्षकी महिलाले कपडा दान दिएर, मृत्यु भइसकेपछि गर्नुपर्ने काजक्रिया गरिन् । त्यस वखतमा भिक्षुहरूले पढ्ने गाथा अर्कै रहेछ ।

**अचिरं वतयं कायो, पठविं अधिसेस्सति ।**
**छुद्धो अपेत विञ्ञाणो निरत्थं व कलिंगरं ॥**

यसको संक्षिप्त भावार्थ हो - यो शरीर अनित्य छ **अचिरं वतयं कायो, पठविं अधिसेस्सति, छुद्धो अपेत विञ्ञाणो,** अर्थात् हाम्रो शरीरमा जुन विज्ञान छ प्राण छ, तातो छ, निरोध भइसकेपछि यो शरीर काटेको रुख भुइमा लडेझैं लड्छ । यो अनित्य भावना हो ।



Downloaded from http://dhamma.digital

उपरोक्त गाथा भिक्षुहरूले पढ्नुभयो। त्यसपछि मैले भिक्षुहरूसंग सोधें– 'किन मरिसकेपछि गर्नुपर्ने काम बाँचेको बेलामा नै गरेको ?' त्यस आइमाईले भनिन्- 'यी अगाडि बसिरहेका मेरा छोराहरू हुन्, बुहारीहरू हुन् । म मरिसकेपछि उनीहरूले पुण्य गरेर मलाई पुण्य छाडिदिन्छन् कि दिदैनन्। पुण्य कर्म गरेर पुण्यानुमोदन गरे पनि पुण्य छाडिदिए पनि मलाई पाउँछ कि पाउदैन । म काहाँ जान्छु ? मलाई केही पनि थाहा हुँदैन। भगवान बुद्धको शिक्षाअनुसार मैले 'बाँचुन्जेल गरेको पुण्य कर्म पछि आएर सहयोग दिन्छ भन्छ । त्यसैले यो पुण्यकर्म गरेको । पछि म मरिसकेपछि पुण्य कर्म गरी छाडिदिएको प्राप्त हुन्छ कि हुदैन, मलाई विश्वास लाग्दैन। त्यसैले म आफैले नै गरेकी हुं । अहिले म ९० वर्षकी भइसकेकी छुँ। कहिले मर्छु थाहा छैन । त्यसैले यो म भिक्षुहरूलाई निमन्त्राणा गरेर पुण्य कर्म गरेर दान पुण्य गरेर पांशुकूल कपडा पनि दान दिएको छुं। अब म ढुक्क छुं। मैले कुनै पीर लिनुपर्दैन। म मरिसकेपछि छोरा छोरी बुहारीहरूले मेरो पुण्य स्मृतिमा पुण्य कर्म गरेर पुण्य छाडी नदिए पनि मलाई कुनै चिन्ता छैन। त्यसैले यो काम आफैले आफ्नो आँखाले देख्ने गरी म पुण्य कर्म गरेको हुँ । पछि पछि आएर काम दिन्छ । त्यसैले मरिसकेपछि गर्नुपर्ने काम अहिले नै गरेकी हुँ' भनेर भनीन्।

यो साह्रै राम्रो लाग्यो मलाई । किनभने यो वास्तवमा बौद्ध चरित्र हो। यो बौद्ध कर्मकाण्ड पनि हो। यस्तो चाहिं सबैले सिक्नुपर्छ।

यस विषयमा बुझ्नुपर्ने कुरा एउटा छ। मरिसकेपछि आफ्ना बन्धुहरूले पुण्यकर्म गर्नु एउटा कर्तव्य हो। यसलाई सत्पुरुष धर्म पनि भनिन्छ । मरिसकेपछि मृतव्यक्तिको पुण्यस्मृतिमा पुण्यकर्म गर्दाखेरि दुई-तीन वटा फाइदाका कुराहरू छन् । के कुरा भने १) एक दिन मर्नुपर्छ। संसारमा जन्मेका सबै प्राणीहरू मरेर जान्छन्। कोही पनि



Downloaded from http://dhamma.digital

सदाकालीक छैन, बाँच्ने छैन । उत्पन्न भएका सबै मरेर जान्छन् । २) दोश्रो मरुणानुस्मृति भावना हुन्छ, म मर्नुपर्छ भनेर । कुनै ग्यारेण्टी छैन, पुण्यकर्म गरी छाडिदिएको पाउंछ भनेर । तै पनि हाम्रो आत्मसन्तोषको लागि, मैले गर्नुपर्ने एउटा लोकाचार काम हो, भनी कर्म गर्न सकिन्छ । मैले गरिसकें अब म लोक अपवादबाट पनि बच्न सक्दछु । नत्र त कहिले पनि पुण्य कर्म नगर्ने, दानादिहरू नगर्नेहरूले कहिले पुण्य गर्ने ? ती मरिसकेका व्यक्तिहरूको नाममा यस्ता दानादि दिनुपर्छ भनेर विश्वासले कहिले पनि दानादि नगर्ने मानिसहरूले पनि दानादि पुण्य कर्म गर्ने प्रेरणा पाउँछन् ।

एउटा घटना छ - म स्वयम्भू वरिपरि घुम्न गएको समयमा एकजना मानिसले अर्को मानिसलाई भन्दै गरेको सुनें । 'ए । तिमी त धेरै दिन भइसक्यो नदेखेको । काहाँ गएको थियौ ?' अर्कोले भन्यो - 'हो, काठमाण्डुमा बस्दाखेरि अनेक गुठी चाडपर्वत मनाउँदै मेरो सम्पति समाप्त भइसक्यो । पैसा कमाउन नै सक्दिन । त्यसैले म टाढा, सर्खेतभन्दा टाढा उता गएको थिएँ ।' के उता कमाउन सकिन्छ त ?' 'उता कमाउन सकिन्छ । त्यहाँ चाडपर्व आदि मनाउनुपर्दैन । अनेक गुठीगाना केही पनि छैन । खाली पैसा कमाउने मात्र छ ।"

'अहिले किन यहाँ आएको त ?' अँ मेरो बुबाको श्राद्ध गर्नुपर्छ भनेर चिट्ठी आयो । नआउँ भने लोकोपवादबाट बच्न सकिदैन । लोकले भन्ला भन्ने डरले म श्राद्ध गर्नको लागि म यहाँ आएको हुँ ।'

त्यो कुरा सुन्दाखेरि कमसेकम कहिले पनि कर्म नगर्ने पनि श्राद्ध गर्नको लागि यहाँ आएकोले बाबुको सम्झना भयो । मानिसहरूलाई सम्झना आउदैन, म बूढो हुनुपर्छ, रोगी हुनुपर्छ, मर्नुपर्छ भनेर ।

भगवान बुद्धले समय समयमा भिक्षुहरूलाई उपदेश दिनुहुन्थ्यो तीन विषयहरूमा । जस्तै उत्पन्न भएपछि संगै लिएर आएको बूढो



Downloaded from http://dhamma.digital

हुनु, रोगी हुनु र मर्नु दुःख हो । यो विर्सनु हुँदैन । सँधैं सम्झना राख्नुपर्छ । मर्नुपर्छ भनेर विर्सेको खण्डमा त्यस मानिसले जे पनि पाप गर्न सक्दछ । उसलाई लाज भय भन्ने केही पनि रहँदैन । लाज र भय नभएको व्यक्तिले जे पनि पाप कर्म गर्छ । त्यसैले दिवंगत व्यक्तिको नाउँमा सम्झना गरी पुण्य स्मृतिमा दानादि दिने काम फाइदाजनक नै छ जस्तो लाग्छ । नत्र त मर्नुपर्छ भन्ने पनि विर्सिन्छ । मर्नुपर्छ भने बिर्सेर नै हो नि त्यहाँ दागवत्ती दिने बेला लछार पछार गरेर झगडा गर्छ, घाँटी समात्छ । दागवत्ती समात्न नै दिदैन, झगडा गर्छन् । पुलिस बोलाएर ल्याउनुपर्छ । यदि साँच्चै नै मर्नुपर्छ, एक दिन, मर्दाखेरी केही पनि लिएर जान्दैन, यहीं छाडेर जानुपर्छ भनेर सम्झना आएको खण्डमा त्यो मुर्दा, मरिसकेकोलाई, दागवत्ती दिने बेलामा घाँटी समातेर झगडा गर्दा कति अशोभनीय हुन्छ । उनीहरूलाई सम्झना छैन मर्नुपर्छ भनेर । एकजना मानिस मरेर गइसक्यो अझै उसैकै अगाडि पनि झगडा गर्छन् ।

त्यसैले यो मृत्यु भइसकेको व्यक्तिको पुण्यस्मृतिमा केही न केही दानादि कर्म गर्ने चलन चल्ती राम्रो जस्तो लाग्छ । मर्नुपर्छ भन्ने सम्झना हुन्छ । नत्र त मानिसहरू जथाभावी काम गर्न थाल्छन् । स्वार्थी बन्छन् । पुण्य कर्म भनेको गर्दै गर्दैनन् । त्यसैले यो देख्दाखेरि कसैले सोद्धछन्– 'यो मरिसकेको मानिसको गुणानुस्मरण किन गर्नुपरेको हो ?' ●



Downloaded from http://dhamma.digital

# जीवक वैद्यको बौद्ध चरित्र

बुद्धकालीन जीवक वैद्यको चरित्र बारे जानिराख्नु आवश्यक छ । बौद्ध चरित्र भनेको जन्मेदेखि मरणोपरान्तसम्मको जीवन चरित्र होइन । यहां भगवान बुद्धको शिक्षाअनुरुप राम्रो चरित्र भएकोलाई बौद्ध चरित्र भनिन्छ ।

कुरा के छ भने अजातशत्रु, जसको संस्कार स्रोतापन्न हुन सक्ने थियो । तर दुष्ट भिक्षु देवदत्तको संगतमा परेर अजातशत्रुले ठूलो महापाप गर्न थाल्यो । देवदत्तको चरित्र अबौद्ध चरित्र थियो । उसले पदलोलुपता र महत्वाकांक्षाले गर्दा बुद्धपद पाउन इच्छा गऱ्यो । त्यो इच्छा पुरा भएन । भगवान बुद्धको उत्तराधिकारी पद मागेकोमा भगवान बुद्धले स्वीकार गर्नुभएन । त्यस दिनदेखि भगवान बुद्धको विरुद्धमा षडयन्त्र गर्न सुरु गऱ्यो । अनि अजातशत्रुलाई हातमा लिएर उसलाई कुरा सिकाइदियो । 'तिमी युवक छौ । जिन्दगीको कुनै ठेगाना छैन । युवा अवस्थामा नै राज्य सिंहासनमा बस्नुपर्छ ।'

अजातशत्रुले भन्यो - 'मेरो बुबा अझै जीवित नै हुनुहुन्छ । उहाँ राज्य संचालन गर्दै हुनुहुन्छ, के गर्ने ?' 'आफ्नो बुबा बिम्बिसार महाराजलाई मारिदिने ' 'कसरी मार्ने आफ्नो पितालाई ?' 'संधै जेलमा थुनिदिने, खाना नदिइकन राख्ने, पछि त्यसै मर्छ ।' राज्य पाउने आशाले महत्वाकांक्षी भएको अजातशत्रुले देवदत्तको सल्लाहअनुसार आफ्नो बुबा बिम्बिसार महाराजलाई जेलमा थुनिदियो । आफू सिंहासनमा बस्यो । अनेक कष्ट दिइकन बाबुलाई मार्न लगायो ।

त्यही दिन अजातशत्रुको पहिलो छोरा जन्म्यो । छोरा जन्मिनासाथै उसको छोराप्रति बडो अनौठो माया प्रेम उत्पन्न भयो । अनि उसलाई ख्याल भयो । म जन्मिदाखेरि पनि मेरो बुबाको मनमा अनौठो दयामाया,



Downloaded from http://dhamma.digital

प्रेम ममता उत्पन्न भएको होला। म दुष्ट देवदत्तको संगतमा परेकोले बुबालाई दु:ख दिएं, जेलमा थुनिदिएं। अब छुटाउनुपर्‍यो भनेर आदेश दियो। तर आदेश पुगुन्जेलसम्म पहिला मार्ने आदेशअनुसार बुबा बिम्बिसारलाई मारिसकेकोले बचाउन, छुटाउन सकेन। यो समाचार सुनेर 'हरे! मैले ठूलो पाप गरें। यो पापबाट कसरी मुक्त हुने भनेर त्यो दिनदेखि धेरै पश्चाताप भयो, पीर भयो, शोक भयो। त्यो पश्चातापले गर्दा मनमा आनन्द भएन।

के गरेको खण्डमा मनमा आनन्द हुन्छ? कस्को उपदेश सुन्दाखेरि मनमा आनन्द हुन्छ' भगवान बुद्धको उपदेश बाहेक अरुको उपदेश सुनेर मनमा आनन्द हुँदैन। अब म भगवान बुद्धकहाँ कसरी जाने? के अनुहार लिएर जाने?' भनेर विचार गरिरहेको अजातशत्रुले एउटा उपाय सोच्छ। त्यहीं आफ्नो मन्त्रीमण्डलको बैठक बोलायो। जीवक वैद्यलाई पनि त्यहीं बोलायो। आफूले एकै चोटी मन्त्रीहरूलाई भन्न सकेन– मलाई भगवान बुद्धकहां लैजाउ मेरो पापी मन आनन्द बनाउनको लागि। मन्त्रीहरूको अगाडि प्रस्ताव राख्यो 'मेरो मन असाध्यै अशान्त छ। शान्त पार्नको लागि कसको उपदेश सुन्नुपर्छ भन' भनी भन्यो। त्यहाँ उपस्थित मन्त्रीहरू, जो धेरैजसो अबौद्ध थिए, कुनै पूर्णकाश्यपको चेला थियो भने कुनै मक्खलि गोसालको, कुनै अजित केशकम्बलको, कुनै संजय वेलट्ठीपुत्रको, कुनै निर्ग्रन्थनाथपुत्रको। उनिहरू भगवान बुद्धजस्तै ठूला ठूला महापुरुषहरू थिए। मन्त्रीहरूले अजातशत्रुलाई बिन्ति गरे। 'भो महाराज! हाम्रा फलाना गुरुकहाँ गएमा मनमा आनन्द हुनेछ। उहाँ ठूलो गुरु हुनुहुन्छ। उहाँको उपदेश सुन्नुपर्छ।' भनेर आफ्नो आफ्नो गुरुको प्रशंसा गरे। तर अजातशत्रु चाहिं चुपचाप बसेर सुनिरह्यो। 'हुन्छ' भनेन।



Downloaded from http://dhamma.digital

अजातशत्रुलाई चाहेको भगवान बुद्धकहां जानलाई। अजातशत्रु चाहन्थ्यो जीवक वैद्यले पनि भगवान बुद्धको प्रशंसा गरी भगवान बुद्धकहाँ लैजाला भनेर तर त्यो जीवक वैद्य चाहिं चुपचाप बसिरहेको थियो। चुपचाप बसिरहेको जीवक वैद्यलाई सोध्यो - 'ए जीवक वैद्य, तिम्रो कुनै गुरु छैन ?'

'महाराज, मेरो गुरु छ, भगवान बुद्ध। उहाँ मेरो गुरु हुनुहुन्छ। उहाँ ठूलो, शान्ति बोध भइसक्नुभएको व्यक्तित्व हुनुहुन्छ। 'किन तिमी चुपचाप बसेको त ? अरु सबैले आ-आफ्नो गुरुको प्रशंसा गर्न थाले- हाम्रो गुरुकहां जानोस्, हाम्रो गुरुकहाँ जानोस्।'

'उनीहरूले आ-आफ्ना गुरुहरूको प्रशंसा गरेर बसेको आफैले नै प्रशंसा गर्ने यो राम्रो शिक्षा होइन महाराज। मेरो पनि गुरु हुनुहुन्छ भगवान बुद्ध। हाम्रो गुरु भगवान बुद्ध ठूलो हुनुहुन्छ भनेर भन्नु राम्रो होइन महाराज। अब महाराजले नै प्रश्न उठाउनुभयो - तिम्रो गुरु छ कि छैन भनेर। महाराजले नै थाहा पाउनुभएकै कुरा हो नि भगवान बुद्ध मेरो गुरु हुनुहुन्छ भनेर शान्तिको प्रवर्तक।'

'त्यसो भए मलाई लैजाऊ न त्यहाँ।' 'महाराज! आउनोस्। बाटो म देखाइदिन्छु। मेरो आम्रवन बगैचामा उहाँ विहार गर्नुभएको छ। आउनोस्।' जानको लागि सारा प्रबन्ध मिलाइदियो। भारदार सेनाहरूको व्यवस्था गरेर जीवक वैद्यले बाटो देखाउदै लग्यो, रातको समयमा।

उता आम्रबनमा भगवान बुद्धले सयौ भिक्षुहरूलाई उपदेश दिइरहनुभएको थियो। सुनसान, शान्त, केही आवाज आउदैन। त्यो वातावरण देख्दा अजातशत्रुलाई डर लाग्यो। 'यो जीवक वैद्यले मलाई छकाएर अन्तै पो ल्याएको हो कि ? कस्तो सुनसान। सुनेको थिएँ भगवान बुद्धसंग सयौं क्षिुहरू छन् भनेर। यहाँ त चुपचाप, केही पनि शब्द सुन्न पाइएको छैन। मलाई त डरलाग्यो।' भन्दै विचार गर्न


Downloaded from http://dhamma.digital

थाल्यो 'हे जीवक ! कहाँ हुनुहुन्छ भगवान बुद्ध ? मलाई छकाएर अन्तै ल्याएको हो कि क्या हो ?'

'होइन महाराज ! त्यस्तो छकाउने काम गरेको छुइन । म भगवान बुद्धको उपासक हुँ । चेला सेवक हुँ । अरुलाई छकाउने नराम्रो काम गर्न सक्दिन महाराज । ऊ टाढा देखिदैछ एउटा बत्ती । त्यहीं बुद्ध बस्नुहुन्छ, त्यहीं हुनुहुन्छ ।' त्यहीं भिक्षुहरूलाई भगवान बुद्धले उपदेश दिइरहनुभएको छ । डर मान्नुपर्दैन महाराज । केही पनि हुने छैन ।' भनेर जीवक वैद्यले विस्तारै बाटो देखाउदै भगवान बुद्ध हुनुभएको ठाउँमा लग्यो । अजातशत्रु पनि भगवान बुद्धलाई नमस्कार गरेर एकछेउ बस्यो ।

अजातशत्रुले भगवान बुद्धको अगाडि प्रार्थना गऱ्यो - 'भो भगवान ! म साह्रै पापी छुं । दुष्टभिक्षु देवदत्तको संगत गरेर मैले आफ्नो बुबालाई मारिदिएं । ती सवै घटना सम्झना आउंछ । मलाई पश्चातापले डाह भइरहेको छ । म राम्रो सित सुत्न पनि सक्दिन । खान पनि सक्दिन । राज्य संचालन पनि गर्न सक्दिन । मलाई ठूलो पश्चाताप भइरहेको छ ।

भगवान बुद्धले भन्नुभयो - **न तं कम्मं कतं साधु, यं कत्वा अनुतप्पति** । अर्थात्- यस्तो काम गर्नु हुदैन, जसले गर्दा गरिसकेपछि धेरै पश्चाताप हुन्छ । धेरै पीर हुन्छ । मर्ने बेलासम्म त्यसले सताउँछ । सम्झना आउँदा फेरि दुःख हुन्छ । दुर्गतिमा जानुपर्छ । संगत भनेको राम्रो व्यक्तिसंग संगत गर्नुपर्छ । नराम्रो व्यक्तिसंग संगत गर्दाखेरि त्यसको प्रतिफल नराम्रो हुन्छ । मूर्खहरूको संगत गर्नु हुँदैन । पण्डितहरूको संगत गर्नुपर्छ ।' भनेर दृष्टान्त गरेर उपदेश दिनुभएको त्यो अजातशत्रुको भित्र हृदयसम्म पस्यो ।

साँच्चै कै कुरा हो । म धेरै अज्ञानी थिएँ । महत्वाकांक्षी भएर, महालोभी भएर, पदलोलुप भएर, पदलोलुप देवदत्तको संगतमा परेर म अनर्थमा परें, कुबाटोमा परें । मलाई शान्ति छैन । मलाई



Downloaded from http://dhamma.digital

सारै अशान्तिले सताइराखेको छ । साह्रै नै पश्चाताप भइरहेको छ । पहिलेदेखि नै भगवान बुद्धको संगतमा परेको भए म यस्तो पश्चातापमा नपर्ने थिएं । अव के गर्ने ? जे हुनु भइसक्यो ।'

पञ्चमहापापमध्ये एउटा पाप हो बावुको हत्या गर्नु । देवदत्तले पनि पञ्चमहापाप गरेको छ - भगवान बुद्धलाई ढुंगाले हिर्काएर शरीरबाट रगत निकालेको । भगवान बुद्धलाई दु:ख दियो । देवदत्तको संगतमा परेर 'म यस्तो अवस्थामा पुगें । मलाई शान्ति छैन' भगवान बुद्धलाई नमस्कार गर्दै अजातशत्रुले भन्यो- 'भो भगवान ! आज तपाइको उपासक जीवक वैद्यको आश्रय लिएर उसको सहारामा उसको अगुवाइमा म यहाँसम्म पुगें । केही हदसम्म शान्ति त भयो । आइन्दा म सतर्क हुन्छु । तैपनि त्यो पापबाट मुक्त त हुन सक्दिन । आफ्नो बाबुको हत्या गरेको छुं तैपनि म आइन्दा अरु पाप गर्ने छैन । परेको धर्मको काममा म सहयोग दिन्छु ' भनेर उसले पछि खुव भिक्षुहरूको आदर गर्न थाल्यो । भगवान बुद्धको महापरिनिर्वाणपछि प्रथम संगायनाको दाता भएर सहयोग दियो । उ स्रोतापन्न हुने थियो, त्यस्तो संस्कार भएको व्यक्ति थियो । मूर्ख, दुष्ट देवदत्तको संगतमा परेर उसले नराम्रो फल भोग्नुपऱ्यो । जिउदै नरकमा परेको छ । अशान्त चित्त भएर, सुत्न नसकेर, पश्चाताप गर्दै समय बिताउनुपऱ्यो ।

त्यसैले यहाँ जीवक वैद्यको चरित्र बारे मैले उल्लेख गरें । अरु सबैले आ-आफ्नो गुरुको प्रशंसा गरेर आफ्नो गुरुकहां लाने कोशिस गरे । तर त्यो जीवक वैद्यले भगवान बुद्धको प्रशंसा गरेन । 'राजालाई थाहा छ, भगवान बुद्ध मेरो आम्रवनमा विहार गर्दै हुनुहुन्छ भनेर । त्यसैले उहाँले आफैले भन्नुहुन्छ भगवान बुद्धकहाँ लानको लागि । अनि मात्र म भगवान बुद्धको नाम लिन्छु, लानको लागि बाटो देखाउंछु ।' यो बौद्ध चरित्र हो । अबौद्धहरूमा, अरुअरुमा त्यस्तो चरित्र छैन । अरुहरूमा पनि यस्तो चरित्र हुनुपर्छ । ●



Downloaded from http://dhamma.digital

# बुद्धकालीन उपासकको बौद्ध चरित्र

प्रस्तुत पुस्तकमा बुद्धकालीन बौद्ध चरित्र भएका बुद्धमार्गीहरूका कथा छानी छानी राखिदिएको छु। अर्को भाषामा भनुं भने बोध कथा भने पनि हुन्छ । बुद्धशिक्षा अध्ययन गरेर बौद्ध चरित्रको रुपमा व्यवहारमा उतारिएका बुद्धमार्गीहरूको कथा नै विशेषतया संकलन गरेको छु। यस पुस्तकको नाम बौद्ध चरित्र नाम किन राखिदिएको हो भन्ने प्रश्नको जवाफमा यसका अधिकांश कथाहरू बौद्ध चरित्रसंग सम्बन्धित कथाहरू छन् । किनभने भगवान बुद्धको पालादेखि नै अधिकांश मानिसहरू, बुद्धमार्गीहरू धर्मकर्म गर्छन् । एकथरी नाम कमाउनको लागि प्रशंसा पाउनको लागि धर्मकर्म गर्नेहरू छन् भने अर्का थरी बाध्यभएर करले, श्रद्धाले होइन, धर्मकर्म गर्नेहरू पनि छन् । भगवान बुद्धको दृष्टिकोणले यी दुबैथरीलाई शुद्ध बौद्ध भन्न सकिदैन । उनिहरूलाई बौद्ध चरित्रका हुन् भनी भन्न सकिदैन ।

अहिले म बुद्धकालीन उपासकको बौद्ध चरित्र प्रस्तुत गरिरहेको छु । चरित्र भन्दाखेरि जन्मिसकेपछि बालक अवस्थादेखि वृद्धावस्थासम्मका चरित्र चित्रण गर्न लागेको होइन। उहाँको जीवनमा विशेषता देखिएको बौद्धगुण भएको घटना कथामात्र प्रस्तुत गर्न लागेको हुँ।

एकताका भगवान बुद्ध, धर्म प्रचारार्थ धेरै टाढा जानुभएको थियो । त्यहाँका मानिसहरूले भगवान बुद्धको आगमनको खबर सुनेर धेरै खुशि भए। धुमधामसंग स्वागत गरे। अनि उहाँको उपदेश सुन्न तत्पर भए।

भगवान बुद्धको उपदेशमा के विषयको समावेश भयो भने - 'दान दिनेहरू चारथरी छन् १. एकथरी आफूले मात्र दिने, अरुलाई



Downloaded from http://dhamma.digital

दिलाउन प्रोत्साहन नदिने । २. दोश्रो थरी आफूले पनि दिने र अरुलाई पनि दिलाउने । ३. तेश्रो थरी आफूले नदिने तर अरुलाई दिलाउने ४. चौथो थरी आफूले पनि नदिने अरुलाई पनि नदिलाउने ।

यसरी ४ प्रकारले दान दिइने कर्मअनुसार पहिलो तरिकाबाट दान दिनाले भौतिक सम्पत्ति प्राप्त हुने तर सहयोगी बन्धुहरू नपाइने हुन्छ । आफूले पनि दान दिने अरुलाई पनि दान दिलाउने पुण्य कार्य गर्दाखेरि धनसम्पत्ति पनि प्राप्त हुन सक्छ, विश्वास पात्र पनि बन्न सक्छ । सहयोगी साथीहरू, परिवार नाता कुटुम्बहरू पाउन सक्छ । आफूले नदिकन अरुलाई मात्र दान दिलाउनाले आफूलाई सहयोग मात्र पाउंछ धनसम्पत्तिरहित व्यक्ति बन्न सक्छ । आफूले नदिने अरुलाई पनि नदिलाउने सबैभन्दा खराब प्रवृतिको व्यक्ति हो ।

दानधर्म गर्नेहरू ४ प्रकारका छन् भनी भगवान बुद्धले विस्तृतरूपमा व्याख्या गर्नुभएको छ । दान दिदाखेरि साथीहरू बढ्छन् । दान नदिएको खण्डमा साथीहरू पाउँदैन । दान दिदांखेरि अशरण अनाथहरूको उद्धार हुन्छ । उपकार हुन्छ । दान दिदांखेरि त्याग चेतना बढेर जान्छ । कञ्जुसीपना हराएर जान्छ । दिनसके मित्रहरू पाउन सकिन्छ, नाता-कुटुम्बहरू पनि पाउन सकिन्छ । त्यसैले आफूले मात्र दान दिने होइन अरूलाई पनि दान दिन उत्साहित गराउनुपर्छ ।

यस्तो उपदेश सुनेर एकजना उपासकले विचार गर्‍यो– 'यी चारथरिका धर्मगर्नेहरूमध्ये सबैभन्दा राम्रो आफूले पनि दान दिने अरूलाई पनि दान दिलाउन उत्साहित गर्नुनै हो । यो सबैभन्दा उच्च श्रेणीको धर्म हो, धर्म गर्नेहरू हुन् । त्यसैले म पनि दान दिन्छु, अरूलाई पनि दान दिलाउने कोशिस गर्छु भनी विचार गरी धर्मदेशना समाप्त भएपछि उठेर भगवान बुद्धसमक्ष गई प्रार्थना गर्‍यो–



Downloaded from http://dhamma.digital

'भो शास्ता पर्सी तपाईप्रमुख सबै भिक्षुहरूलाई दान दिने इच्छा छ, कृपा गरी स्वीकार गर्नुहोस् ।'

भगवान बुद्धले मौन बस्नुभएर स्वीकार गर्नुभयो । भगवान बुद्धको स्वीकारलाई बुझेर ऊ त्यो उपासक दान दिनको तयारीमा जुट्न थाल्यो । ऊ भोलिपल्ट टोल-टोलमा गएर- भोलिको लागि मैले भगवान बुद्धप्रमुख भिक्षुसंघलाई भोजनको निमन्त्रणा दिएर आएको छु । तपाईंहरूले जे-जे दान गर्न चाहनुहुन्छ त्यो-त्यो दान गर्नुहोस् । चामल छ भने चामल दिनुहोस्, आलु छ भने आलु दान दिनुहोस्, तेल छ भने तेल दिनुहोस्, दाउरा छ भने दाउरा दिनुहोस्; जे-जे छ त्यही दिनुहोस् । धर्म गर्नुपर्छ । हामी सबै टोलवासी मिलेर दान दिने हौं । म एक्लैले दान दिने होइन । धर्म गर्ने अभ्यास गर्ने गरेको खण्डमा पछि-पछिसम्म उपकार हुन्छ । आपत्-विपतको अवस्थामा आफूले गरेको पुण्यकर्म सम्झिदा मन बलियो हुन्छ । अन्तिम अवस्थामा एकदिन हामी सबै मरेर जानुपर्छ । जसरी आयो त्यसरी नै जानुपर्छ । त्यसैले यथाशक्ति दान दिनुहोस् ।'

यस्तै प्रकारले सम्झाउँदै दान वस्तु संग्रह गर्दै जाँदा चामल, चिउरा आदिको पसलमा पुग्यो । साहुजीले सोध्यो– 'किन आएको' उपासकले भन्यो– 'यहाँ हामी सबै टोलवासीहरू मिलेर भोलिको लागि भगवान बुद्ध प्रमुख भिक्षु संघलाई पाहुनाको रूपमा बोलाएका छौं । उहाँहरूलाई भोजन दान दिने योजना मिलाएका छौं । सबैले सहयोग गरिसके । जोसँग जे-जे छ त्यही दिए । कसैले चामल दिए, कसैले दाउरा दिए, कसैले तेल दिए, जसले जे दिन सक्छ उसले त्यही नै दिए । त्यसरी माग्दै जम्मा गर्दै अहिले साहुजीकहाँ आइपुगेका छौं । यथाशक्य तपाईंले पनि दान दिनुहोस् !'

त्यस चामल पसलेले भन्यो– 'मेरो बुद्धप्रति श्रद्धा छैन, भिक्षुहरूप्रति श्रद्धा छैन । म केही पनि दिन चाहन्न । तपाईहरू आ-



Downloaded from http://dhamma.digital

आफूले जम्मा गरेर दिनुहोस् । किन मसंग माग्न आएको ? किन अरूलाई दु:ख दिन आएको ? दिन्न जाऊ ।'

उपासकले अलिक नम्र हुँदै भन्यो– 'त्यसो नभन्नोस् न साहुजी' सबैले दिएका छन् । गरिबले पनि दिएका छन् । श्रद्धावानले दिएका छन् । कसैले करकापले पनि दिएका छन् । तर भगवान् बुद्ध आउनुहुन्छ भनी खुशी भएर धेरै टोलवासीहरूले प्रसन्न भएर दान दिएका छन् । मरेर के लानु छ र ? केही न केही दिन सक्नुपर्छ साहुजी । कमाएर पैसा जम्मा गर्नु मात्र मनुष्यको लक्ष्य होइन । अरूको उपकार पनि गर्नुपर्छ । दिनसके विश्वासपात्र बन्न सकिन्छ, साथीहरू बढ्छन्, मित्रहरू पाइन्छन्, आफूलाई सहयोग गर्नेहरू पाइन्छन् । त्यसैले साहुजी केही न केही दिनोस् न ।'

अन्तमा त्यो साहुजीले दिक्क मानेर तीन औंलाले च्यापेर जति आयो त्यति चामल लिएर 'मेरो श्रद्धा यति मात्र हो' भनेर दियो । त्यस उपासकले त्यस साहुजीले कञ्जुसीपनले दिएको तीनऔंला चामललाई अलग्गै रूमालमा पोको पारेर राख्यो । यो घटना त्यस साहुजीले राम्ररी नै देख्यो । 'मैले दिएको थोरै चामल अलग्गै रूमालमा पोको पारेर लग्यो । यी बुद्धका उपासकहरूले मेरो बेइज्जत गर्नको लागि नै त्यसरी अलग्गै पोकोपारी लगेको होला । हेरूँला के गर्छ । बेइज्जत गरेको खण्डमा म त्यस उपासकको टाउको नै काटिदिन्छु ।' त्यसैले उसले आफ्नो दोकानमा काम गर्नेलाई अऱ्हाएर भन्यो– 'अहिले भरखरै आएको उपासकले मैले दिएको तीनऔंला चामल अलग्गै पोको पारेर लगेको छ । तिमी पछि-पछि गएर हेरेर आऊ - मेरो निन्दा गर्ने हो कि ? मेरो बेइज्जती गर्ने हो कि ? मलाई कञ्जुस भनेर गाली गर्ने हो कि ? जाऊ सुनेर आऊ ।'

त्यो मानिस भनेअनुसार पछि-पछि लागेर गयो । त्यस उपासकले भने साहुजीले दिएको चामललाई भोजन पकाउने स्थानमा चामल



Downloaded from http://dhamma.digital

राखिएको भाँडाहरूमा ३/४ गेडा चामल प्रत्येक भाँडामा छरिदियो । अरू उपासकहरूले सोधे– 'के गरेको ?'

'हो, हो, एकजना साहुजीले मन नपराइकन, कन्जुसीले अलिकता मात्र चामल दान दिएको छ, त्यसैले त्यस साहुजीलाई धेरै पुण्य प्राप्त होस्' भनी उसको चामल सबै भाँडामा छरिदिएको हुँ ।' भनी त्यस उपासकले जवाब दियो ।'

चियो गर्न आएको मानिस अलिक टाढा बसेर सुनिरहेकोले सबै कुरा राम्ररी सुन्न सकेन । खाली कुरा गरेको देख्यो, चामल छरेको मात्र देख्यो । फर्केर जाँदा साहुजीले सोध्यो । जवावमा उसले भन्यो– 'तपाईले दिनुभएको चामललाई ४/५ वटा भाँडामा छरिदियो । अरू के कुरा गरेको बुझ्न सकिन, के भनेको थियो थाहा पाईन ।' समझदारी नभएको त्यस साहुजीले विचार गऱ्यो– 'अवश्य मलाई गाली दिएको होला । पख न, भोलि भोजन दान दिने ठाउँमा म जान्छु, हेरूँ के-के भन्ला ? मेरो नाउँ लिएर बेइज्जत गरेमा, मारिदिन्छु ।'

भोलिपल्ट हिजो भनेझैं एउटा हतियार शरीरभित्र लुकाएर भोजन गराउने ठाउँमा पुग्यो । उपासकहरूले भगवान बुद्धप्रमुख भिक्षुसंघलाई भोजन दान दिए । भोजन दान दिइसकेपछि, दाताहरूको प्रमुख दाता उपासक, भगवान बुद्ध समक्ष घुंडा टेकी बसेर प्रार्थना गऱ्यो– 'भो शास्ता ! यो दान दिएको मेरो मात्र धनसम्पतिले दिएको होईन । सबै टोलबासीहरूको सहयोग लिएर, सबैलाई धर्म चाहिन्छ भनेर, पुण्य चाहिन्छ भनेर, सबैसंग यथाशक्ति दान वस्तुहरू जम्मा गरेर यो दान गरेका हौं हामीहरूले । भो शास्ता, कृपागरी तपाईहरू यहाँ आउनुभयो । दान ग्रहण गर्नुभयो । हामीले दान दिने मौका पायौं । हामी सान्है खुशी छौं । यथाशक्ति, यथाश्रद्धा दान गर्न



Downloaded from http://dhamma.digital

सक्यौं । आज जति दान दिन सकिएको छ, त्यसमध्ये एकजना साहुजीले कञ्जुसीपनले तीनऔंली चामल दान दिनुभएको छ । त्यसैले उहाँलाई बढी पुण्य प्राप्त होस् भनी म कामना गर्दछु । अरू सबैलाई बराबर पुण्य प्राप्त होस् ।'

यो कुरा सुनेर 'मेरो बेइज्जती गर्ला र मारिदिन्छु भनी हतियार लुकाएर ल्याएको त मैले कस्तो कुरा सुन्न पाएँ । म पो पापी रहेछु । यो भगवान बुद्धको उपासकले अर्कै कुरा पो सुनायो । भगवान बुद्धको उपासकको मन उदार रहेछ, चरित्रवान रहेछ । आफूलाई मात्र पुण्य प्राप्त भएर हुँदैन अरूलाई पनि पुण्य प्राप्त होस् भनेर दानवस्तु जम्मा गर्दै हिडेको रहेछ । मैले सबैभन्दा कम वस्तु दान दिएँ त झन मलाई नै सबैभन्दा बढी पुण्य लाभ होस् भनी कामना गर्दछ । मन ठूलो रहेछ, मन सानो रहेनछ भगवान बुद्धका उपासकहरूका । अब मैले क्षमा माग्नु पर्छ । यति हुंदा पनि मैले क्षमा मागिन भने चट्याङपरी टाउको फुटेझैं मेरो टाउको फुट्छ ।'

यसरी विचार गरी आफ्नो गल्ती महसूस गरी त्यस उपासकको अगाडि पुगेर दुबै हात जोडी भन्न थाल्यो– 'मलाई क्षमा गर्नोस्, मैले तपाई विरूद्ध ठूलो पाप गरें ।' 'के पाप गर्नु भयो, किन क्षमा माग्नु भएको ?'

'तपाई दानवस्तु जम्मा गर्दै हिड्नु हुँदा मैले तीनऔला जति चामल दिएँ, यदि मेरो बेइज्जत गरेमा टाउको नै काटिदिन्छु भनेर हतियार समेत लिएर यहाँ आएको थिएँ । मैले जे सोचेर आएको थिएँ त्यो भएन, नचिताएको कुरा मात्र भयो । सान्है नै राम्रो कुरा सुन्न पाएँ । म आफूलाई नै पापी भनेर महसूस गर्छु । क्षमा नमागेको खण्डमा चट्याङ परेर मेरो टाउको टुक्रा-टुक्रा हुनेछ । त्यसैले कृपागरी क्षमा गरिदिनुहोस् ।' त्यो उपासक अकमकियो 'कस्तो कुरा



Downloaded from http://dhamma.digital

सुन्न पाएँ आज । भैगो ठीक छ । तपाईंले गल्ती महसूस गर्नुभयो ।' 'महसूस गरेर त माफी मागेको हो नि ।' उनीहरूका कुरा सुनेर अन्य सबै छक्क परे । सबै टोलाएर हेर्न थाले । भगवान बुद्ध पनि मुसुमुसु मुस्कुराइरहनुभयो ।

यो बुद्धकालीन उपासकको बौद्ध चरित्र भनेको नै अलिकता चामल दिंदा 'चाहिंदैन' भनेर फालेन । अरू चन्दा माग्न जाँदा, धेरै आशा लिएर जान्छ, एकहजार देला, पाँचसय देला भनेर । तर एकसय मात्र वा पचास मात्र दान पाएमा 'चाहिंदैन' भनेर फालेर आउने पनि छन् । त्यस उपासकले तीनऔंला चामल अलग्गै पोको पारेर झन उसलाई बढी पुण्य लाभ होस् भनेर कामना गऱ्यो । यसले गर्दा के भयो भने त्यस बौद्ध उपासकको राम्रो व्यवहारले गर्दा, राम्रो विचारले गर्दा, राम्रो चरित्रले गर्दा त्यो कञ्जुस साहुजीको हृदय परिवर्तन भयो ।

यहाँ भन्न खोजिएको पनि यही नै हो । चरित्र राम्रो हुनुपर्छ, आचरण राम्रो हुनुपर्छ । आचरण राम्रो भएको खण्डमा धर्मप्रचार गर्न सकिन्छ । यही नै हो बुद्ध शिक्षाको सार । धर्मप्रचार किन गर्नुपर्ने भन्दाखेरि अरू-अरूको संकीर्ण मन उदार बनोस्, कञ्जुसीमनमा त्याग चेतना जागोस्, साहनुभूति, सेवा भाव जागोस् । अरूलाई केही न केही उपाकारार्थ दान दिनुपर्छ भन्ने यही नै शिक्षा हो ।

साधु । साधु ॥ साधु ॥



Downloaded from http://dhamma.digital

# अबौद्ध चरित्र भएको भिक्षु

यहाँ मैले राम्रो बौद्ध चरित्र भएको कथाहरू मात्र प्रस्तुत गरें। अब एउटा बुद्धकालीन भिक्षुको अबौद्ध चरित्र भएको घटना उल्लेख गर्न लागिरहेको छु।

गौतम बुद्धको फूफूको छोरा अलिक बैंश गएको, अलिक बूढो हुन लागेको शाक्य थियो। ऊ भिक्षु बन्न पुग्यो। उसको नाम तिस्स थियो। उसलाई धेरै घमण्ड थियो भगवान बुद्ध मेरो मामाको छोरा हो भनेर। त्यसैले ऊ भिक्षु बन्न गयो। भिक्षु बनिसकेपछि ऊ दिनका दिन भगवान बुद्ध बस्नुहुने बैठकको आसनमा बस्ने गर्दथ्यो। ठूलो महास्थविरजस्तो गरी बस्दथ्यो।

उसको उमेर पनि पुगिसकेको थियो। धेरै उमेर पुगिसकेपछि भिक्षु बन्दाखेरि २/३ वटा अवगुण पाइन्छ। मान-सम्मान खोज्ने, लोभ-लालच हुने र खुब घमण्डी हुने। त्यो तिस्स भिक्षु पनि भगवान बुद्ध बस्नुभएको जेतवन विहारमा बस्दा खुब सम्मान पाइन्छ भन्ने विचारको थियो। ऊ नवक भिक्षु थियो तर भगवान बुद्ध बस्नुहुने धर्मसभाको धर्माशनमा बसेर दिन काट्ने गर्दथ्यो।

बाहिरबाट भगवान बुद्धको दर्शनार्थ धेरै भिक्षुहरू आउदछन्। धर्माशनमा अधैबैसे, मोटो घाटो, हट्टाकट्टा त्यही तिस्स भिक्षुलाई देखेर, ठूलो भिक्षु वा महास्थविर भिक्षु होला भनेर भिक्षुहरूले वन्दना गर्दथे, सम्मान गर्दथे। ऊ चाहिं खुब नाक फुलाएर, गमक्क परेर, मुसुमुसु हाँस्दै शालिकजस्तै बसिरहन्थ्यो।

भिक्षुहरूको नियमानुसार पाहुना भिक्षुहरू आउँदाखेरि उनीहरूको सामान छ भने सामान राख्ने ठाउँमा राखिदिनुपर्छ, वस्त्र आदि छ भने उपयुक्त ठाउँमा राखिदिनुपर्छ। खुट्टा धुनको लागि पानी



Downloaded from http://dhamma.digital

दिनुपर्छ । पिउन चाहन्छ भने पिउने पानी दिनुपर्छ । अनि सोध्नुपर्छ– 'तपाई भिक्षु भएको आयु (वर्षावास) कति भयो ?' भनेर । यदि आफूभन्दा जेठो भएमा वन्दना गर्नुपर्छ ।

तर त्यो तिस्स भिक्षु बूढेसकालमा भिक्षु भएको र भरखरै भिक्षु भएको कारणले नियम आदि केही पनि सिक्ने कोशिस पनि गरेन । त्यसैले केही पनि थाहा भएन । उसलाई आफू ठूलो व्यक्ति भनाउने र सम्मान पाउने आशा मात्रै रहेकोले भगवान बुद्धको धर्माशनमा बस्ने गरेको हो । त्यो भिक्षु खाँदा-खाँदा मोटाएकोले उसको नाम थुल्लतिस्स अर्थात् मोटाएको तिस्स भन्ने नाम रहन गयो ।

एकदिन आगन्तुक भिक्षुहरूमध्ये एकजना नवयुवक भिक्षुले वन्दना गर्नअघि नै 'तपाईको वर्षावास कति भयो ?' भनि सोध्यो । उसले पनि त्यस्तो कुरा मलाई थाहा छैन, म हालै मात्र भिक्षु बनेको हुँ, किन सोधेको' भनी जवाफ दियो ।

'ए लाज नभएको, हालै मात्र भिक्षु भएको ? आफूभन्दा जेठो भिक्षु आएर वन्दना गर्दा पनि चुपचाप बस्ने । उठ्नु पर्दैन ? उहाँलाई नमस्कार गर्नुपर्दैन । लाज नभएको भिक्षु, नालायक । यहाँ बस्नै नहुने ।'

यसरी आफूलाई गाली गरेको सुनेर त्यो थुल्लतिस्स भिक्षुले आगन्तुक भिक्षुलाई भन्न थाल्यो– 'तिमीलाई थाहा छ म को हुँ ? म भगवान बुद्धको फुफूको छोरा हुँ । म ठीक पारिदिन्छु ।' आगन्तुक भिक्षुले पनि 'हिड भगवान बुद्धकहाँ' भन्दा 'जान्न' भनी जिद्दी गर्न थाल्यो । आगन्तुक भिक्षुहरूले दुबै हातमा पक्री जबरजस्ती भगवान बुद्धकहाँ लिएर गए ।

भगवान बुद्धले सोध्नुभयो– 'किन यसलाई जबरजस्ती पक्रेर यहाँ ल्याएको ?' 'भो भगवान, यो सान्है घमण्डी रहेछ । सान्है शोभित



Downloaded from http://dhamma.digital

नभएको चरित्रहीन भिक्षु रहेछ । भगवान शास्ता तपाईं बस्नुभएको धर्माशनमा बसिरहेको रहेछ । आफूभन्दा जेठो भिक्षुहरू आउँदा नमस्कार गर्दैन । आफूभन्दा जेठो भिक्षुले वन्दना गर्दा मुसुमुसु हाँस्दै चुपचाप शालिकजस्तै बसिरहन्छ । आगन्तुक सत्कार गर्नुपर्ने केही पनि गर्दैन । झन उल्टा भगवान बुद्ध मेरो मामाको छोरा हुन् भन्दै 'म ठीक पारिदिन्छु' भनी धम्क्याउँछ । त्यसैले भो शास्ता, यसलाई अर्ती दिलाउन यहाँ ल्याएको ।'

भगवान बुद्धले थुल्लतिस्सलाई सोध्नुभयो– 'तिमी कहाँ बसिरहेको ?' 'म त्यही बैठकको धर्मसभाकक्षको धर्माशनमा बसिरहेको ।' 'तिमी त्यहाँ बस्न लाएक छैनौ । त्यहाँ बस्दा आगन्तुक आउँदा आगन्तुक सेवा गर्नुपर्छ । सुत्नेकोठा, चर्पी आदि ठाउँहरू देखाउनुपर्छ । तिमीले गल्ती गरेको छ । अब तिमीले माफी माग ।'

'माग्दिन, माफी माग्दिन । मलाई गाली पनि गर्ने, अझ मैले नै माफी माग्ने ?' भगवान बुद्धले २/३ जना भिक्षुहरू बोलाउनुभएर उसको दुबै हात पक्रन लगाउनुभई टाउको पक्रेर जबरजस्ती माफी माग्न लगाउनुभयो ।

पछि भगवान बुद्धले उसलाई सम्झाउनुभयो । 'ठीक छैन तिम्रो चरित्र । तिम्रो बानी बेहोरा राम्रो हुनुपर्‍यो । नत्र त तिमीलाई कसैले पनि मन पराउने छैन' तिमी कसैको पनि विश्वासपात्र बन्न सक्ने छैनौ । सम्मान पाउनको लागि योग्य हुनुपर्छ । धेरै नम्र हुनुपर्छ । घमण्डी हुनु हुँदैन । अहंकारलाई त्याग्नुपर्छ । तिमी जिद्दी स्वभावको छौ । यो स्वभाव भएन भिक्षु जीवनको लागि । यतिका दिन तिमीले सम्मान पायौ मेरो नामबाट । मेरो अनुहारको कारणले । पछि सम्मान पाउने छैनौ । तिम्रो चरित्र राम्रो भएमा मात्र तिमीलाई सम्मान गर्छ, माया गर्छ, श्रद्धा गर्छ । यी सबै पाउन योग्यता हुनुपर्छ, अनुशासित हुनुपर्छ ।'



Downloaded from http://dhamma.digital

अन्तमा थुल्लतिस्स भिक्षुले आफ्नो गल्ती महसूस गर्‍यो र भन्यो– 'भो शास्ता ! म साह्रै अज्ञानी रहेछु । त्यसैले मैले कुनै नियम पालन गर्न सकिन । मलाई थाहा छैन आगन्तुक भिक्षुहरू आउँदाखेरि के गर्नुपर्छ भनेर । मलाई अहंकाररूपी भूतले दुःख दिएको छ । त्यसैले मेरो चरित्र राम्रो भएन, आचरण राम्रो भएन । आइन्दा म त्यस्तो चरित्रहीन भएर बस्ने छुईन । आजदेखि म सतर्क भएर बस्छु, सचेत भएर बस्छु । राम्रो चरित्रवान भएर बस्छु । मलाई क्षमा गरिदिनुहोस् ।' त्यस दिनदेखि उसले आफ्नो गल्ती सच्याउन थाल्यो । आफ्नो बानी ब्यहोरालाई सुधार्न थाल्यो । आफ्नो गल्ती महसूस गर्न थाल्यो ।

जसले आफ्नो गल्ती स्वीकार्न सक्छ, त्यो मानिस शुद्ध मानिस बन्छ । ऊ पतन हुँदैन । ऊ प्रगतिपथमा नै चल्ने हुन्छ । त्यसैले बौद्ध चरित्र के हो भनी बुझ्न सक्नुपर्छ । यो चरित्र बौद्धलाई पनि आवश्यक छ, अबौद्धलाई पनि आवश्यक छ । बौद्ध र अबौद्धको प्रश्न र भेदभाव छैन । चरित्र मात्र राम्रो हुनुपर्छ । तब जहाँ गएपनि सम्मान पाउँछ सुखपूर्वक सुत्न सक्दछ ।

साधु ! साधु !! साधु !!!



Downloaded from http://dhamma.digital

# सारिपुत्र भिक्षुको बौद्ध चरित्र

म सारिपुत्र महास्थविरको साच्चै नै सराहनीय, अनुकरणीय, उल्लेखनीय, चरित्र बारे बताउन गइरहेको छुँ। उहाँको गुणहरूमध्ये एउटा विशेष गुण सहनशीलता पनि हो। सहनशीलता भनेको मानिसमा विशेषगरी भिक्षुमा, हुनैपर्छ त्यो अरहन्तको गुण पनि हो। चरित्र पनि हो। तैपनि उहाँमा पाइने सहनशीलता बौद्ध चरित्र सबैलाई काम आउँछ– प्रव्रजितलाई मात्र होइन, गृहस्थहरूलाई पनि शान्तिको लागि औषधीजस्तै।

उहाँमा धेरै सहनशीलता छ। धेरै सहनशील हुनुहुन्छ भनेर प्रख्यात हुनुहुन्छ। उहाँ ब्राह्मण कुलबाट प्रव्रजित हुनु भएरआउनु भएको हो। भनेर एकजना ब्राह्मणलाई उहाँसंग धेरै रिश उठेकोरहेछ। सारिपुत्र महास्थविर सहनशील हुनुहुन्छ सुनेर त्यस ब्राह्मणले साँच्चै नै सहनशीलता भएको हो कि होइन भनी परीक्षा गर्ने विचार गऱ्यो।

एकदिन सारिपुत्र महास्थविर भिक्षाटन गर्न निस्कनुभएको थियो। भिक्षाटन गर्न हिंडिरहनुभएको सारिपुत्र महास्थविरको पिढ्यूँमा एक मुक्का हानिदियो। तर सारिपुत्र महास्थविर, केही पनि नभएझैं गरी, सुरूसुरू आफ्नो भिक्षाटनमा हिंड्नुभयो। पछाडि फर्केर हेर्नु पनि भएन। कुनै वास्ता पनि गर्नुभएन। त्यो ब्राह्मणले बिचार गऱ्यो– 'यो सारिपुत्र महास्थविर त साँच्चै नै सहनशील रहेछ। मैले हिर्काएको कुनै मतलब नै भएन। कमसेकम कसले हिर्काएको भनी पछाडि हेर्नु त पर्ने हो। हेरेकै होइन। साँच्चै नै उहाँ महान महात्मा रहेछ। त्यस्ता पवित्र भिक्षुलाई हिर्काएं। ठूलो पाप गरें।' भन्दै विचार गरी हिर्काएपछि ब्राह्मणलाई पछुतो हुन थाल्यो।



Downloaded from http://dhamma.digital

'अब मैले क्षमा माग्नुपर्छ । नत्र भने मलाई अनर्थ हुनेछ । त्यसैले सारिपुत्र भन्तेको पछि-पछि गएर भेट्न गयो । सारिपुत्र भन्तेलाई भेटिसकेपछि उभिएर दुबैहात बिन्ती गरी प्रार्थना गऱ्यो– 'भन्ते, मलाई क्षमा गर्नुहोस्, मलाई माफी दिनुहोस् ।' सारिपुत्र भन्तेले भन्नुभयो– 'तिमीले के गऱ्यो र माफी मागेको ?'

'भरखरै तपाई भिक्षाटन गरिरहनुभएको बेला मैले तपाईको पिढ्यूँमा बेसगरी हिर्काएँ । तपाई वास्तै नगरीकन हिंड्नुभयो । के तपाईलाई दु:खेन ?' 'अँ अलिकता दु:खेजस्तो लाग्छ ।' 'होइन, मैले बेस्सरी नै हिर्काएको हुँ । तपाईंमा सहनशीलता छ भनेर सुनेको त्यो साँच्चै नै हो कि होइन भनेर परीक्षा गर्नको लागि हिर्काएको हुँ । मैले अब थाहा पाएँ तपाई सहनशीलताको प्रतिमूर्ति हुनुहुँदोरहेछ ।'

सारिपुत्र महास्थविरले भन्नुभयो– 'आफूले गरेको नराम्रो काम महसूस गरेर क्षमा माग्न आयौ, तिमी ठूलो मानिस बन्न सक्छौ । ठीक छ, मैले क्षमा गरिदिएँ ।'

'भन्ते क्षमा मात्र दिएर पुग्दैन । आजको लागि मेरो घरमा भोजन ग्रहण गरिदिनुहोस् ।' भनेर सारिपुत्र भन्तेलाई आफ्नो घरमा लग्यो ।

तर त्यस समयसम्म सारिपुत्र महास्थविरलाई एकजना ब्राह्मणले पिठ्यूँमा हिर्कायो भनी समाचार द्रुतगतीले चारैतिर फैलिसकेको थियो । उहाँका उपासक-उपासिकाहरू समर्थकहरू त्यो कुरा सुनेर त्यस ब्राह्मणलाई बाँकी राख्ने छैन, हाम्रो सारिपुत्र भन्तेलाई हिर्काउनेलाई भनी लट्ठी आदि लिएर ब्राह्मणको घरमा घेरा हाल्न पुगे । घर बाहिर बसेर– 'हे ब्राह्मण बाहिर निस्क । हाम्रो सारिपुत्र भन्तेलाई पिट्ने !' भनी कराउन थाले ।

ब्राह्मणले बिस्तारै झ्यालबाट हेऱ्यो त देख्छ घरको चारैतिर घेरा हालेका छन्, धेरै मानिसहरूको हातमा लट्ठी छ । डरले काँप्न



Downloaded from http://dhamma.digital

थाल्यो ब्राह्मण । डराउँदै उसले महास्थविरलाई भन्यो– 'भन्ते ! म त बित्ने भएँ । मलाई पिट्नको लागि उपासक-उपासिकाहरू भेला भएर मेरो घर घेरा हाली बसेका छन् । अब के गर्ने होला ?'

सारिपुत्र महास्थविरले भन्नुभयो– 'चिन्ता मान्नुपर्दैन, धन्दा मान्नुपर्दैन । केही पनि हुँदैन । म यहाँ छँदैछु नि ! नडराऊ । भोजन समाप्त भएपछि उहाँले ब्राह्मणलाई आफ्नो भिक्षा पात्र बोकाउन लगाउनुभएर भन्नुभयो– 'तिमी मेरो पछि-पछि आऊ ।'

उहाँ अगाडि-अगाडि हिंड्नुभयो, ढोका खोल्नासाथ पिट्न भनी आएका उपासक-उपासिकाहरूले सारिपुत्र महास्थविरलाई देखेर आश्चर्यचकित हुँदै सोधे– 'अरे सारिपुत्र भन्ते ! तपाई यहाँ किन आउनुभएको ?' उल्टै सारिपुत्र महास्थविरले सोध्नुभयो– 'तिमीहरू यहाँ किन आएका हौ ?'

'यस ब्राह्मणले तपाईलाई बेस्सरी हिर्कायो भनेर सुनेर, उसलाई पिट्नको लागि आएका हौं भनेर सुनाए । तब सारिपुत्र भन्तेले भन्नुभयो– 'पिटेको मलाई पीड़ा भएको तिमीहरूलाई ? उसले क्षमा पनि मागिसक्यो । गल्ती पनि स्वीकार गरिसक्यो । आफ्नो नराम्रो कामको लागि पश्चाताप स्वरूप भोजन निमन्त्रणा पनि दिइसक्यो । क्षमादान स्वरूप मैले उसको घरमा आएर भोजन स्वीकारगरी भोजन पनि गरिसकें । जाऊ तिमीहरू आ-आफ्ना घरमा जाऊ ।'

उपासक-उपासिकाहरू भने आश्चर्यचकित हुँदै भन्न थाले– 'बडो अनौठो रहेछ । त्यो ब्राह्मणले पिठ्यूमा बेस्सरी हिर्कायो, फेरि उसैको घरमा भोजन निमन्त्रणा स्वीकार गर्नुभए भोजन गर्नुभयो । बडो अजिबको चमत्कार गर्नुभयो ।'

यहाँ कुरा के छ भने त्यस ब्राह्मणले सारिपुत्र महास्थविरलाई पिठ्यूँमा हिर्काउँदा उहाँले सहनुभयो । यो साधारण घटना होइन । साधारण मानिसले त्यसरी सहन सक्दैन । उहाँ महापुरुष, महात्यागी



Downloaded from http://dhamma.digital

भएरमात्र सहनुभएको हो । यस घटनामा सहनशीलताको कारणले ब्राह्मणको हृदय पनि परिवर्तन भयो । यदि ब्राह्मणको हृदय परिवर्तन नभएको भए सारिपुत्र महास्थविरको सहनशीलताको मूल्य रहने थिएन । प्रशंसनीय हुने थिएन । उहाँको अशल चरित्रले गर्दा शत्रुसमान ब्राह्मणको पनि हृदय परिवर्तन हुनु नै ठूलो विशेषता हो ।

यही नै उल्लेख गर्न खोजिएको हो यस कथामा । साधारणतया अलिकता पनि सहनशीलता भएमा घरघरमा झैझगडा हुने थिएन । शान्तिको लागि नभई नहुने औषधि हो सहनशीलता । सहनशीलता नभएको खण्डमा मुक्का-मुक्की हुन्छ । सहनशीलताको कारणले ब्राह्मणको हृदय परिवर्तन भयो भने सहनशीलताको अभावमा उपासक-उपासिकाहरूको मनमा क्रोध र बदला लिने भावना उत्पन्नभयो र झगडाको लागि तयार भए । सारिपुत्र भन्तेको आदर्श नै बिर्सिदियो । सहनशीलताको अभाव हुँदा आचरण नै उल्टो भयो । सारिपुत्र भन्तेलाई मान्छन् तर उहाँको गुण, बौद्ध चरित्र आफूमा अनुकरण गर्नेतर्फ कसैले सोचेनन् ।

यही नै कारण हो आजकाल धर्म-प्रचार नभएको कारण देखावटी भएकोले हो । भगवान बुद्धलाई खुब मान्छन् । उहाँलाई खुब पूज्छन् । तर उहाँमा भएको विशेष गुणहरूमध्ये केही गुण आफूमा पनि होस् भनेर कसैको पनि ध्यान जाँदैन । मात्र उहाँ महापुरुष हुनुहुन्छ भनेर प्रशंसा गर्ने हुन्छ ।

सहनशीलता गुण भएझैं सारिपुत्र महास्थविरमा भएको अर्को एउटा गुण पनि उल्लेख गर्न चाहन्छु । वहाँ विहारमा बस्नुहुँदाखेरि सबै भिक्षुहरू बिहानै भिक्षाटनको लागि गईसक्नुभएपछि सबै कोठाहरू, विहार सफा छ कि छैन भनेर हेर्नुहुन्थ्यो भने यदि नभएमा सफा सुग्घर गरिदिनुहुन्थ्यो । ओछ्यान आदि मिलाई दिनुहुन्थ्यो । चर्पी सफा गर्नुहुन्थ्यो । अन्तमा उहाँ भिक्षाटनमा जानुहुन्थ्यो ।



Downloaded from http://dhamma.digital

चर्पी सफा गर्ने बारे उपदेश दिदां यस्तो पनि कथा सुनाउने हो र ? यस्तो पनि धर्मकथा हुन्छ र ? भन्छन् आजकाल कतैकतै । आजकाल ठूला-ठूला घरहरूमा बढी आधुनिक ढंगले बस्छन्, सजाउँछन्, मीठा-मीठा खान्छन्, सफा लुगा लगाउँछन्, तर चर्पी भने फोहर राख्छन्, सफा गर्दैनन् । पिशाप गरेर पानी फ्याक्ने बानी छैन । दिशा देखिने गरी फोहर गरेको हुन्छ । असाध्यै गन्हाउने र दुर्गन्धको लेउ लागेर चिप्लने अवस्थामा हुन्छन् चर्पीहरू, आधुनिक तथा फैशन गर्नेका ठूला-ठूला भवनहरूमा पनि । चर्पी सफा भएन भने रोग फैलिने सम्भावना हुन्छ ।

त्यसैले सारिपुत्र भन्तेको अनुकरणीय गुणहरूमध्ये चर्पी सफा गर्ने पनि मलाई असाध्यै मनपर्ने गुणहरूमध्ये एक हो । यतातिर पनि हामीले ध्यान दिन सक्नुपर्छ । भिक्षुहरूले पनि यस बारे ध्यान दिँदैनन् । आफ्नो कोठा, ओछ्यान सफा गर्नेमा ध्यान दिएको पाइदैन । त्यसैले यसमा सबैको ध्यान दिन आवश्यक छ । अतः सारिपुत्र महास्थविरका यी विशेष दुई गुणहरूबाट प्रेरणा लिन्छन् भनेर आशा लिएको छु ।

साधु ! साधु !! साधु !!!



Downloaded from http://dhamma.digital

# पहिले अज्ञानी पछि ज्ञानी भएका भिक्षुहरू

अब म धेरै विद्वान भएका दुई जना भिक्षुहरूको नराम्रो चरित्र भएको तर पछि गएर गल्ती महसूस गरेर राम्रो चरित्र बनाएका कथा उल्लेख गर्न चाहन्छु। साधारण मानिसहरूको धारणा र विश्वास छ, धेरै विद्वान भएमा, धेरै पढे-लेखेको भएमा शिक्षित हुन्छन्, चरित्र राम्रो हुन्छन्। बुद्धकालनि भिक्षुहरूको घटना र अहिलेसम्मको विद्वानहरूको चरित्र हेर्दाखेरि यस्तो देखिदैन । पढेलेखेकाहरू सबै कहाँ शिक्षित हुन्छन् त ? उनहिरू घमण्डी हुन्छन् । अर्काको टाउको झुकाउन खोज्छन् । मालिक बन्न खोज्छन्, सेवक बन्न चाँहदैनन् ।

भगवान बुद्धले पराभव सूत्रमा भन्नुभएको छ– **सुविजानो भवं होति सुविजानो पराभवो,** धेरै जानेको, पढेलेखेको मानिस उन्नति पनि गर्नसक्छ, पतन पनि हुनसक्छ। **धम्मकामो भवं होति,** धर्म चाहनेहरूको भलो हुन्छ । **धम्मदेसी पराभवो,** धर्म नमान्नेहरू पतनहुन्छन् ।

पढेलेखेको मानिसको उत्थान पनि हुनसक्छ, पतन पनि हुनसक्छ । उसको कामले उसको भविष्य उज्जल वा पतन हुने हुन्छ । त्यस्तै भगवान बुद्धहरूका शिष्यहरूमध्ये एकजना त्यागी धर्मकथिक, ऊ खुब ग्रन्थ अध्ययन गरेर धर्मउपदेश दिन शिपालु भयो । धर्मदेशना गर्नुमा लोकप्रिय भयो । अर्को एकजना भिक्षु छ विनयधर, नियम पालन गर्नुमा खुब शिपालु छ। नियम पालन गर्नुपर्छ भनेर खाली नियमको मात्र प्रशंसा गर्ने गर्छ ।

एकदिन त्यो धर्मकथिक भिक्षु चर्पीमा गयो, दिशा गरिसकेपछि लोटालाई नघोप्ट्याई ठाडो राखी आएछ । त्यसपछि लगत्तै अर्को विनयधर भिक्षु चर्पी गएछ । चर्पी जाँदा ठाडो राखेको लोटालाई देखेछ । भिक्षु विनयअनुसार चर्पी लोटालाई घोप्ट्याएर राख्नुपर्छ । किनकि एकपल्ट ठाडो राख्नाले गर्दा बिच्छी बसेर पानी लिन खोज्दा



Downloaded from http://dhamma.digital

एक भिक्षुलोई बिच्छीले डसेछ । त्यसदिनदेखि लोटा घोप्ट्याएर राख्ने नियम बनाइएको हो ।

तर कथा भन्ने धर्मकथिक भिक्षुलाई त्यस बारे थाहा रहेन रहेछ । विनय पालनबारे जानकार विनयधर भिक्षु चर्पीबाट बाहिर आएर सोध्यो– 'भरखरै चर्पीमा को गएको थियो ?' धर्मकथिक भिक्षुले भन्यो– 'म गएको थिएँ ।' विनयधरले भन्यो– 'तिमीले नियम बिर्स्यौ लोटा घोप्ट्याएर राख्नुपर्छ भनेको ?' धर्मकथिकले भन्यो– 'मलाई थाहा थिएन नियम । त्यसैले मलाई माफी दिनुहोस्' भन्दै माफी पनि मागेछ । विनयधरले पनि 'तिमीलाई नियम थाहा रहेनछ, तिमीले गल्ती महसूस गर्‍यौ भैगयो, माफी भयो ।' भनी माफी दिएछ ।

तर ऊ आफ्नो चेलाहरूकहाँ गएर भन्न थालेछ– 'ए भिक्षुहरू, तिमीहरूले थाहा पायौ ? त्यो धर्मकथिक भिक्षु त धर्म उपदेश दिन मात्र सिपालु रहेछ । सानो नियम पनि थाहा रहेनछ । चर्पीमा लोटा घोप्ट्याएर आउनुपर्छ भन्ने पनि थाहा छैन उसलाई । लोटा नघोप्ट्याएर त्यसै ठाडो राखेर पो आएछ ।'

ती चेलाहरू उता धर्मकथिक भिक्षुको चेलाहरूकहाँ गएर भन्न पुगे– 'ए तिम्रो गुरु त अरूलाई उपदेश दिनमा मात्र सिपालु रहेछ । सानो नियम पनि पालन गर्न नसक्ने रहेछ ।' यसरी आफ्ना गुरुको आलोचना गर्दै आफूहरूलाई हेला गरी भनेको सुनेर आफ्ना गुरुकहाँ गई भन्न पुगेछ– 'हे गुरु, तपाईलाई त सानो नियम पनि पालन गर्न आउँदैन रे । चर्पीमा लोटा घोप्ट्याएर आउनु भएन रे ।' गुरुले सोध्यो– 'कसले भन्यो तिमीहरूलाई ?' 'ऊ विनयधरको चेलाहरूले ।' 'हो मैले गल्ती गरें, त्यसमा मैले क्षमा पनि मागें र मलाई क्षमा पनि दिइसक्यो । क्षमा दिइसकेको विषयमा फेरि आलोचना गर्ने त्यो भिक्षु मुसावादी रहेछ, विनयको कुरा गर्ने तर माफी मागिसकेको



Downloaded from http://dhamma.digital

विषयमा आलोचना गर्न नहुने भनेर विनय पालन नगर्ने झूठोवादी रहेछ ।' भनेर धर्मकथिकले आलोचना गर्न थाल्यो । फेरि यो कुरा सुनेर बदला लिन चेला भिक्षुहरू विनयधरको चेलाहरूकहाँ गएर भन्न गए– 'तिम्रो गुरु नै झूठो रहेछ । मेरो गुरुले गल्ती महसूस गरेर माफी माग्दा माफी समेत दिइसक्दा पनि फेरि तिम्रो गुरुले आलोचना गर्ने यो पनि यिनम पालन गरेको हुन्छ ? यो पनि अनुशासन हो र ?'

फेरि विनयधरको चेलाहरूले आफ्ना गुरुकहाँ गएर सारा कुरा सुनाउन पुगे । यसरी धर्मकथिक र विनयधर भिक्षुहरूको घमण्डको कारणले विवाद बल्झिन थाल्यो । चेलाहरूमा आफ्ना गुरुको समर्थनमा अर्को समूहसंग वाद-विवादमा जेलिन थाल्यो । वाद-विवाद बढेर उपासक-उपासिकाहरू पनि विभाजित भए विवादमा फस्न थाले !

एक समूहले भने– 'हाम्रो गुरु भिक्षु विनयधर हुनुहुन्छ उहाँलाई विनय राम्ररी आउँछ, स-साना विनय पनि पालन गर्नुहुन्छ, तिम्रा गुरुलाई विनय नै थाहा रहेनछ । अर्को समूहले भने– 'हाम्रा गुरु धर्म देशना गर्नुहुन्छ, आफ्नो गल्ती पनि स्वीकार गरिसक्नुभयो । तिमीहरूकै गुरु झूठो हो ।'

यसरी नै वाद-विवादलेगर्दा अनमेल व्यवहार बढ्दै गयो । यसको सूचना भगवान बद्धकहाँ पनि पुग्यो । यो कुरा सुनेर भगवान बुद्धलाई संवेग उत्पन्न भयो । संवेग भन्नाले ज्ञानले दुःख अनुभव गर्नु हो– जसमा आशक्ति वा शोक विलाप हुँदैन । तर हामीजस्ता अज्ञानीले अज्ञानतापूर्वक दुःख मनाउछौं र शोक विलाप गर्छौं । संवेग उत्पन्न गर्नुभएर सम्झाउनु पर्‍यो भनी विचार गर्नुभएर, कौशाम्बी भिक्षुहरूकहाँ पुग्नुभयो र भन्नुभयो– 'ए भिक्षुहरू । तिमीहरूले यो के गरेको ? लाज छैन, तिमीहरूलाई ? कस्तो झगडा गरेको ? अशोभनीय छ । मेरो नाक नै तिमीहरूले काटिदियौ । चीवर (पहेंलो लुगा) लगाएर



Downloaded from http://dhamma.digital

झगडा गरिरहेको । मर्नुपर्छ भनेर थाहा छैन ? झगडा नगर । परस्पर गल्ती स्वीकार गरी माफी मागेर शान्त भएर मिलिजुली बस ।'

ती भिक्षुहरूले भने– 'भगवान तपाई बुद्ध हुनुहुन्छ, हामी बुद्धु हौं । हाम्रो आपसी मामिला हामी आफै मिलाउँछौं । तपाईले हस्तक्षेप गर्नुपर्दैन, जानुहोस् ।'

भगवान्र बुद्धको कुरा सुनेनन् ती भिक्षुहरूले । होश् कता हरायो, विद्वता के भयो ? त्यसैले भगवान बुद्धले भन्नुभएको हो– **सुविजानो भवं होति 'सुविजानो पराभवो** । अर्थात्: जानकारहरूको उत्थान हुन्छ र जानकारहरू पनि पतन हुन्छन् ।'

विद्वताको अहंकारले गर्दा घमण्ड चढ्यो, अहंकार बढ्यो । अहंकारले पतनतिर लाग्यो । सबै विद्वानहरू कहाँ उत्थान भएका छन् र ? उन्नति गरेका छन् र ?

भगवान बुद्धलाई झन बढी संवेग उत्पन्न भयो । 'मेरो कुरा पनि सुनेनन् । यस्ता भेंडाहरूसंग बस्नुभन्दा एकान्तमा बस्नु नै बेश । मूर्खहरूसंग बस्नुभन्दा, आफूसमान साथी नभएमा, एकान्त बस्नु बेश भनी कसैलाई थाहा नै नदिनुभई उहाँ एक्लै पारिलेय्यक वनमा जानुभयो । धेरै दिनसम्म भगवान बुद्धको अत्तोपत्तो नै भएन ।

विहारमा उपासक-उपासिकाहरू आए । भगवान बुद्धलाई खोजे नपाएपछि थाहा भयो झगडालु भिक्षुहरूको कारणले भगवान बुद्ध एकान्त बास गर्न जानुभयो । यी भिक्षुहरू झगडा गर्दा भगवान बुद्धले सम्झाउनुभयो– 'मिल्नुपर्छ, झगडा गर्नुभएन भन्नुभयो तर कुरै सुनेनन् ।' त्यसैले अब यी भिक्षुहरूलाई शिक्षा दिनुपर्छ भनी 'अबदेखि यी भिक्षुहरूलाई आदर सम्मान पनि नगर्ने, भिक्षा पनि नदिने' भनी दुबै पक्षलाई बहिष्कार गरे ।

धेरै दिनसम्म खान नपाएपछि ती भिक्षुहरूलाई बाँच्न गाऱ्हो पऱ्यो । अन्तमा दुबै समूहका भिक्षुहरू आपसमा मेल भए ।



Downloaded from http://dhamma.digital

'अब भगवान बुद्धकहाँ गएर क्षमा माग्नुपर्छ । पहिला भगवान बुद्ध आएर सम्झाउनुहुँदा पनि हाम्रो होश गुम भएर उहाँको कुरा सुनेनौं । धेरै ठूलो अपराध गऱ्यौं ।' भनी क्षमा माग्न गए ।

क्षमा माग्दा भगवान बुद्धले भन्नुभयो– 'के तिमीहरूले गल्ती महसूस गरेका हौ ?' 'हो भगवान, हामीले ठूलो भूल गऱ्यौं । जोशमा होस् गुम्यो । क्षमा दिनुहोस् । उपासक-उपासिकाहरूले हामीलाई बहिष्कार गरिदियो । आइन्दा हामी कहिले पनि झगडा गर्ने छैनौं ।'

क्षमा गर्नुभएर भगवान बुद्ध श्रावस्तीमा जेतवन विहारमा भिक्षुहरूसहित आउनुभयो । श्रावस्तीका उपासक-उपासिकाहरूले ती झगडालु भिक्षुहरूलाई देखेर विहारमा नभित्र्याउने भन्न थाले । कोशल महाराजले पनि भने, अनाथपिण्डिक महाजन, विशाखा उपासिकाले पनि भने । भगवान बुद्धले भन्नुभयो– 'त्यसो नभन । यिनीहरूले आफ्नो गल्ती स्वीकार गरिसके । आइन्दा फेरि यस्तो गल्ती गर्ने छैन ।'

यस घटनाकथामा भिक्षुहरूले पहिले झगडा गरेर पछि गल्ती महसूस गरेको छ । त्यसैले भगवान बुद्धले पनि भन्नुभएको छ । कसैले कसैलाई शुद्ध गर्न सक्दैन, शुद्ध र अशुद्ध गर्नु आफैले गनुपर्छ ।' उनीहरूले आफैंले गल्ती महसूस गर्नु, आत्मालोचना गर्नु अशल चरित्र हो ।

भगवान बुद्धको यो अनौठो विशेषता हो झगडालु भिक्षुहरूप्रति पनि मैत्री भावना राख्नुहुन्छ । मैत्री भावना गर्नु गाऱ्हो छ । म आफैलाई पनि अनुभव छ । मेरा शिष्यहरूमा झगडा हुन्छन् । ती शिष्यहरूप्रति मैत्री राख्नु खोज्छुँ तर मैत्रीभाव राख्न गाऱ्हो हुँदोरहेछ । मन कमजोर हुँदो रहेछ । यस्तो बेला भगवान बुद्धको खुब सम्झना आउँछ ।



Downloaded from http://dhamma.digital

एक हातले ताली बज्दैन, दुबै हात चाहिन्छ भनेझैं एक पक्षमात्र शान्त भएर मैत्री चित्त राखेर मात्र पुग्दैन रहेछ । दुबै पक्षमा हृदय कोमलता हुनुपर्छ, क्षमता हुनुपर्छ, आ-आफैले गल्ती महसूस गर्नुपर्छ । गल्ती स्वीकार गरेपछि मात्र शान्ति सम्भव छ अन्यथा छैन ।

जेहोस्, ती झगडालु भिक्षुहरूको अन्तमा मन बदलियो, गल्ती महसूस गरे, पश्चाताप गरी क्षमा मागे । यही नै ठूलो विशेषता हो भने बौद्ध चरित्र पनि हो ।

साधु ! साधु !! साधु !!!

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# धर्मकीर्ति प्रकाशन

## (नेपाल भाषा)


१. महासतिपट्ठान सूत्र
२. बुद्धया झिंनिगु विपाक
३. अभिधर्म (भाग-१)
४. ऋद्धि प्रातिहार्य
५. वासेट्ठी थेरी
६. य:म्ह म्हचाय्
७. पञ्चनीवरण
८. भावना
९. एकताया ता:चा
१०. प्रेमं छु ज्वी
११. त्रिरत्न गुण स्मरण
१२. बुद्ध पुजा विधि (प्र.सं.)
१३. मैत्री भावना
१४. कर्तव्य (प्र.सं.)
१५. मिखा
१६. परित्राण
१७. हृदय परिवर्तन
१८. बुद्धया अन्तिम यात्रा (भाग-१)
१९. बुद्धया अन्तिम यात्रा (भाग-२)
२०. कर्म
२१. बाखं (भाग-१)
२२. बौद्ध ध्यान (भाग-१)
२३. बोधिसत्व
२४. शाक्यमुनि बुद्ध
२५. अनत्तलक्खण सुत्त
२६. मत्ति भिंसा गति भिनि
२७. अहिंसाया विजय
२८. बाखं (भाग-३)
२९. महास्वप्न जातक (प्र.सं.)
३०. लक्ष्मी द्यो
३१. अभिधर्म (भाग-२)
३२. बाखंया फल (भाग-१)
३३. बाखंया फल (भाग-२)
३४. क्षान्ति व मैत्री
३५. प्रार्थना संग्रह
३६. बाखं (भाग-२) (द्वि.सं.)
३७. प्रौढ बौद्ध कक्षा
३८. मूर्खम्ह पासा मज्यू
३९. बुद्धया अर्थनीति
४०. श्रमण नारद
४१. उखानया बाखं पुच:
४२. पालिभाषा अवतरण (भाग-१)
४३. न्हापांयाम्ह गुरु सु ? (द्वि.सं.)
४४. पालि प्रवेश (भाग-१)
४५. पालि प्रवेश (भाग-२)
४६. चमत्कार
४७. बाखं (भाग-४)
४८. राहुल यात उपदेश
४९. अभिधर्म
(चित्तकाण्ड छगुया संक्षिप्त परिचय)
५०. मणिचूड जातक
५१. महाजनक जातक
५२. गृही विनय (तृ.सं.)
५३. चरित्र पुच: (भाग-१)
५४. बौद्ध ध्यान (भाग-२)
५५. शान्तिया त्वाथ:
५६. बुद्ध व शिक्षा (ख)
५७. विश्व धर्म प्रचार देशना (भाग-२)
५८. जातक माला (भाग-१)
५९. त्रिरत्न वन्दना व सूत्र पुच:
६०. चरित्र पुच: (भाग-२)
६१. त्रिरत्न वन्दना व पञ्चशीलया फलाफल
६२. लुम्बिनी विपस्सना
६३. विश्व धर्म प्रचार देशना (भाग-१)
६४. योगीया चिट्ठी
६५. संक्षिप्त बुद्ध जीवनी
६६. बुद्ध धर्म
६७. जातक बाखं


Downloaded from http://dhamma.digital

६८. जातक माला (भाग-२)
६९. सर्वज्ञ (भाग-१)
७०. पालि प्रवेश (भाग-१,२)
७१. किशा गौतमी
७२. जप पाठ व ध्यान
७३. तेमिय जातक
७४. त्रिरत्न गुण लुमंके ज्ञानया मिखा चायेके (प्र.सं.)
७५. धम्मपद (श्लोकवद्ध)
७६. बाखँ (भाग-५)
७७. सप्तरत्न धन
७८. सर्वज्ञ (भाग-२)
७९. दान
८०. वम्मिक सुत्त
८१. मध्यम मार्ग
८२. महासिहनाद सुत्त
८३. भिंम्ह काय् व म्हचाय्
८४. भिक्षु जीवन
८५. समथं व विपश्यना संक्षिप्त भावना विधि
८६. महानारद जातक
८७. भिंम्ह मचा
८८. विवेक बुद्धि
८९. झंग लाइम्ह लाखे
९०. बुद्धपूजा विधि (द्वि.सं.)
९१. स्वास्थ्य लाभ
९२. शिक्षा (भाग-१)
९३. शिक्षा (भाग-२)
९४. दृष्टि व तृष्णा
९५. विपश्यना ध्यान
९६. सतिपट्ठान भावना
९७. बाखँ (भाग-६)
९८. धम्मचक्कप्पवत्तन सुत्तं (द्वि.सं.)
९९. गौतम बुद्ध
१००. नेपालय् २५ दँ जिगु लुमन्ति
१०१. बुद्ध व शिक्षा (क)
१०२. शिक्षा (भाग-३)
१०३. शिक्षा (भाग-४)
१०४. महा स्वप्न जातक (द्वि.सं.)
१०५. धम्मपद ब्याख्या (भाग-१)
१०६. धम्मपदया बाखँ
१०७. अभिधर्म (भाग-२) (द्वि.सं.)
१०८. संसारया स्वापू
१०९. धम्मपद (मुल पालि सहित नेपाल भाषाय् अनुवाद) (पाँ.सं.)
११०. आदर्श बौद्ध महिलापिं
१११. बौद्ध नैतिक शिक्षा (भाग-१)
११२. वेस्सन्तर जातक
११३. निर्वाण (रचना संग्रह)
११४. त्रिरत्न गुण लुमंके ज्ञानया मिखा चायेके (द्वि.सं.)
११५. पालिभाषा अवतरण (भाग-२)
११६. दीर्घायु ज्वीमा
११७. न्हूगु त्रिरत्न वन्दना व धम्मपद
११८. मनूतय्गु पह:
११९. संस्कृति
१२०. कर्तव्य (द्वि.सं.)
१२१. विशेष म्ह मफैवले पाठ यायेगु परित्राण
१२२. बुद्धया करूणा व ब्रह्मदण्ड
१२३. विरकुशया बाखँ
१२४. त्रिरत्न वन्दना व परित्राण
१२५. धम्मचक्कप्पवत्तन सुत्त (द्वि.सं.)
१२६. पट्ठानपालि
१२७. कर्म व कर्मफल
१२८. शिक्षा (भाग-५)
१२९. धर्मया ज्ञान (भाग-२)
१३०. बौद्ध ध्यान
१३१. संक्षिप्त बुद्ध वंश (भाग-१)
१३२. संक्षिप्त बुद्ध वंश (भाग-२)
१३३. अभिधर्म द्वि.सं. (भाग-२)
१३४. अभिधर्म पालि
१३५. न्हापांयाम्ह गुरु सु ? (द्वि.सं.)
१३६. अनन्तलक्खण सूत्त (द्वि.सं.)
१३७. बुद्धपूजा, धम्मपद व ज्ञानमाला (प्र.सं.)
१३८. त्रिरत्न वन्दना व परित्राण (द्वि.सं.)
१३९. धम्मचक्कप्पवत्तन सुत्त

मुद्रक : न्यू नेपाल प्रेस, फोन: २५९०३२, ४३४८५०

Downloaded from http://dhamma.digital